सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अं… ● काठमाडौं श… ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




## फ्ल्यासब्याक २०१८

मध्यपृष्ठमा **सेजल**


HONEY & ALMONDS

PÔSHAN-WALA LOTION



JOY

beautiful by nature

आफ्नो सुन्दरतालाई
**समझदारीपूर्वक**
निखार्नुहोस्

पहिलेभन्दा दुईगुणा बढी पोषण भएको जोय हनी एण्ड आल्मण्ड्स एडभान्स नरिसिङ बडि लोसन प्रयोग गर्नुहोस्, यसमा रहेको मह र बदामले त्वचाको भित्रसम्म पुगेर पोषण दिई मोइस्चर प्रदान गर्छ। समझदार बनेर आफ्नो त्वचालाई प्राकृतिक पोषण मात्र हैन स्वस्थपूर्ण निखार पनि दिनुहोस्।





www.joypersonalcare.com | joybeautifulbynature



# टेरो कार्ड अनुसार सन् २०१९ को राशिफल

## मेष



**कार्यक्षेत्र** : यो वर्ष केही चकित पार्ने घटनाले प्राथमिकता पाउनेछ। राम्रा-नराम्रा दुवै किसिमका समाचारको सम्मिश्रण रहनेछ, जसले तपाईंलाई केही सिक्न प्रेरित गर्नेछ। कार्यालयमा देखाउने ऊर्जा र संकल्पले तपाईंलाई सबैको आँखामा राख्नेछन्।

**प्रेम** : प्रेम सम्बन्धलाई अझ रमाइलो र बलियो बनाउन आफ्नो बानी व्यवहारमा परिवर्तन ल्याउनु पर्नेछ। तपाईंको स्वभावले विपरीत लिंगीलाई आकर्षित गर्नेछ।

**स्वास्थ्य** : स्वास्थ्य अनुकूल राख्न आफ्नो जीवनशैलीमा केही परिवर्तन ल्याउनुहोला। मनलाई तनावरहित राख्न सक्नुभयो भने धेरै किसिमका स्वास्थ्य समस्याबाट छुटकारा पाउनु हुनेछ।

## वृष




**कार्यक्षेत्र** : वर्ष रोमान्चकारी रहनेछ। तपाईंको कठोर मेहनतको प्रतिफल प्राप्त हुने समय आएको छ। यही बेला आफ्नो भविष्यको खाका कोर्नुभयो भने त्यसमा केही हदसम्म सफलता प्राप्त हुने देखिन्छ।

**प्रेम** : दाम्पत्य जीवनमा व्यवसायको छायाँ पर्न नदिनु होला। आफ्ना निजी क्षणहरूमा कार्यक्षेत्रसँग सम्बन्धित कुरा नगर्नु नै बुद्धिमानी हुनेछ। प्रेम जीवनलाई रमाइलो बनाउन ख्याल ठट्टामा जोड दिनु होला।

**स्वास्थ्य** : कार्यक्षेत्रको बोझले शरीरमा प्रतिकूल प्रभाव पार्ने सम्भावना छ। काममा निस्कनुअघि आफ्नो शरीरको विशेष ख्याल गर्नुहोला। खासगरी पानी परेको समयमा सचेत रहनु पर्नेछ।

## मिथुन



**कार्यक्षेत्र** : वर्षभरि नै एकपछि अर्को गर्दै सकारात्मक तथा नकारात्मक परिणामहरूले पछ्याइरहने छन्। कुनै खबरले सुख दिनेछन् भने कुनै खबरले चिन्तित बनाउने छन्। कार्यक्षेत्रको कतिपय तनावले व्यक्तिगत जीवनमा समेत हस्तक्षेप गर्ने सम्भावना छ।

**प्रेम** : अविवाहित हुनुहुन्छ भने प्रेम प्रस्ताव राख्ने समय आएको छ। विवाहित हुनुहुन्छ भने सन्तान सुखको समाचार प्राप्त हुने देखिन्छ।

**स्वास्थ्य** : यो वर्ष केही शारीरिक समस्याको सामना गर्नुपर्ला। त्यसबाट जोगिन सन्तुलित आहार एवं व्यायाममा जोड दिनुहोला। दीर्घरोगी हुनुहुन्छ भने चिकित्सकको सल्लाहलाई निरन्तर पछ्याउनु पर्नेछ।

## कर्कट




**कार्यक्षेत्र** : सिर्जनशीलताले भरिपूर्ण वर्ष छ। कार्यक्षेत्रमा पदोन्नति तथा व्यापार विस्तार हुने तथा नयाँ क्षेत्रमा लगानी गर्ने अवसर प्राप्त हुनेछ। सानो गल्ती पनि अक्षम्य हुन सक्छ, तसर्थ कार्यक्षेत्रमा बोली एवं व्यवहारमा नियन्त्रण राख्नुहोला।

**प्रेम** : दाम्पत्य जीवनमा अनपेक्षित खुसी फक्रनेछ। पहिलो तथा अन्तिम ३ महिना प्रेममय रहनेछ। उक्त समयमा जीवनसाथी वा प्रेमी-प्रेमिकासँगको सम्बन्ध अनुकूल रहला।

**स्वास्थ्य** : स्वास्थ्यको दृष्टिले वर्ष मध्यम रहनेछ। आमा वा श्रीमतीको स्वास्थ्य बिग्रिएर तनाव सिर्जना हुनसक्छ। तनावका बेला असंयमित हुन पुग्नुभयो भने स्वयं तपाईंको स्वास्थ्य संकटमा पर्न सक्छ।

## सिंह



**कार्यक्षेत्र** : भविष्यका योजनाहरूका लागि स्पिड गियरमा जाने समय आएको छ। योजनाअनुसारको मेहनतले सफलता प्रदान गर्नेछ। त्यस्तो सफलताले तपाईंलाई आत्मविश्वासले भरिपूर्ण बनाउनेछ, जसले कर्मक्षेत्रमा अपराजित रहनसमेत सघाउनेछ।

**प्रेम** : प्रेम जीवन न्यानो एवं सौहार्दपूर्ण रहनेछ। विवाहित हुनुहुन्छ भने श्रीमती तथा छोराछोरीको मायाले ऊर्जावान् राख्नेछ। अविवाहित हुनुहुन्छ भने प्रेमी-प्रेमिकाको न्यानो आतिथ्य अर्थपूर्ण रहनेछ।

**स्वास्थ्य** : बढ्दो खर्चले तनाव दिनेछ। त्यस्तो तनावले खासगरी रक्तचाप बढाउन सक्छ। तनावका बेला शान्त रहनु र कसैसँग कुनै पनि किसिमको वादविवाद नगर्नु मै तपाईंको हित छ।

## कन्या




**कार्यक्षेत्र** : यो वर्ष कर्मक्षेत्रमा बेहोर्नुपर्ने खराब तथा असल अनुभवले धेरै कुरा सिकाउनेछ। खासगरी तपाईंको लगनशीलताले भविष्यका लागि सकारात्मक संकेत दिनेछ। हुनसक्छ, तपाईंको मेहनतले पदोन्नतिको आधार तयार गर्नेछ।

**प्रेम** : रिस तथा आवेगमा नियन्त्रण आवश्यक छ अन्यथा जीवनसाथीसँगको खटपटले प्रेमजीवन तनावपूर्ण हुनसक्छ। अविवाहित हुनुहुन्छ भने विपरीतलिंगीको प्रतिकूल व्यवहारलाई पनि पचाउन सक्नुपर्नेछ।

**स्वास्थ्य** : रिस तपाईंको शत्रु हो। मनलाई नियन्त्रण राख्ने प्रयास गर्नुहोला। दुर्घटनामा परिने योग भएकाले आवेगमा रहेका बेला सवारी साधन नचलाएकै वेश हुन्छ।

## तुला



कार्यक्षेत्र : जीवनका अत्यन्त जरुरी आवश्यकताहरूको जोहो गर्न कार्यक्षेत्रमा बढी मेहनत गर्नुपर्नेछ। भविष्य सुरक्षित तुल्याउन यो वर्ष गरिएको लगानी फलदायी हुनेछ। कार्यक्षेत्रमा आफूभन्दा माथिका हाकिमलाई सम्भव भएसम्म नचिढाउनुहोला।

प्रेम : तपाईंको अति विश्वासले प्रेमी-प्रेमिकालाई चिढाउन सक्छ। त्यसैले प्रेमिल क्षणहरूमा सुपरस्टार बन्ने प्रयास नगर्नुहोला।

स्वास्थ्य : केही शारीरिक पीडाले मानसिक तनाव दिनेछ। औषधी खाने विषयमा हेल्वेक्र्याइँ गर्दा त्यसको नकारात्मक प्रभाव शरीरमा देखापर्न सक्छ। सम्भव भएसम्म चिकित्सकको सल्लाहलाई पछ्याउनुहोला।

## वृश्चिक



**कार्यक्षेत्र** : अति विश्वासले तपाईंसमक्ष तेर्सिएको चुनौतीको पहाडलाई दुर्गम्य बनाउनेछ। कर्मक्षेत्रमा वरिष्ठ अधिकारीहरूको कोपभाजनको सिकार बन्नुपर्ने हुनसक्छ। यस्तो स्थितिले उकालो लाग्न थालेको तपाईंको करियरमा अवरोध सिर्जना गर्नेछ।

**प्रेम** : तपाई जसका बारेमा सोच्नुहुन्छ उनीहरूले तपाईंका बारेमा कुनै पनि कुरा सोच्ने छैनन्। अर्को अर्थमा तपाई एकतर्फी प्रेममा हुनुहुन्छ। यस्तो स्थितिले तपाईंको कर्मक्षेत्रलाई समेत प्रभावित तुल्याउनेछ।

**स्वास्थ्य** : शारीरिक व्यायाममा देखिएको अनियमितता खतरनाक साबित हुनसक्छ। दक्ष ट्रेनरसँग व्यायाम प्रशिक्षण लिनुहोला।

## धनु



**कार्यक्षेत्र** : कर्मक्षेत्रमा अहिले तपाई निर्णयकर्ताको स्थितिमा हुनुहुन्छ। तपाईंको निर्णय हाकिमहरूका लागि अकाट्य तथा कनिष्ठहरूका लागि अनुकरणीय हुनेछ।

**प्रेम** : प्रेम जीवनमा रोमान्चकता ल्याउन विपरीतलिंगीसँगको तपाईंको व्यवहार निर्णायक हुनेछ। प्रेमपूर्ण क्षणहरूमा तपाईंको अग्रसरता अर्को पक्षका लागि जुनसुकै अवस्थामा पनि स्वीकार्य हुनेछ।

**स्वास्थ्य** : शान्त पारिवारिक वातावरणमा रमाउन सिक्नु होला। परिवारका सदस्यहरूको कुरा मनन गर्नु तपाईंकै हितमा हुनेछ। योग तथा ध्यानले स्वस्थ राख्न सघाउनेछ। कामको बोझ घरमा नल्याउनु होला।

## मकर



**कार्यक्षेत्र** : उत्साहपूर्ण समय छ। यो वर्ष तपाईंका धेरै योजना पूरा हुनेछन्। कार्यालयमा हाकिम र कनिष्ठ दुवैले तपाईंको कठोर मेहनतको प्रतिफल दिने विषयमा सोच्नेछन्। तपाईंको कामले सहकर्मीहरूसमेत उत्साही हुनेछन्।

**प्रेम** : विवाहित हुनुहुन्छ भने सन्तान सुखको अवसर आएको छ। अविवाहित हुनुहुन्छ भने तपाईंका अभिभावकले तपाईंको विवाहको तयारी गर्नेछन्। प्रेममा रहेकाहरूको हकमा भने अझै केही समय कुर्नुपर्ने देखिन्छ।

**स्वास्थ्य** : श्वास-प्रश्वाससम्बन्धी समस्याले सताउन सक्छ। दमको संकेत नभए पनि रुघाखोकीले वर्षैभरि दुःख दिनेछ। खासगरी मौसम परिवर्तन हुने बेला स्वास्थ्यको ख्याल राख्नुहोला।

## कुम्भ



**कार्यक्षेत्र** : कर्मक्षेत्रमा गर्नुपर्ने हरेक निर्णयअघि राम्रोसँग सोचविचार गर्नुहोला। कठोर मेहनत एवं लगनशीलताले व्यवसायिक एवं निजी जीवनमा राम्रा समाचार ल्याउनेछ।

**प्रेम** : वैवाहिक जीवन प्रेम र स्नेहले भरिपूर्ण रहनेछ। वर्षको पहिलो दुई महिना श्रीमती वा प्रेमिकासँग सामान्य खटपट भए पनि बाँकी समय प्रेमपूर्ण रहनेछ। अविवाहितहरूले एकअर्काको केयर गर्न सक्नुपर्छ।

**स्वास्थ्य** : लामो समयदेखि दुःख दिइरहेको पेट वा ग्यास्टिकसँग सम्बन्धित रोगबाट छुटकारा प्राप्त गर्न सकिनेछ। तैपनि रोगलाई बल्झन नदिन वर्षैभरि सतर्कता अपनाउनुहोला।

## मीन



**कार्यक्षेत्र** : कर्मक्षेत्रमा उतारचढाव सामना गर्नुपर्नेछ। यद्यपि तपाईंको व्यस्तता र सक्रियताको प्रशंसा हुनेछ। खासगरी निकट सहयोगीहरूले तपाईंलाई निरन्तर प्रेरित गरिरहनेछन्।

**प्रेम** : तपाईंको माया चाहने पक्षले तपाईंको निकटता प्राप्त गर्न तपाईंकै परिवारको कुनै सदस्यको सहारा लिनेछन्। यदि विवाहित हुनुहुन्छ भने आफूले अपेक्षा जस्तै खुसी प्राप्त गर्ने बाटो खुल्नेछ।

**स्वास्थ्य** : कार्यक्षेत्रमा बढी खटिनुपर्दा स्वास्थ्यमा प्रतिकूल प्रभाव देखिनेछ। यस्तो स्थितिलाई नियन्त्रण गर्न कामसँगै आरामलाई पनि प्राथमिकता दिनुपर्नेछ। दिनहुँ व्यायाम गर्न नभुल्नुहोला।

# दूरगामी प्रभाव पार्ने वर्षका घटनाहरू

सन् २०१८ मा विश्वमा धेरै घटनाले चर्चा पाए । तीमध्ये केही घटनाले संसार नै हल्लाए भने तीमध्ये केही घटनाले विश्वमा त्राससमेत उत्पन्न गराए । केही घटनाले चाहिँ विश्व परिवेश एवं राजनीतिमा परिवर्तन ल्याउने संकेत गरे ।



## संकटमा फेसबुक

अमेरिकी राष्ट्रपति चुनावताका ट्रम्पको सहयोगका लागि निर्मित 'क्याम्ब्रिज एनालिटिका' नामक डाटा फर्मले फेसबुक प्रयोगकर्ताको प्रोफाइल अवैधानिक रूपमा प्रयोग गरी चुनावमा हस्तक्षेप गरेको अरोप लागेपछि फेसबुकले ठूलो कानुनी संकट सामना गर्नुपर्‍यो । यो विषयमा आधिकारिक धारणा दिन संस्थापक मार्क जुकरवर्ग स्वयं अमेरिकी संसद्मा उपस्थित हुनुपरेको थियो । अमेरिकामा मात्र नभएर अहिले विश्वभर फेसबुक सुरक्षित नभएको भन्दै आलोचना भैरहेको छ ।

## ट्रम्प-किम वार्ता

कट्टर शत्रु भनिएका अमेरिका तथा उत्तर कोरियाका राष्ट्रप्रमुखको भेटवार्ताले यो वर्ष संसारलाई चकित मात्र तुल्याएन, अन्तर्राष्ट्रिय राजनीतिलाई नै १ सय ८० डिग्रीमा घुमाएको विश्लेषण गरिएको छ । १२ जुन २०१८ मा सिंगापुरमा भएको ५० मिनेट लामो उक्त ऐतिहासिक भेटवार्तालाई राजनैतिक विश्लेषकहरूले तेस्रो विश्वयुद्ध रोकिएर विश्व शान्तिको बाटोमा अग्रसर भएको विश्लेषण गरेका छन् ।

## सेनामा समलैंगिक

अमेरिकाका पूर्व राष्ट्रपति बाराक ओबामाले आठ वर्षअघि समलैंगिक अधिकारलाई मन्जुरी दिएका थिए । उनको कार्यकालमा कानुनी प्रक्रिया पूरा नभएको यो विषयले २२ डिसेम्बर २०१८ का दिन कानुनी मान्यता पाएको छ । यो कानुनी अड्चन अन्त्य भएसँगै अब अमेरिकी सेनामा समलैंगिकहरूले समेत प्रवेश पाउनेछन् ।

## इरानमा अमेरिकी प्रतिबन्ध

अमेरिकाले नोभेम्बर, २०१८ मा इरानमाथि अर्थिक प्रतिबन्ध लगाएपछि दुई देशबीचको लामो समयदेखिको अविश्वासको खाडल अझ बढेको छ । २०१५ मा सुरक्षा परिषद्का सदस्य राष्ट्रसहित इरान सम्मिलित बैठकले परमाणु सम्झौता गरेको थियो । ८ मे २०१८ मा अमेरिकाले उक्त सम्झौताबाट अलग भएको घोषणा गरेको थियो ।



## फ्रान्समा आन्दोलन

इन्धनमाथि लादै आएको कर बढेपछि फ्रान्समा आन्दोलन चर्किएको थियो । आन्दोलनले उग्र रूप लिएको भन्दै राष्ट्रपति इम्यानुएल म्याक्रोन त्यहाँ संकटकाल लागू गर्नेसम्म स्थितिमा पुगेका थिए । फ्रान्स सरकारले इन्धनमाथिको करवृद्धि फिर्ता लिएसँगै उक्त आन्दोलन मत्थर भएको थियो ।

## अमेरिकी सेना फिर्ता

ट्रम्प प्रशासनले अफगानिस्तानमा तैनाथ सेना फिर्ता गर्ने निर्णय गर्‍यो । ११ सेप्टेम्बर २००१ मा अमेरिकामा भएको ट्विन टावर आक्रमणपछि अफगानस्तानमा सेना परिचालन गरिएको थियो । त्यसैगरी सिरिया र वरपरका क्षेत्रमा सक्रिय इस्लामिक स्टेट समूह (आईएस) पराजित भएको भन्दै त्यहाँ खटाइएका अमेरिकी फौज पनि फिर्ता हुने भएका छन्, तर यो विषयमा बेलायत, फ्रान्सजस्ता अमेरिकाका सामरिक साझेदारहरू असहमत छन् । ट्रम्पको यही घोषणाका कारण अमेरिकी रक्षामन्त्रीले राजीनामा समेत दिएका छन् ।

## अमेरिका चीन व्यापार युद्ध

विश्वका दुई ठूला अर्थतन्त्रले एक-अर्काको देशबाट आयात गरिने सामानमा भन्सार शुल्क बढाएपछि त्यसले विश्व अर्थतन्त्रलाई नै असर पुर्‍याउने अनुमान गरिएको थियो । अमेरिकाले चिनबाट आयात हुने स्टिल तथा आल्मुनियममा आयात शुल्क बढाएको थियो । त्यसको जवाफमा चीन सरकारले अमेरिकाबाट आयात गरिने १ सय २८ वटा वस्तु एवं सामानमा २५ प्रतिशतसम्म भन्सार शुल्क बढाउने निर्णय गरेको थियो ।

## संसदविरुद्ध अमेरिकी सरकार

अमेरिकी संसद्मा सरकारी खर्चसम्बन्धी विधयेक पारित नभएपछि संघीय निकायहरू खर्चविहीन भएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले मेक्सिकोको सिमानामा पर्खाल लगाउने आफ्नो योजनामा डेमोक्र्याटिक पार्टीले समर्थन नगरे लामो समयसम्म सरकार बन्द हुने चेतावनी दिएपछि यस्तो अवस्था सिर्जना भएको हो । ट्रम्पको प्रस्ताव अमेरिकी प्रतिनिधिसभाबाट पारित भैसकेको छ, तर विपक्षी दलले कडा आलोचना गरेका कारण माथिल्लो सदनबाट पारित हुने सम्भावना कम छ ।

## श्रीलंकामा राजनैतिक संकट

श्रीलंकाली राष्ट्रपति मैत्रीपाला सिरिसेनाले प्रधानमन्त्री रनिल विक्रमासिंगेलाई बर्खास्त गरी पूर्व राष्ट्रपति महिन्द्रा राजपक्षेलाई प्रधानमन्त्री नियुक्ति गरेपछि त्यहाँ राजनैतिक संकट चुलिएको थियो । संसद्समेत विगठन गरेका राष्ट्रपतिले राष्ट्रिय/अन्तर्राष्ट्रिय दबाब खेप्न नसकेपछि वर्षको अन्त्यमा संसद् पुनर्स्थापना गरे । श्रीलंकाली संसद्को २ सय २५ सिटमध्ये विक्रमासिंगेको पक्षमा ९९ सांसद थिए भने थप २२ ले पनि उनलाई समर्थन गर्ने बताएका थिए ।

युवा मन

# छोरालाई पत्र



सुविन भट्टराई

प्रिय छोरा,

बूढो हुँदै गएपछि स्मरण शक्ति पनि कमजोर होला भन्ने लागेर केही कुरा तिमीलाई अहिल्यै यही पत्रमा भन्न मन लाग्यो । लाग्यो, भोलिपर्सी तिमीमा सुन्ने धैर्य नहोला, मसित भन्ने हिम्मत नहोला ।

तिम्री मामुले अनेक पीडा र दुःखपश्चात् तिमीलाई यो धरतीमा ल्याइन् । तिम्रो आगमन हुँदा, तिमीलाई अस्पतालको बेडमा पहिलो पटक देख्दा, मेरो एक जुनी आयु थपिएको महसुस गरेको थिएँ । खल्लो-खल्लो हाम्रो जीवनमा भर्खरै मासुको चिटिक्क डल्लो बनेर आएका तिमीलाई जब हामीले हाम्रा हत्केलामा सरक्क उठायौं, हामीले खुसीको उपल्लो तहमा पुगेको अनुभूति गर्‍यौं । अनेक संघर्ष, रुवाबासी, चिन्ता र हस्पिटलमा पनि एनआईसियूको पट्यारलाग्दो बसाइपश्चात् तिमी मेरो हत्केलामा अडिन आइपुग्दा खुसीले मेरो आँसु आँखामा अडिन मानेका थिएनन् ।

तिमीले मलाई पिता बन्ने सौभाग्य दिलायौ । के तिमी यो बुझ्छौ कि म तिम्रो कलिलो हात समातेर पिता हुनुको गर्वले छाती फुलाउँछु ? भित्रभित्रै गद्गद् भएर बसेको हुन्छु । तिमी ब्यूँझिएका बेला तिमीसित खेल्दै, जिस्किदै म लठ्ठ हुन्छु । तिमी निदाएका बेला ब्यूँझिएर पनि तिमीलाई नै सम्झेर बसेको हुन्छु ।

तिम्रो र मेरो फोटो फेसबुक र इन्स्टाग्राममा हालेर दुनियाँले वाक्क मानुन्जेल देखाइरहेको हुन्छु ।

प्यारो छोरा, भविष्यमा पनि सायद, तिमी पहिलो पटक उभिएको, पहिलो पटक हिँडेको, तिम्रा हरेक बर्थडेको फोटो अरूलाई वाक्क लाग्ने गरी पोष्ट गरुँला । तिम्रो न्वारन, पास्नी, बर्थडे अनि व्रतबन्धमा सयौं मानिस बोलाएर लाखौं खर्च गर्दै तिमीलाई करोडौंको खुसीदिने प्रयास गरौंला र एक दिन तिम्रो विवाह पनि धूमधामसित गरौंला ।

तिमीलाई यो संसार चिनाउन तिम्री मामु र म खुब जोड तोडले लाग्नेछौं, तर तिमी यो संसारलाई आफ्नै हिसाबबाट बुझ्न चाहनेछौ । तिम्रा कलिला छालाबाट बिस्तारै कलिलोपन हराउँदै जाला । हिँड्न थालेपछि तिम्रा पाइलाहरू बहकिनेछन् । पिताका औंलाबाट हाफ्नो हात छुटाएर तिमी आफूले रोजेको दिशामा हिँड्न मन पराउनेछौ । मामुले सम्हालेर राखेको काखमा बस्ने धैर्य तिमीलाई नभइरहला ।

तिमीलाई सही र गलतको फरक हामी तिमीलाई बिहान उठेदेखि राती सुत्ने बेलासम्म रटाउन खोज्नेछौं, तर सही चिज र गलत चिजको व्याख्या तिमी सायद आफ्नै हिसाबले गर्नेछौ । हामीलाई सही लागेका चिज सायद तिमीलाई गलत लाग्न सक्छ र हामीलाई गलत लागेका चिजहरू नै तिमीलाई सही लाग्न सक्छन् ।

जिन्दगीको कुनै मोडमा तिमी आफ्नो निर्णय आफैं लिन सक्ने हुनेछौ, तर पनि हामी तिमीलाई बच्चा र कच्चा नै मान्नेछौं । तिमी जतिसुकै बलियो भए पनि हामीलाई तिमी कमजोर नै लाग्नेछौ । तिमी जतिसुकै बुद्धिमान भए पनि हामीलाई तिमी आलोकाँचो नै लाग्नेछौ । त्यसैले तिम्रा निर्णयहरूप्रति हामी शंका गरौंला । तिम्रो गति देखेर हामीलाई तिमी लड्ने हौ कि भनेर डर लाग्ला ।

तिमीले आफूलाई मन लागेको विषय आफैं पढौला । आफूलाई मन परेकी केटीसँगै विवाह गरौला । हामीले नजाऊ भनेका ठाउँमा तिमीलाई नगइनहुने होला । यी सबमा हामी छोराको खुसीमा हाम्रो खुसी भन्दै तिम्रै पक्षमा हुनेछौं । पखेटा बलिया भएपछि तिमीलाई उड्न मन लाग्नेछ । तिम्रा मातापिताले बनाएको घर तिमीलाई सानो लाग्नेछ । तिमी खेलेको, हुर्किएको आँगन तिमीलाई बिरानो लाग्नेछ अनि तिमी हाम्रो घर-आँगन छाडेर अलिक फराकिलो र ठूलो ठाउँ खोज्दै जाऔला ।

प्रिय छोरा, हामी त तिम्रा मातापिता । तिमीलाई ठेस लाग्दा सबैभन्दा धेरै हामीलाई दुख्छ । तिमी कुनै एक्जाममा फेल भए हामी आफ्नो मेहनतमा शंका गर्छौं । तिमी घर छिर्दा तिम्रो मुखबाट रक्सी वा चुरोटको गन्ध आउँदा सहन नसकेर दुई थप्पड हान्यौं भने, बुझ्नु त्यो थप्पड हामीले तिमीलाई होइन, आफैंलाई हानेका हौं । हाम्रै कमजोरीलाई हानेका हौं ।


त्यो रिस तिमीप्रति भएको असीम प्रेम हुनेछ, तर तिमीले त्यो प्रेमलाई प्रेम नबुझेर घृणा बुझ्ने भूल नगर । तिमी घर ढिला आउँदा हाम्रो मनमा डर र शंकाका किला गाढिन्छन् । तिमी चार दिन घुम्न हिँड्दा के खायौ र कहाँ सुत्यौ भन्ने कुराले हाम्रो निद्रा बिच्किन्छ । त्यति बेला हाम्रो प्रेम र तिम्रो बुझाइको बेमेलले गर्दा तनाव उत्पन्न हुन सक्छ । हामीले तिमीलाई बुझ्न नसके तिमीले बुझाउने कोसिस गर्नु । हामीले तिमीलाई बुझ्न नसके सक्दो बुझाउने प्रयास गर्नेछौं ।

जुन कुरा मैले आफू छोरा हुँदा कहिल्यै बुझिनँ, यही कुरा म पिता भएर तिमीलाई भन्नेछु । मेरो प्रिय छोरा, मानिस आफू छोरा हुँदा मातापिताले कुन हदसम्मको प्रेम गर्छन् कहिल्यै बुझ्न सक्दैन । किनभने मातापिताको आफूप्रतिको प्रेम बुझ्नलाई आफू पनि मातापिता नै हुनुपर्ने रहेछ ।

**तिमीलाई सबैभन्दा धेरै माया गर्ने**

**तिम्रो बाबा**

यात्रा सन्दर्भ



किशोर नेपाल

# कफी गुरु अर्जुन चौहान

कफी गुरु' अर्जुन चौहानलाई थाहा छ– मानिसले सिक्नुपर्छ । सिक्न अल्छी गर्नु हुँदैन । उनले अल्छी गरेको भए अहिलेसम्म पनि रेस्टरुमको अर्थ आरामगृह नै लगाइरहेका हुन्थे कि ? भन्न सकिन्न । भएछ के भने उनी कुनै कामले एउटा स्तरीय रेस्टुराँमा पुगेका थिए । त्यहाँ उनलाई च्याप्यो सूसूले । ट्वाइलेट खोजे । एउटा केटाले हातले देखाइदियो, 'उ त्यहाँ ।' त्यहाँ पुगेर उनले देखे, त्यसमा त रेस्टरुम पो लेखिएको छ । मानिसले आराम गर्ने ठाउँमा सूसू गर्ने ? पछि उनले थाहा पाए, सभ्य भाषामा सूसू गर्ने ठाउँलाई पो भन्दा रहेछन् रेस्टरुम । सूसूका लागि ठाउँ नपाएर आत्तिएको मानिस रेस्टरुममा पुगेर आनन्द प्राप्त गर्छन् ।

यो रमाइलो प्रसंगपछि उनी भन्छन्– मानिसले संसारमा जुनसुकै परिकार वा पेयपदार्थको स्वाद पहिले जिब्रोले लिन्छ, त्यसपछि आँखाले लिन्छ र अहिलेको युगमा स्वाद लिन पनि सजिलो भएको छ– त्यस्तो स्वाद क्यामेराको लेन्सले लिन्छ ।

अक्सर बरिष्टाहरू किन बनाइन्छ कफीको फिँजमाथि फूलको आकृति ? यस्तो आकृतिले स्वाद सिर्जना गर्छ । अक्सर बरिष्टाहरू क्याप्पचिनो, लट्टेलगायतका मिठासपूर्ण कफीको कपमा पानको पात बनाउँछन् । पानको पात बनाउँदा कफीको स्वाद पनि खस्किँदैन । जे सजिलो हुन्छ, जे स्वादिलो लाग्छ, त्यही बनाउने हो । कमल र गुलाफको फूल पनि बनाउन सकिन्छ । यस्तो फूल क्याप्पचिनो र लट्टेको सतहमा मात्र बन्छ ।

(२०४७ सालमा रामेछापको पुलासी गाउँपालिकामा जन्मिएका अर्जुन कसरी भए त कफी गुरु ? मान्छे बन्न पनि बेर लाग्दैन । बिग्रिन त झन टाइम लाग्दै लाग्दैन । पिताजी नेपाली सेनामा, दाजुहरू नेपाली सेनामा, एक्ला अर्जुन कसरी लागे त कफीमा ? पिताजी अर्जुनलाई पढाउन चाहन्थे । बच्चैदेखि चलाख र जेहेन्दार अर्जुन पनि पढ्न चाहन्थे । उनलाई पिताजीले पढाइ खर्च दिने बताएका थिए, तर अर्जुन सरासर काठमाडौं आएर काम खोज्न थाले । उनका भिनाजु काम गर्थे जाभा कफीमा । उनी त्यही वेटरको काम गर्न थाले । साला-भिनाजु दुवैले घरमा नभन्ने सल्लाह गरे । अर्जुनको भाग्यको ढोका खुलिसकेको थियो । जाफा कफीको वातावरणले पनि उनलाई उत्साहित तुल्यायो । उनी अभिन्न बने अभि सुवेदी सरहरूको । संगतले प्रेरित गर्‍यो उनको जीवनलाई ।)

कफी डेकोरेसनको चर्चापछि अर्जुन बताउँछन्– कफी दुई प्रकारका हुन्छन्, क्लासिक र मोडिफाइड । क्लासिक कफीमा एक्सप्रेसो, डोप्पियो, लुंगो, अमेरिकानो पर्छन् भने मोडिफाइड वर्गमा पर्छन् क्रिमलगायत चकलेटको मिश्रणसहित बनाइएका कफीहरू । नयाँ पुस्ताका साथीहरू यस्तै कफी रुचाउँछन् ।

सुरु-सुरुमा जाभा कफी हाउसमा दुई जना बरिष्टाले दिनहुँ १५ सयजति ग्राहकलाई कफी पिलाउँथे । तालिमप्राप्त बरिष्टा थिएनन् । क्याप्पचिनो कफी बन्थ्यो, तर जति फिंज आयो त्यति राम्रो क्याप्पचिनो कफी मानिन्थ्यो ।



तस्बिर : नवराज बाग्ले

अर्जुन भन्छन्, 'त्यो समय चुनौतीको थियो । हाम्रा क्याप्टेन थिए गगन प्रधान । उनैको हौसला र प्रेरणामा मैले बरिष्टा तालिम लिएँ । म जाभाको पहिलो ब्याचको बरिष्टा हुँ भन्दा गर्व लाग्छ ।' उनी काममा गम्भीर थिए । गगनको आँखाले अर्जुनमा रहेका सम्भावनाहरू पत्ता लगाइहाल्यो । प्लस टु सकेर अर्जुन कफी अध्ययन र तालिमका लागि अमेरिकाको स्पेसियालिटी कफी एसोसिएसनमा पुगे । सन् २०११ र २०१३ गरेर अठार महिना बिताए अमेरिकामा ।

अमेरिकामा अर्जुनले नेपाली कफीको बजार प्रवर्द्धनको कामसमेत गरे । स्वादका हिसाबले नेपाली कफी दुनियाँका दस स्वादिला कफीमा पर्छ । अर्जुनको अनुभवमा 'कफीको बजार अमेरिकामा छ । स्कोपचाहीं नेपालमै छ । यो स्कोपको उपयोग त्यतिबेला हुन्छ जब नेपालीले नाफा-नोक्सानको क्यालकुलेटर चलाउन छाड्छन् । व्यापारमा रिस्क हुन्छ । केही दिनअघि एउटा अनलाइनले लेखेछ, कफी बेचेर करोडपति । अहिले त मसँग लाख रुपैयाँ पनि नहोला । भविष्यमा करोडपति होइन, अरबपति बन्ने हिम्मत दिएको छ कफीले ।'

अर्जुन भन्छन्, 'हो त । आशालाग्दो हिसाबले गति बढाउँदैछ कफी संस्कृतिले । त्यो संस्कृतिले स्थायित्व पाइसकेको छैन । परिवर्तन भएको छ । हिजोसम्म बत्तीसपुतलीको मानिस कफी पिउनैका लागि ट्याक्सी चढेर ठमेल पुग्नुपर्थ्यो । हामीले यहाँ हाइल्यान्ड बिन्स खोल्यौं । अब जाभा पनि यहीं नजिक आउँदैछ । कफी भनेको हातको सीपले तयार हुने स्वाद हो । हामी प्रतिस्पर्धासँग खुसी छौं । यो प्रतिस्पर्धा कफीको स्वादका बीच हुने हो । जाभा कफीको स्वादको विकल्पमा अरू स्वादको पनि पहिचान हुनेछ । यो राम्रो संकेत हो । काठमाडौंमा अहिले १ हजारभन्दा बढी एक्सप्रेसो मसिन छन् भने ५ वटा बरिष्टा स्कुल छन् ।'

## प्रतिक्रिया




मानिसले सहज व्यक्त गर्न नसकेको तर सबैलाई आवश्यक पर्ने (हनिमुन रोमाञ्च) हनिमुनका विषयमा विशेष सामग्री गज्जबको लाग्यो । नवविवाहित दम्पती मात्र नभएर सबै दम्पतीले समय मिलाएर वर्ष-दुई वर्षमा हनिमुन जानुपर्छ भन्ने कुरा एकदमै मनासिब छ ।

**गौरव हमाल**

उपयुक्त समयमा (हनिमुन रोमाञ्च) सही विषय प्रस्तुत भएको छ । चर्चित व्यक्तिहरूको हनिमुन रमाइलो लाग्यो । हनिमुन जाने जोडीमा सिर्जना हुन सक्ने समस्या केलाएर समाधानको उपायसमेत दिएकाले धेरै मानिस यसबाट लाभान्वित हुन सक्छन् । हनिमुन किन जाने तथा यसले दाम्पत्य जिवनमा पार्ने असरलाई राम्रोसँग केलाइएको छ । हनिमुन जानुअघिको तयारीसम्बन्धी जानकारी पनि उपयोगी लाग्यो ।

**विपिन पौडेल**

सेतो लुगा लगाउँदैमा भगवान् हुने भए मरेका मान्छे सबै देउता हुन्थे । (गड ब्लेस यू कि ठग ब्लेस यू) यिनीहरू भगवान होइन, ठग हुन् ।

**एसएल शेर्पा**

सेवामा आस्था हुँदैन, स्वार्थ हुँदैन, जात, धर्म र वर्ग हुँदैन । (कस्तो हुँदैछ किसमस ?) हुन्छ त केवल मानवीयता, समवेदना अनि हार्दिकता । यहाँ त सेवाको नाम दिएर बाइबल भिराउने तथा धर्म परिवर्तन गराउने काम गरिन्छ । यसलाई सेवा होइन, धर्मको व्यापार भनिन्छ ।

**एकल यात्री**

विपिनले आफूलाई अब्बल कलाकार भएको प्रमाणित गरेका छन् । ( खुट्टा भाँचिएका विपिन हलमा) धेरै लामो समयपछि प्रसादमार्फत उनको जीवन्त अभिनय हेर्न पाइयो ।

**झिल्के लिम्बू**

यो साप्ताहिकले पनि के-के सिकाउँछ, सिकाउँछ ? (बार टेन्डरको बढ्दो माग) अलि राम्रा-राम्रा कुरा सिकाए पो हुने ? नेपालीलाई रक्सी कसरी बनाउने भनेर पनि सिकाइरहनुपर्छ ?

**रमेश कार्की**

शक्ति गौचन (रोकिनै छैनन् शक्ति) नेपाली क्रिकेटका धरोहर हुन् । १६ वर्ष लगातार खेलमा समर्पित हुन सक्नु नै उनको महानता हो । उनको स्थान अब कुनै पनि नेपाली क्रिकेटरले लिन सक्दैनन् । राज्यले व्यवसायिक भैनसकेको क्रिकेटका लागि उनले गरेको मेहनतको कदर गर्नैपर्छ ।

**युनिसा पोखरेल**

विश्व बडी बिल्डिङ च्याम्पियन (देशका गौरव) लाई बधाई छ । नेताले देश लुटेर सके पनि तपाईंजस्ता युवा खेलाडी देशको नाम राख्न सफल हुनुभएको छ । अझ प्रगति गर्दै जानुहोस् ।

**प्रवीण धिताल**

डा. रामदयाल राकेशजस्ता विद्वानका बारेमा साप्ताहिकले स्थान दिएकोमा धन्यवाद । शोसित-पीडितहरूका विरुद्ध खरो रूपमा उत्रने यस्ता विद्वानकै कारण मिथिला, मिथिला रहँदै आएको छ । खासगरी तराईजस्तो चरम जातीय भेदभाव, असमान विकास प्रणाली भएको ठाउँमा उनले बारम्बार उठाउने आवाजले हामी सबैलाई झकझक्याउँछ ।

**भूमि यादव**

सामाजिक काममा निरन्तर देख्न पाइयोस् । (बल्ल मिस नेपाल भएको अनुभव गरिरहेकी छु ।) यसअघिका अधिकांश मिस नेपालजस्तो बेपत्ता नहुनुहोला । राजनीतिक पृष्ठभूमिबाट आएकी तपाईंजस्ती युवतीले अब राजनीतिमा लागेर त्यहाँको फोहोर फाल्न अग्रसर हुनुपर्छ ।

**मौसमी थापा**

विद्यार्थीका लागि (विद्यार्थीलाई उपयुक्त ल्याप्टं) कुन ल्यापटप उपयुक्त शीर्षकको सामग्री व्यवहारिक छ । ब्याट्रीको लाइफदेखि मूल्य अनि प्रोसेसरसम्म सबै विषयमा जानकारी पाइयो । प्रविधिसम्बन्धी यस्ता सामग्री निरन्तर प्रकाशित हुँदै जानुपर्छ ।

**रश्मिला अधिकारी**

बधाई छ, सिडी विजय अधिकारीलाई (क्वाइअफ नेपाल सिडी विजय अधिकारीलाई) पहिलो क्वाइस आफ नेपाल हुनुभएकोमा । यहाँको कला फैलँदै जाओस् । आगामी दिनमा तपाईंको सुन्दर आवाजमा उत्कृष्ट गीत सुन्न पाइरहियोस् ।

**रूपा खड्का**

नेपाली चेलीहरूले लगातार एकपछि अर्को सफलता पाउँदा खुसी लागेको छ । (मिस युनिभर्स-२०१८ मा मनिताको उपलब्धि) यो सफलताले बल्ल नेपालमा छानिने मिस नेपालप्रति जनमानसमा सकारात्मक धारणा जाग्न थालेको छ । मिस नेपालमा शारीरिक सौन्दर्यका साथै बौद्धिकतालाई पनि गतिलो मापदण्ड बनाउँदै जानुपर्छ ।

**मनिष गड्तौला**

धान्यपूर्णिमा प्रकृतिको पूजा गर्ने पर्व हो । (धान्य पूर्णिमा र योमरी महोत्सव) नेपाली कति प्रकृतिप्रेमी छन् भन्ने कुरा यस्ता संस्कार एवं संस्कृतिले देखाउँछ ।

**राकेश श्रेष्ठ**


follow us on
twitter.com/saptahik

SMS
मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik


# चर्चामा रहेका शिखर व्यक्तित्वहरू

**सन् २०१८ मा संसारभर धेरै व्यक्तिको चर्चा भयो । तीमध्ये पनि केही व्यक्ति वर्षभरि नै संचारमाध्यमहरूमा छाइरहे ।**








### १ जमाल खसोगी

साउदी अरेबियन नागरिक जमाल खसोगी वासिङ्टन पोस्टका स्तम्भकार तथा पत्रकार हुन् । टर्कीस्थित साउदी दूतावासमा रहस्यमय मृत्यु भएपछि उनको हत्यामा संलग्नताको आरोप लगाउँदै अन्तर्राष्ट्रिय समुदायले साउदी सरकारको कडा आलोचना गर्‍यो । सुरुमा उनको मृत्युका बारेमा बोल्न नचाहेको साउदी सरकार पछि छानबिन गर्न तत्पर देखियो । खसोगीलाई साउदी राजपरिवारको आलोचकका रूपमा हेरिन्थ्यो ।

### २ नादिया मुराद

२५ वर्षीया इराकी युवती नादिया मुराद यो वर्षको नोबेल शान्ति पुरस्कार पाएपछि चर्चामा आइन् । यो पुरस्कार पाउने उनी पहिलो इराकी नागरिक हुन् । इराकी आतंककारी संगठन आईएसले अपहरण गरी यौन दासी बनाएकी नादिया त्यहाँबाट फुत्किएकी थिइन् । त्यसपछि उनले आइएसविरुद्ध आवाज उठाउँदै जनचेतना फैलाउने काममा सक्रियता देखाइन् । दुई वर्ष पहिले उनी संयुक्त राष्ट्रसंघीय गुडविल एम्बेसडर छानिएकी थिइन ।

### ३ माइगेल क्यानल

क्युवा ६ दशक लामो क्यास्ट्रो युगबाट मुक्त भएको घटना यो वर्ष चर्चामा रह्यो । २४ फेब्रुअरीमा भएको निर्वाचनले क्युवाका तत्कालीन राष्ट्रपति राहुल क्यास्ट्रोलाई अन्तिम क्यास्ट्रो राष्ट्रपतिका रूपमा स्थापित गरिदियो र नामको अन्त्यमा क्यास्ट्रो नभएका माइगेल डिजल क्यानल क्युबाका राष्ट्रपति चुनिए ।

### ४ भ्लादीमिर पुटिन

चौथो कार्यकालका लागि रूसको राष्ट्रपतिमा निर्वाचित भएपछि भ्लादीमिर पुटिनको चर्चा यस वर्ष पनि उत्तिकै रह्यो । अघिल्लो वर्ष सम्पन्न अमेरीकी निर्वाचनमा ट्रम्पको पक्षमा मतदान प्रभावित गर्न उनले खेलेको भूमिकाको चर्चा यो वर्ष पनि सेलाएन ।

### ५ डोनाल्ड ट्रम्प

अमेरिकि राष्ट्रपति डोनाल्ड ट्रम्प पनि वर्षभरि नै चर्चामा रहे । उत्तर कोरियाका नेता किम जुन उनसँगको उनको ऐतिहासिक वार्तालाई अन्तर्राष्ट्रिय जगत्ले प्रशंसा गर्‍यो । त्यसपछि चीनसँगको व्यापार युद्धले पनि उनलाई चर्चामा ल्यायो । प्रत्येक चार वर्षमा हुने अमेरिकी कंग्रेसको मध्यावधि निर्वाचनमा उनको पार्टीले नराम्रो हार बेहोर्‍यो । यसलाई ट्रम्पको २ वर्षको कार्यकालको समीक्षाका रूपमा हेरियो ।

### ६ एन्जेला मार्केल

सन् २००५ देखि लगातार जर्मनीकी चान्सलरका रूपमा कार्यरत एन्जेला मार्केल गत नोभेम्बरमा आगामी कार्यकालका लागि आफू चान्सलरको उम्मेदवार नहुने घोषणा गरेपछि चर्चामा आइन् । उनले क्रिस्चियन डेमोक्रेटिक पार्टीको नेतृत्व समेत छोडेकी छिन् ।

### ७ मार्क जुकरबर्ग

फेसबुकका संस्थापक मार्क जुकरबर्ग यो वर्ष आलोचनात्मक चर्चामा रहे । व्यापारिक हिसाबमा सफल देखिए पनि विभिन्न देशबाट फेसबुकमा रहेका डाटाहरू सुरक्षित नभएको भन्दै उनको आलोचना बढ्यो ।

### ८ हसन रुहानी

अमेरिकासँगको तारन्तार टकरावका कारण ७९ वर्षीया इरानी राष्ट्रपति हसन रुहानी यो वर्ष अन्तर्राष्ट्रिय संचारमाध्यमहरूको नजरमा परिरहे । रुहानीले इरानलाई परमाणु शक्तिका रूपमा स्थापित गरी अमेरीकालाइ प्रतिरक्षात्मक स्थितिमा पुर्‍याएका छन् ।

### ९ इमरान खान


पूर्वक्रिकेटर इमरान खान यही वर्ष सम्पन्न चुनावबाट पाकिस्तानको प्रधानमन्त्री निर्वाचित भए । एक सफल क्रिकेट कप्तान, राजनीतिक विश्लेषक, बारफोड विश्वविद्यालयका कुलपति हुँदै सत्ता समाल्न आइपुगेका इमरान खान पाकिस्तानका पूर्वप्रधानमन्त्रीहरूले लिदै आएको सुविधा कटौती गरी अन्तर्राष्ट्रिय रूपमा चर्चामा आए ।

### १० किम जोङ उन

क्रूर शासकका रूपमा हेरिएका उत्तर कोरीयाका नेता किम जोङले यही वर्ष दक्षिण कोरिया र अमेरिकासँग बढाएको मित्रताको हातले अन्तराष्ट्रिय रूपमा चर्चा पायो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रमसँग सिंगापुरमा भएको भेटवार्ताले कोरीयाली महाद्वीप परमाणु निःशस्त्रीकरणको बाटोमा जाने संकेत दिएको छ ।



# सन् २०१८ : सोसल मिडिया ट्रेन्ड



फेसबुक, ट्विटर, इन्ट्राग्राम, युट्युब, लिंक्डइन, स्न्यापच्याट, ह्वाटएपजस्ता सोसल मिडियाका प्रयोगकर्ताहरू दिन प्रतिदिन बढिरहेका छन् । सन् २०१८ को जुनको एक तथ्यांकअनुसार ३ अर्ब १९ करोडभन्दा बढी मानिसहरू सोसल मिडिया सक्रिय छन् । यति ठूलो संख्याले प्रयोग गर्ने सोसल मिडियामा सन् २०१८ मा केही स्क्यान्डलसहित साना ठूला परिवर्तनहरू देखा परे ।

८ करोड ७० लाख फेसबुक प्रयोगकर्ताको डाटा चोरीको घटनाले सनसनी मच्चायो । यो 'प्राइभेसी स्क्यान्डल'ले सोसल मिडिया कति सुरक्षित छ भन्ने बहस समेत छेड्यो । यतिमात्र होइन्, फेसबुकमाथि अमेरिकी राष्ट्रपति चुनावलाई प्रभावित गरेको आरोप समेत लाग्यो । फेसबुकले आफ्ना प्रयोगकर्ताहरूलाई आश्वस्त तुल्याउन ठूलो संख्यामा म्यानपावर मात्र लगाएन्, आर्टिफिसियल इन्टिलिजेन्स (ए-आई) समेत निर्माण गऱ्यो ।

सोसल मिडियाबीच प्रयोगकर्ताहरूलाई नयाँ के दिने भन्ने विषयमा तीव्र प्रतिस्पर्धा देखियो । धेरै नयाँ फिचर प्रयोगकर्ताको प्राथमिकता, रुचि तथा ग्राहक आवश्यकता एवं व्यापारिक नाफाघाटाको हिसाबका आधारमा लन्च गरिए । सन् २०१८ मा सोसल मिडियामा केही 'सप्राइज' दिने खालका परिवर्तन समेत देखा परे, जसले प्रयोगकर्तामा रोमाञ्चकता थपे । सोसल मिडिया ब्रान्डिङको नयाँ र प्रभावशाली टुलका रुपमा प्रयोग भएका परिदृश्य साँच्चै अनौठा थिए । यसले सन् २०१८ मा भोलिको मार्केटिङ परिदृश्य कस्तो हुनेछ भन्ने अनुमान गर्न सकिन्छ ।

यही वर्ष इन्स्ट्राग्राम सपिङको सुरुवात भयो । लामो समयको इन्गेजमेन्टले ब्रान्ड एड्भटाएजरहरूलाई इन्ट्राग्रामतर्फ आकर्षित गऱ्यो । इन्ट्राग्राम स्टोरीको सफलताले यो टिनएजहरूले सबैभन्दा बढी प्रयोग गर्ने सोसल मिडिया सावित भयो । ब्रान्डको प्रवर्द्धन, ब्रान्ड एवं ग्राहकबीचको सेतुका रुपमा पनि सोसल मिडियाको प्रयोग हुन थाल्यो ।

लाइभ स्ट्रीमिङ सन् २०१८ मा सोसल मिडियामा अर्को बुमिङ अवधारणा बन्न पुग्यो । पेरिस्कोप, ट्वीच तथा फेसबुक लाइभ यसका उदाहरण हुन् । युट्युबलाई पछ्याउँदै भिडियो कन्टेन्टको प्रभावकारिता थाहा पाएका सोसल मिडियाहरूले ल्याएका लाइभ फिचरहरू समेत लोकप्रिय भए । सोसल मिडिया विश्लेषकहरूकाअनुसार सन् २०२१ सम्म लाइम स्ट्रीमिङको बजार ७० बिलियन डलरको हुनेछ । अहिलेका मुख्य सोसल मिडियाहरूमध्ये धेरैले लाइभ स्टीमिङको फिचर प्रयोग गरिरहेका छन् । सोसल मिडियाबाटै अनलाइन अध्यापन, इभेन्टहरूको लाइभ ब्रोडकास्टिङ तथा नयाँ प्रोडक्टहरूको लाइभ स्टीमिङजस्ता नवीनतम प्रयोगहरू भए ।

छोटा सांगीतिक प्रस्तुति तथा रमाइला भिडियो अपलोड गर्न सकिने सोसल मिडिया म्युजिकल्ली-टिकटकको उक्लँदो लोकप्रियताको ग्राफले पनि सोसल मिडियामा भिडियो कन्टेन्ट कति सजिव र प्रभावकारी हुन्छ भन्ने कुरा स्पष्ट बनाइदियो । अहिले मानिसहरू फेसबुकको तुलनामा टीकटक- म्युजिकल्ली तथा इन्ट्राग्रामतर्फ आकर्षित भैरहेको संकेत देखिन थालेको छ । कतिसम्म भने सोसल मिडिया विश्लेषकहरू टिकटकलाई भविष्यका रूपमा हेर्न थालेका छन् । भिडियोको यही लोकप्रियताको परिणाम नै हुनुपर्छ, फेसबुकले पनि निकट भविष्यमा टिकटककै शैलीमा छोटा भिडियोहरू अपलोड गर्ने टुलको विकास गरिरहेको छ ।

सन् २०१८ को सोसल मिडियाको अर्को ट्रेन्ड प्रभावशाली मार्केटिङ हो । प्रभावशाली मार्केटिङ राजस्वको ठूलो हिस्सा बन्ने संकेत देखिन थालेको छ । सोसल मिडियामा विज्ञापनको बजार सन् २०२० सम्म १० बिलियन डलर पुग्ने अपेक्षा गरिएको छ । कारण, उपभोक्ताहरू आफूलाई विश्वास हुने प्रामाणिक सामग्री हेर्न चाहन्छन् । फेसबुकले ल्याएको च्याटबुटलाई पनि महत्वकांक्षी अवधारणाका रूपमा हेरिएको छ जसमार्फत बिजनेस आउटरिचहरूले आफ्ना ग्राहकसँग अटोमेटिक संवाद गर्न सक्छन् । सन् २०१९ मा सोसल मिडियामा अझ ठूला र प्रभावकारी परिवर्तन हुने सम्भावना छ ।

## टप १० @ टिकटक

युवापुस्तामा चर्चित सामाजिक सञ्जाल हो–टिकटक । सांगीतिक सामाजिक सञ्जाल टिकटकको लोकप्रियता एकपछि अर्को गर्दै चुलिँदै गएको छ । सटिक भिडियो म्युजिकसहित बनाएर अपलोड गर्न सकिने यो सञ्जालमा प्रशंसकहरूले जो कसैलाई पछ्याउन सक्छन् । टिकटकमा विश्वकै सर्वाधिक प्रशंसक कमाउने १० सेलिब्रेटी :

१. लिसा एण्ड लेना
**३ करोड २१ लाख**

२. लोरेन ग्रे
**२ करोड ९८ लाख**

३. बेबी एरियल
**२ करोड ९२ लाख**

४. क्रिस्टिन ह्यान्चर
**२ करोड १५ लाख**

५. ज्याकोब सारटोरियस
**१ करोड ९९ लाख**

६. फ्लाइटहाउस
**१ करोड ८० लाख**

७. जो जो सिवा
**१ करोड ७३ लाख**

८. गिल क्रोस
**१ करोड ६५ लाख**

९. जय क्रोस
**१ करोड ४५ लाख**

१०. सभनाह साउटस
**१ करोड ३७ लाख**

# ट्विटरमा सबैभन्दा बढी फलोअर्स हुनेहरू

**द डेली मेलका अनुसार ट्विटरका सक्रिय प्रयोगकर्ताहरूको संख्या मासिक ३ करोड ३० लाख छ । द डेली मेलले सन् २०१८ मा ट्विटरमा सबैभन्दा बढी फलोअर्स भएका व्यक्तिहरूका बारेमा एक रिपोर्ट प्रकाशित गरेको थियो ।**

### १ केटी पेरी @katyperry

सन् २०१८ मा सबैभन्दा बढी ट्विटर फलोअर्स भएकी सेलिब्रेटी हुन्, क्यालिफोर्नियाकि केटी पेरी । ३४ वर्षीया पेरी अमेरिकी गायिका, गीतकार तथा टेलिभिजन पर्सनालिटी हुन् । पप एवं रक विधाका गीत गाउने पेरीले केही चलचित्रमा अभिनयसमेत गरेकी छिन् । सन् २०१७ मा १ करोड फलोअर्स पुऱ्याउने पनि उनै थिइन् । केटीले १० वर्षअघिदेखि ट्विटर चलाउन थालेकी हुन् ।

**फलोअर्स–** १०,६८,४३,६०५

### २ जस्टिन बिबर @justinbieber

क्यानेडियन गायक तथा गीतकार जस्टिन बिबर दोस्रो सबैभन्दा बढी फलोअर्स भएका व्यक्ति हुन् । लण्डनमा जन्मिएका २४ वर्षीय बिबर क्यानाडाको ओन्टारियोमा बस्छन् । उनी परिवारका एक्ला सन्तान हुन् । उनका गीत संसारभर प्रख्यात छन् । उनको युट्युब च्यानललाई ४ करोड, २४ लाख ७५ हजार ३ सय ६७ जनाले सब्सक्राइब गरेका छन् । यसबाट पनि उनको लोकप्रियता कति छ भन्ने कुरा थाहा हुन्छ ।

फलोअर्स– १०,४६,६२,०२३

### ३ बाराक ओबामा @BarackObama

बाराक ओबामा डेमोक्रेटिक पार्टीका तर्फबाट सन् २००९ देखि सन् २०१७ सम्म अमेरिकाका राष्ट्रपति थिए । पहिलो अफ्रिकन अमेरिकी राष्ट्रपति बन्ने अवसर पाएका ओबामा हवाईमा जन्मिएका हुन् । कोलम्बिया युनिभर्सिटीबाट ग्राजुएसन गरेका अमेरिकाका ४४ औं राष्ट्रपति ओबामा युनिभर्सिटी अफ सिकागो ल स्कुलमा संवैधानिक कानुन पढाउँथे । सन् २०१७ मा उनको ट्विटले संसारमा सबैभन्दा बढी लाइक्स पाएको थियो भने संसारमा सबैभन्दा बढी रिट्विट हुनेमा दोस्रो भएको थियो । संसारमा सबैभन्दा बढी फलोअर्स भएका १० व्यक्तिमध्ये उनी तेस्रो स्थानमा छन् ।

**फलोअर्स–** १०,३६,६०,३०४

### ४ रिहाना @rihanna

रिहानाका थुप्रै परिचय छन् । उनी गयिका, ब्यापारी, नायिका, डान्सर, गीतकार तथा कूटनीतिज्ञ हुन् । ३० वर्षीया रिहानाले पप, रेगी तथा हिपहप गीतमा स्वर भरेकी छिन् । उनले विभिन्न सौन्दर्य उत्पादनहरूमा मोडलिङसमेत गरेकी छिन् । उनी च्यारिटी शोका काममा समेत सक्रिय छिन् । रिहाना ट्विटरमा तस्बिर तथा भिडियोहरू पोस्ट गर्छिन् ।

**फलोअर्स** ८,८५,४५, ८४९

### ५ टेलर स्विफ्ट

टेलर स्विफ्ट अमेरिकी गायिका हुन् । सबैभन्दा कम उमेरकी गीतकारका रूपमा परिचय बनाएपछि टेलरलाई सोनी, एटिभी म्युजिक हाउसले जागिर दिएको थियो । उनी निर्माता तथा अभिनेत्री समेत हुन् । टेलर युट्युबमा पनि सक्रिय छिन् । उनको आफ्नै च्यानल टेलर स्विफ्टलाई ३ करोड, १८ लाख १६ हजार ८३ जनाले सब्सक्राइब गरेका छन् ।

**फलोअर्स–** ८,३१,३०,५५१

### ६ एलन डिजनरस @TheEllenShow

एलन डिजनरस अमेरिकी कमेडियन, टेलिभिजन प्रस्तोता, अभिनेत्री, लेखक, कार्यक्रम उत्पादक हुन् । ६० वर्षीया एलनका सिरियस्ली आइएम किडिङ, द फन्नी थिङ्स इज्, माइ प्वाइन्ट एण्ड आइ डु ह्याभ वन आदि पुस्तक प्रकाशित छन् ।

फलोअर्स– ७,६७,२२,१२१

### ७ लेडी गागा@ladygaga

लेडी गागा अमेरिकी गायिका, नायिक तथा गीतकार हुन् । ३२ वर्षीया गागा सुरुवातमा थियटरमा काम गर्थिन् । उनले आफ्ना स्टेज कार्यक्रमका छोटा भिडियो तथा तस्बिर पोस्ट गर्छिन् । उनका ए स्टार इज बर्न, आर्टपप, दे फेम जस्ता एल्बमहरू चर्चित छन् ।

**फलोअर्स–** ७,७३,२०,७२९

### ८ क्रिस्टियानो रोनाल्डो @Cristiano

क्रिस्टियानो रोनाल्डो पोर्चुगिज ब्यबसायिक फुटबलर हुन् । उनी स्पेनिस क्लब रियल म्याड्रिड तथा पोर्चुगल नेसनल टिमका लागि खेल्छन् । पोर्चुगलका लागि उनी क्याप्टेन नै थिए । ३३ वर्षीय रोनाल्डो एक मात्र त्यस्ता खेलाडी हुन्, जसको ट्विटरमा सबैभन्दा बढी फलोअर्स छन् ।

**फलोअर्स–** ७,५५,७३,८०३

### ९ जस्टिन टिम्बरलेक @jtimberlake

जस्टिन टिम्बरलेक अमेरिकी अभिनेता, डान्सर, रेकर्ड प्रोड्युसर, व्यापारी तथा गायक हुन् । कलिलै उमेरमा उनी म्युजिक ब्यान्डमा आबद्ध हुन पुगे । उनले ट्विटरमा बढीजसो बिभिन्न थिमका भिडियो अपलोड गर्छन् भने कहिलेकाहीं आफ्ना तस्बिर पोस्ट गर्छन् ।

**फलोअर्स–** ६,४५,९०,९११

### १० किम कार्डासियन वेस्ट@kimkardashian

अमेरिकाको क्यालिफोर्नियामा जन्मिएकी किम कार्डासियन वेस्ट अमेरिकन रियालिटी टेलिभिजन पर्सनालिटी हुन् । ३८ वर्षीया किम उद्यमीसमेत हुन् । सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्ने किमका इन्स्टाग्राम फलोअर पनि प्रशस्तै छन् । उनको कम्पनिले विभिन्न किसिमका पहिरन उत्पादन गर्छ ।

**फलोअर्स–** ५,९०,०९ ,५५८

सोसल सर्भे

# इन्स्टाग्राममा सबैभन्दा बढी फलोअर्स

इन्स्टाग्राम फोटो तथा भिडियो सेयरका लागि लोकप्रिय सामाजिक सञ्जाल हो, जसको स्वामित्व फेसबुकसँग छ । केभिन स्यास्ट्रोम र माइक क्रेगरले इन्स्टाग्राम डेभलप गरेका थिए । यो अक्टोबर ६, सन् २०१० मा लन्च भएको हो । सन् २०१८ मा इन्स्टाग्राममा सबैभन्दा बढी फलोअर्स हुने सेलिब्रिटीहरूको सूची यस्तो छ :



### १ सेलेना गोमेज

सेलेना गोमेज इन्स्टाग्राममा सबैभन्दा बढी फलोअर्स हुने सेलिब्रिटी हुन् । उनी रोमान्टिक सेल्फी, हट् फोटो, निजी जीवनका तस्बिर, भिडियो तथा साथीहरूसँगका तस्बिर पोस्ट गर्छिन् । उनको एउटै तस्बिरले ८६ लाख ७६ हजार, ८ सय ७६ हजारभन्दा बढी लाइक्स पाएको छ ।

**फलोअर्स–** १४,४५,०९,२१३

### २ क्रिस्टियानो रोनाल्डो

क्रिस्टियानो रोनाल्डो इन्स्टाग्राममा अत्यधिक फलोअर्स भएका खेलाडी हुन् । उनको एउटै तस्बिरले २० लाख ६४ हजार ७ सय ७५ लाइक्स पाएको थियो । रोनाल्डोले मैदानमा फुटबल खेलेको, साथीभाईसँग भेटेको तथा परिवारसँग घुमेको तस्बिर पोस्ट गर्छन् । त्यस्तै इन्स्टाग्राममा उनले भिडियोसमेत अपलोड गर्दै आएका छन् ।

**फलोअर्स–** १४,९०,०३,८४६

### ३ एरियाना ग्रान्डे

एरियाना ग्रान्डेका लागी सन् २०१७ दुखद रह्यो । म्यान्चेस्टरमा उनको कन्सर्टका क्रममा बम ब्लास्ट भयो, तर पनि उनले आफ्नो कर्म छाडिनन् । ग्रान्डे इन्स्टाग्राममा आफ्ना प्रस्तुतिको भिडियो अपलोड गर्छिन् । उनले पोस्ट गरेको ब्वाइफ्रेन्डसँगको तस्बिर निकै चर्चित भएको थियो ।

**फलोअर्स–** १३,९७,५१,२५९

### ४ बियोन्से

इन्स्टाग्राममा सर्बाधिक फलोअर्स भएकी बियोन्सेले आफूले भने कसैलाई फलो गरेकी छैनन् । उनले फेसनेबल तस्बिर तथा भिडियोहरू पोस्ट गर्दै आएकी छिन् । इन्स्टाग्राममा पोस्ट गरेको श्रीमानसँगको उनको एउटा तस्बिरले ४८ लाख, ९७ हजार, ३ सय ५ लाइक्स पाएको छ ।

**फलोअर्स–** १२,१६,३८,६६६

### ५ किम कार्डासियन

३८ वर्षीया अमेरिकाकी किम कार्डासियन रियालिटी टेलिभिजन पर्सनालिटी हुन् । उनले इन्स्टाग्राममा मेकअप गरेका, घुमफिरमा गएका, स्वीमिङ गरेका, रोमान्स गरेका हट् तस्बिरहरू पोस्ट गर्दै आएकी छिन् । उनका हट् र बोल्ड तस्बिर अत्यधिक रुचाइएको छ । किमले बेलाबेलामा भिडियोसमेत अपलोड गर्छिन् । उनको एउटै तस्बिरले ३० लाख भन्दा बढी लाइक्स पाएको छ ।

**फलोअर्स–** १२,२७,७६,३०८

### ६ टेलर स्विफ्ट

सन् २०१८ पछि टेलर स्विफ्ट सामाजिक सञ्जालमा शसक्त भएर आइन् । उनी अमेरिकी गायिका हुन् । रेपुटेसन एल्बम बजारमा आएपछि उनको चर्चा अझ चुलिँदै गयो । टेलरले पोस्ट गरेको एउटै तस्बिरले १५ लाखभन्दा बढी लाइक्स पाएको छ ।

**फलोअर्स–** ११,४०,३२,०६१

### ७ केली जेनर

केली जेनरले आफू ९ महिनाकी गर्भवती हुँदा एउटा तस्बिर इन्स्टाग्राममा पोस्ट गरेकी थिइन् । उनको त्यो तस्बिर भाइरल भएको थियो । उनको एउटै फोटोमा १ करोड ८० लाखभन्दा बढी लाइक्स देखिन्छ । उनी प्रायः आफ्नो वच्चासँग खेलेको, रमाएको तस्बिर अपलोड गर्छिन् । उनका हट तस्बिरले संसारमै सर्बाधिक लाइक्स प्राप्त गर्छन् ।

**फलोअर्स** १२,२०,२०,५४०

### ८ ड्वायन द रक जोन्सन

ड्वायन 'द रक' जोन्सनले इन्स्टाग्राममा द रक नाममा एकाउन्ट चलाउँछन् । उनको वास्तविक नाम ड्वायन जोन्सन हो । धेरैले उनलाई द रक नामले नै चिन्छन् । यी अमेरिकी अभिनेता कलेजमा छदा फुटबल पनि खेल्थे । द रक खानेकुराहरू, जिम गरेको तथा बालबालिकासँग रमाएको तस्बिरहरू पोस्ट गर्छन् ।

**फलोअर्स–** १२,५५,५०,९१६

### ९ जस्टिन बिबर

क्यानेडियन गायक तथा गीतकार जस्टिन बिबरले पोस्ट गरेका रोमान्टिक तस्बिरले धेरैलाई लोभ्याउँदै आएका छन् । उनका तस्बिरले ६९ लाख भन्दा बढी लाइक्स पाएका छन् ।

**फलोअर्स–** १०,३६,१९,८११

### १० नेयमार जुनियर

२६ वर्षीय ब्राजिलियन फुटबलर जुनियर नेयमार इन्स्टाग्राममा सर्वाधिक बढी फलोअर्स भएका सेलिब्रिटी हुन् । उनी १७ वर्षकै उमेरमा खेलकुदमा होमिइसकेका थिए । नेयमारले खेलमैदानमा फुटबल खेलेको, परिवारसँग रमाएको, कतै घुमफिरमा गएको तस्बिर इन्स्टाग्राममा अपलोड गर्दै आएका छन् ।

**फलोअर्स–** १०,७९,६१,६४२

*https://www.marieclaire.com मा प्रकाशित रिपोर्टमा आधारित*

# संसारमा सबैभन्दा बढी फेसबुक लाइक्स भएकाहरू





### १ क्रिस्टियानो रोनाल्डो

पोर्चुगिज व्यवसायिक फुटबलर क्रिस्टियानो रोनाल्डो संसारमा सबैभन्दा बढी फेसबुक फलोअर्स भएका सेलिब्रिटी हुन् । ३३ वर्षीय रोनाल्डो ट्विटरमा पनि सबैभन्दा बढी फलोअर्स भएका सेलिब्रिटीमा पर्छन् ।

**लाइक्स–** १२ करोड २५ लाख, २२ हजार

### २ शाकिरा

कोलम्बियन गायिका शाकिराको स्वरले मात्र होइन, उनको नृत्यले पनि धेरैलाई लठ्याउँछ । उनी गाउने मात्र होइन, शब्द पनि सिर्जना गर्छिन् । शाकिरा व्यापारीसमेत हुन् ।

**लाइक्स–** १० करोड १८ लाख, ७३ हजार

### ३ भिन डिइसेल

भिन डिइसेल अभिनेता हुन् । उनी अरूलाई उत्प्रेरणा जगाउने खालका स्टाटसहरू अपडेट गर्छन् ।

**लाइक्स–** ९ करोड ८६ लाख

### ४ लियो मेस्सी

अर्जेन्टिनाका फुटबल खेलाडी मेस्सीले स्पेनिश क्लब एफसी बार्सिलोना तथा अर्जेन्टिनाको राष्ट्रिय टिमका लागी खेल्छन् । मेस्सीले फेसबुकमा परिवारसँग घुमघाम गरेको र विभिन्न स्थानमा खेल प्रदर्शन गरेका तस्बिर पोस्ट गर्छन् ।

**लाइक्स–** ८ करोड, ९८ लाख, ९४ हजार ४ सय ३२

### ५ इमिनेम

इमिनेम अमेरिकन र्‍यापर, चलचित्र निर्माता तथा अभिनेता हुन् । ४६ वर्षीय इमिनेम गीतका शब्दसमेत सिर्जना गर्छन् ।

**लाइक्स–** ८ करोड, ८१ लाख

### ६ रिहाना

रिहाना बहुमुखी प्रतिभाकि धनी हुन् । उनी व्यापारी, कूटनीतिज्ञ, गायिका, अभिनेत्री तथा डान्सर हुन् । ३० वर्षको उमेरमै उनले पाएको सफलता लोभलाग्दो छ ।

**लाइक्स–** ७ करोड ९९ लाख ७३ हजार, ३ सय १७

### ७ जस्टिन विवर

क्यानेडियन गायक तथा गीतकार जस्टिन विवरले फेसबुकमा आफूले दिएका सांगीतिक प्रस्तुतिहरूको भिडियो, रोमान्टिक तथा रमाइला खालका तस्बिर अपलोड गर्छन् । त्यस्तै उनी रमाइला खालका भिडियोसमेत सेयर गर्छन् ।

**लाइक्स–** ७ करोड ७५ लाख ८७ हजार २ सय ५३

### ८ विल स्मिथ

अमेरिकी अभिनेता विल स्मिथ र्‍यापरसमेत हुन् । सन् २००७ मा न्युजविक म्यागेजिनले उनलाई द मस्ट पावरफूल एक्टर इन् हलिउड् भनेर लेखेको थियो । उनी ५ वटा गोल्डेन ग्लोब अवार्डमा नोमिनेट भएका थिए । स्मिथले ४ वटा ग्राम्मी अवार्ड जितेका छन् ।

**लाइक्स–** ७ करोड ७३ लाख ६४ हजार ६ सय ६०

### ९ माइकल ज्याक्सन

पप संगीतका राजा माइकल ज्याक्सन सन् २००९ मा मरेर गएपनि प्रशंसकहरूले उनको पेजमा फोटो अपलोड गर्न छाडेनन् । उनको फेसबुक एकाउन्टमा पुराना तस्बिर तथा उनका पुराना प्रस्तुतिहरू निरन्तर अपडेट भैरहेका छन् ।

**लाइक्स–**७ करोड २८ लाख ८३ हजार ८९४

### १० टेलर स्विफ्ट


अमेरिकी गायिका टेलर स्विफ्ट ब्यापक मिडिया कभरेज पाउने सेलिब्रिटी हुन् । उनी हिजोआज सामाजिक सञ्जालमा पहिले जस्तो सक्रिय त छैनन् । यद्यपि उनका प्रशंसकहरूले भने उनलाई बिर्सिएका छैनन् । टेलर आफ्नो फेसबुकमा विभिन्न ठाउँका सांगीतिक प्रस्तुतिको भिडियो तथा तस्बिरहरू पोस्ट गर्छिन् ।

**लाइक्स–** ७ करोड २४ लाख २६ हजार ९ सय ६४

*https://www.dailydot.com मा प्रकाशित रिपोर्टमा आधारित*

# स्वास्थ्य क्षेत्रका उपलब्धि

सन् २०१८ स्वास्थ्य क्षेत्रमा प्राप्त उपलब्धिका कारण महत्वपूर्ण हुनेछ । यी उपलब्धिले मानिसलाई दीर्घजीवी बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।



### मेडिकल कन्ट्याक्ट लेन्स

अब आइड्रपलाई गुडबाई भन्नुपर्ने बेला भएको छ । बोस्टन चिल्ड्रेन हस्पिटल एन्ड म्यासाचुसेट्स आई एन्ड इयरले आँखामा बिस्तारै औषधिको प्रभाव देखिने कन्ट्याक्ट लेन्सको विकास गरेका छन् । उक्त कन्ट्याक्ट लेन्सले ग्लुकोमा, डायबिटिक रेटिनोप्याथी तथा अन्य विभिन्न रोगहरूको उपचारमा समेत सहयोग गर्छ । केही दिन वा एक साताजति प्रयोग गर्दा यसको असर देख्न सकिन्छ ।

### निडल फ्री इन्जेक्सन

हाल प्रचलित निडलसहितको इन्जेक्सनको सट्टा कपालको रौं आकारको वस्तु प्रयोग गर्न सकिनेछ । यसको प्रयोगमा कुनै किसिमको पीडा हुँदैन । यसका बारेमा सबै जानकारी एक एपले राख्छ । एमआईटी स्टार्टअपले विकास गरेको यो डिभाइसलाई प्राइम नाम दिइएको छ । आगामी केही वर्षमा यसको प्रयोग व्यापक हुने अनुमान गरिएको छ ।

### केमोथेरेपीबाट केश नझर्ने

केमोथेरापी गरेका क्यान्सरका बिरामीहरूको केश झर्छ । यो वर्ष विकास गरिएको नयाँ हेलमेट स्टाइलको ह्याटले त्यसलाई रोक्नेछ । यसमा २५ डिग्री फरेनहाइटसम्मको कुलेन्ट प्रयोग गरिएको हुन्छ । उपचार गर्नुभन्दा पहिले र पछि सम्म यसको प्रयोग गर्न सकिन्छ । मेमोग्रामले ब्रेस्ट क्यान्सर भएका महिलाहरूको मृत्युदरसमेत घटाउँछ । जीई हेल्थकेयरले यो वर्ष सेनोग्राफ प्रिस्टिना नामक नयाँ मेमोग्राम मेसिन विकास गरेको छ । यसलाई वायरलेस रिमोट कन्ट्रोलको सहयोगले नियन्त्रण गर्न सकिन्छ ।

### प्रयोगशालामा मानव अण्ड

वैज्ञानिकहरू मानव अण्डलाई प्रयोगशालामा विकास गर्न सफल भएका छन् । न्युयोर्कको एडिनबर्गस्थित रिसर्च हस्पिटल तथा द सेन्टर फर ह्युमन रिप्रोडक्सनले गरेको अध्ययनअनुसार यो रेडिएसन र केमोथेरापी गरेका बिरामीका लागि समेत उपयोगी हुनेछ । यसबाट महिलाहरूमा नयाँ तरिकाले गर्भाधान गर्न सकिने सम्भावना बढेको छ ।

### दुई अनुहार प्रत्यारोपण गर्ने पहिलो व्यक्ति

फ्रान्सका ४३ वर्षीय जेरोम ह्यामोनले यही वर्ष दोस्रो पटक अनुहार प्रत्यारोपण गरेर 'म्यान विथ थ्री फेसेज' भएका छन् । प्यारिसको जर्ज पोम्पिडु हस्पिटलमा उनको प्लास्टिक सर्जरी गरिएको थियो । यसभन्दा पहिले ८ वर्षअघि उनको पहिलो सर्जरी गरिएको थियो ।

### मृत दाताको गर्भाशयबाट पहिलो बच्चा

ब्राजिलमा वर्षको अन्त्यमा मृत व्यक्तिबाट प्राप्त गर्भाशयबाट स्वस्थ शिशुको जन्म भएको छ । लान्सेट म्यागजिनमा प्रकाशित रिपोर्टअनुसार यसबाट आगामी दिनमा विभिन्न समस्या भएका महिलाहरूलाई ठूलो सहयोग पुग्नेछ ।

### मिर्गी रोगीलाई गाँजाबाट बनेको औषधि

मिर्गी वा यस्तै प्रकारका बिरामीहरूका लागि गाँजा प्रयोग गरी तयार पारिएको औषधिलाई अमेरिकाको फुड एन्ड ड्रग एड्मिनिष्ट्रेसनले स्वीकृति प्रदान गरेको छ ।

### सुत्दा प्रयोग गरिने इयरबड

राति सुत्दा विभिन्न आवाज आइरहे वा कुनै घुर्ने व्यक्तिसँग सुत्नुपरे समस्या हुन सक्छ । यही कुरालाई मनन गरी बोस कम्पनीले स्लिपबड इयरबड डिजाइन गरेको छ । यो इयरबड परम्परागत वायरलेस हेडफोनको तुलनामा हल्का र लगाउन सहज छ । आवश्यकताअनुसार यसमा संगीतसमेत राख्न सकिन्छ ।

### बेटर बेबी बोतल

दशकौंदेखि शिशुलाई दूध ख्वाउन प्रयोग गरिने बोतल सिलिन्ड्रिकल आकारको हुन्छ । यसमा तातो दूध राख्न गाह्रो हुन्छ । यही कुरालाई मनन गरी नानोबेब नामक बोतलको विकास गरिएको छ । यसमा दूध तताउन र चिस्याउन दोब्बर छिटो सकिन्छ । अयाल ल्यान्टेर्नारी तथा असफ केहटले यसको विकास गरेका हुन् ।

### डायबिटिक टेक्नोलोजी विकास

परम्परागत रूपमा रगत निकालेर गरिने मधुमेहको जाँच र औषधि दिने प्रक्रियालाई यो वर्ष धेरै तरिकाले सरलीकरण गर्न सकिने प्रविधि विकास गरिएको छ । इन्सुलिन उपलब्ध गराउन क्लोज्ड लुप सिस्टमको विकास गरिएको छ । त्यसैगरी इन्सुलिन इन्जेक्सन दिन स्मार्ट पेनको विकास गरिएको छ । यी सबै प्रक्रियाले बिरामीको स्वास्थ्य सहज बनाउन महत्वपूर्ण भूमिका खेल्छन् ।

---

# यो वर्ष बन्द भएका सेवा

यो वर्ष इन्टरनेटका विभिन्न सेवा बन्द भएका छन् । विशेष गरी गुगल र फेसबुकसँग सम्बद्ध कैयौं सेवा यो वर्ष बन्द भए ।

### गुगल इनबक्स

गुगलले आफ्नो चार वर्ष पुरानो 'इनबक्स बाई जीमेल' एप बन्द गर्ने फैसला गऱ्यो । आगामी मार्चसम्म गुगल इनबक्स सेवा बन्द भैसक्नेछ ।

### याहु म्यासेन्जर

गत जुलाई १७ मा याहु म्यासेन्जर बन्द गरियो । यो सेवा प्रयोग गरिरहेका प्रयोगकर्ताहरूले आगामी दिनमा स्क्विरल प्रयोग गर्नेछन् ।

### गुगल युआरएल सर्टनर

गुगलले आफ्नो युआरएल सर्टनरलाई पनि आगामी मार्च ३० सम्म बन्द गर्ने घोषणा गरेको छ । गुगलले सन् २००९ मा युआरएल सर्टनर जीओओ डटजीएल लन्च गरेको थियो । यसले युआरएललाई छोटो बनाउन सहयोग गर्थ्यो ।

### गुगल ब्लब इमोजी

गुगलले आफ्नो लोकप्रिय ब्लब इमोजी पनि बन्द गर्ने घोषणा गरेको छ । आगामी जुलाई १७ देखि विश्व इमोजी दिवसका दिन यसलाई बन्द गरिनेछ ।

### फेसबुक एम पर्सनल असिस्टेन्ट

फेसबुकले आफ्नो भर्चुअल असिस्टेन्ट एम बन्द गर्ने घोषणा गरेको छ । ठूलो प्रयासपश्चात् पनि यसका प्रयोगकर्ता २ हजार मात्र थिए, त्यो पनि अमेरिकी मात्र । कुनै इभेन्टको सूची तयार पार्न यसको प्रयोग गरिन्थ्यो । त्यसैगरी पेमेन्टका लागि पनि यसको प्रयोग गर्न सकिन्थ्यो ।

### गुगल स्पेसेज

गुगलले आफ्नो ग्रुप म्यासेजिङ एप गुगल स्पेसेज २०१६ मा लन्च गरेको थियो । सानो ग्रुपमा च्याट गर्न यसको प्रयोग गर्न सकिन्थ्यो । लोकप्रिय बन्न नसकेकाले यसलाई पनि बन्द गर्ने घोषणा गरिएको छ ।

### फेसबुक हेल्लो

फेसबुकले २०१५ मा एन्ड्रोइड प्रयोगकर्ताका लागि हेल्लो एप लन्च गरेको थियो । जुलाई ३१ देखि यसलाई बन्द गरिनेछ । यसको सहयोगले प्रयोगकर्ताले आफ्नो कन्ट्याक्ट नम्बर तथा फेसबुकको जानकारीलाई एकै स्थानमा आफ्नो फोनमा राख्न सक्छन् ।

### फेसबुक मुभ्स

फेसबुकले सन् २०१४ मा यो एप्स लन्च गरेको थियो । यसको सहयोगले प्रयोगकर्ताले आफ्नो दैनिक कार्यको रेकर्ड राख्न सक्थे । गत जुलाई ३१ का दिन यसलाई बन्द गरियो ।

### गुगल एलो

गुगलले आफ्नो लोकप्रिय एप गुगल एलोलाई पनि बन्द गर्ने घोषणा गरेको छ । गत अप्रिलदेखि नै यसका लागि लगानी गर्न बन्द गरिएको थियो । गुगल एलो सन् २०१६ मा लन्च भएको थियो ।

### युट्युब गेमिङ एप


गुगलले आफ्नो युट्युब गेमिङ एप सन् २०१५ मा लन्च गरेको थियो । आगामी मार्चमा यसलाई बन्द गरिनेछ ।

### गुगल प्लस


धेरै पटक डाटा लिक भएपश्चात् गुगलले सोसल मिडिया प्लेटफर्म गुगल प्लस बन्द गर्ने निर्णय लिएको छ । पछिल्लो पटक यसका ५ लाख प्रयोगकर्ताको डाटा लिक भएको थियो ।

### गुगल क्रोम एप्स

गुगलले आफ्नो वेब स्टोर पनि बन्द गर्ने घोषणा गरेको छ । क्रोम वेब स्टोरको सपोर्ट अब विन्डोज, म्याक तथा लाइनक्समा उपलब्ध हुनेछैन ।



# स्मार्टफोन प्रविधिमा २०१८ ले देखाएको सम्भावना




### फिंगरप्रिन्ट स्क्यानर

निकट भविष्यमा स्मार्टफोनमा फिंगरप्रिन्ट स्क्यानर रहनेछैन। एप्पलले यसको सुरुवात गरिसकेको छ। एप्पलले नयाँ स्मार्टफोन एक्सएस, एक्सएस म्याक्स तथा एक्सआरमा फिंगरप्रिन्ट स्क्यानर समावेश गरेको छैन। यसमा सेक्युरिटीका लागि फेस आईडी मात्र उपलब्ध छ। एन्ड्रोइड फोनमा भिभो र ओप्पोले इन-डिस्प्ले फिंगरप्रिन्ट स्क्यानर सामेल गरेका छन्। आगामी दिनमा वान प्लस ६टी र सामसुङ ग्यालेक्सी एस १० मा पनि फिंगरप्रिन्ट स्क्यानर हुने छैनन्।

### सामान्य चार्जर

हाल सामान्य चार्जरको सहयोगले स्मार्टफोन चार्ज गर्न सकिन्छ। वायरलेस चार्जिङको प्रयोग बिस्तारै बढ्दैछ। कारको क्याबिनमा समेत वायरलेस चार्जिङ पोड उपलब्ध हुन थालेको छ। आगामी दिनमा मोबाइलका लागि चार्जिङ केबुल र एड्याप्टर आवश्यक पर्नेछैन। परिणाम अब मोबाइल फोन प्रयोगकर्ताहरूले चार्जर बोक्नु नपर्ने र वायरलेस पोडकै माध्यमबाट यसलाई चार्ज गर्न सकिनेछन्।

### सिंगल लेन्स क्यामेरा

हाल स्मार्टफोन निर्माता कम्पनीहरूले पछिल्लो भागको मेन क्यामेरा मोड्युलमा मल्टिपल लेन्स राख्ने लहर नै चलेको छ। आगामी दिनमा स्मार्टफोन निर्माता कम्पनीहरूले सिंगल लेन्स क्यामेरा हटाएर कमसेकम दुई वा तीन लेन्स भएको क्यामेरा प्रयोग गर्ने सम्भावना छ। सामसुङ, हुवावे आदिले यस प्रकारका लेन्स भएका क्यामेरा उपलब्ध गराइसकेका छन्।

### सिमकार्ड स्लट

एप्पलले यही वर्ष आएका नयाँ मोबाइलमा ईसिमको सहयोगले ड्युअल सिम सपोर्ट गर्न सकिने सुविधा उपलब्ध गराएको छ। एन्ड्रोइड फोन निर्माता कम्पनीहरू पनि यही अभियानमा लागेका छन्। फिजिकल सिमको प्रयोगलाई धेरैले हटाउदै गएका छन्। भारतमा समेत केही टेलिकम कम्पनीले इसिम उपलब्ध गराउन थालेका छन्। त्यसैले आगामी दिनमा सिम कार्ड राख्न छुट्टै स्लट आवश्यक हुने छैन।

### माइक्रो एसडी कार्ड

बाहिरी रूपमा राखिने माइक्रो एसडी कार्डले स्मार्टफोनको पर्फमेन्समा असर पुऱ्याउँछ। त्यसैले मोबाइल निर्माता कम्पनीहरूले ५ सय १२ जीबी बराबरको उच्च स्तरीय क्षमताको इन्टरनल स्टोरेज उपलब्ध गराएका हुन्छन्। आगामी दिनमा बाहिरी रूपमा प्रयोग गरिने माइक्रो एसडी कार्डको प्रयोगमा कमी ल्याउन विभिन्न प्रविधि उपलब्ध हुने सम्भावना बढ्दो छ।

### हेडफोन ज्याक र भोल्युम बटन

एप्पल र अन्य केही कम्पनीले हेडफोन ज्याक प्रयोग गर्न नपर्ने गरी स्मार्टफोन निर्माण गरिसकेका छन्। पारम्पारिक ३ दशमलव ५ मिलिमिटरको हेडफोन पहिले नै फेसनबाट हटिसकेको छ। अन्य कम्पनीहरूले पनि स्मार्टफोनमा मल्टी फङसनल पावर र चेक बटन ल्याउन सक्छन्। यसलाई भोल्युम बटनका रूपमा पनि प्रयोग गर्न सकिनेछ।

### नयाँ सम्भावना

स्मार्टफोन प्रविधिमा नयाँ केही सम्भावना पनि देखिएका छन्। अब सबै स्मार्टफोनमा कमसेकम दुईवटा सिम प्रयोग गर्न सकिने छ। सधैं एउटा मात्र सिम राख्न मिल्ने स्मार्टफोन निर्माण गर्ने कम्पनी एप्पलले समेत यो वर्ष ड्युअल सिम लाग्ने आईफोन ल्यायो। त्यसैगरी विभिन्न मोबाइल निर्माता कम्पनीले फ्लेक्जिबल डिस्प्ले र ड्युअल कलर डिस्प्ले भएका स्मार्टफोन सार्वजनिक गरिसकेका छन्।

### आईफोनमा ड्युअल सिम

यो वर्ष आईफोन इभेन्टमा एप्पलले ड्युअल सिम लाग्ने आईफोन सार्वजनिक गऱ्यो। सार्वजनिक गरिएको आईफोन एक्सएस, एक्सएस म्याक्स तथा एक्सआरमा एक इनसिम र अर्को फिजिकल सिम स्लट छ। पहिले एउटा मात्र सिम प्रयोग गर्न सकिने आईफोन भएकोमा अन्य कम्पनीहरूसँग प्रतिस्पर्धा गर्न एप्पलले यस प्रकारको आईफोन निर्माण गरेको हो।

### फ्लेक्जिबल डिस्प्लेका साथ पहिलो फोन

यो वर्ष क्यालिफोर्नियाको मोबाइल निर्माता कम्पनी रोयोलले फ्लेक्जिबल वा फोल्डेबल डिस्प्ले भएको स्मार्टफोन बजारमा उपलब्ध गरायो। यसलाई रोयोले फ्लेक्जिबल भनिएको छ। यसमा ७ दशमलव ८ इन्चको एमोलेड डिस्प्ले छ। फोल्ड गर्दा यो ४ इन्चको हुन्छ। यसमा अक्टाकोर स्न्यापड्रागन प्रोसेसर, ६ वा ८ जीबीको र्‍याम, १२८/२५६/५१२ जीबी स्टोरेज तथा ३ हजार ८ सय एमएएच ब्याट्री छ। यसमा १६ र २० मेगापिक्सेलको ड्युअल क्यामेरा छ। यो स्मार्टफोन एन्ड्रोइड ९.० मा आधारित कस्टम इन्टरफेसमा चल्छ।

### ड्युअल कलर डिस्प्ले फोन

नुबिया कम्पनीले अघिल्लो र पछिल्लो भागमा दुई रङका टचस्क्रिन भएको स्मार्टफोन लन्च गरेको छ। दुवै डिस्प्लेमा एउटै कन्टेन्ट राख्न मिल्ने सुविधा पनि छ। सेल्फी र भिडियो कलका लागि स्मार्टफोनलाई घुमाए पुग्छ। दुवैतर्फ फिंगरप्रिन्ट स्क्यानर सुविधा छ। यसमा स्न्यापड्रागन प्रोसेसर, ८ जीबी र्‍याम, २ सय ५६ जीबी सम्मको स्टोरेज, ३ हजार ८ सय एमएएच ब्याट्री, १६ र २४ मेगापिक्सेलको ड्युअल रियर क्यामेरा, ड्युअल सिम स्लट तथा यूएसबी पोर्ट आदि फिचर उपलब्ध छन्।

# विद्युतीय कारको सम्भावना



### ज्यागुअर आई-पेस

ज्यागुअरले यो वर्ष सार्वजनिक गरेको इलेक्ट्रिक एसयूभीआई-पेसलाई एकपटक चार्ज गरेपछि ४ सय ५० किलोमिटर गुडाउन सकिन्छ। यसमा ९० किलोवाट आवर भएको लिथियम आयोन ब्याट्री उपलब्ध छ, जसलाई ४५ मिनेटमै ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ।

### कियानिरो

कियाको निरो इलेक्ट्रिक एकपटकको चार्जमा साढे ४ सय किलोमिटर गुड्ने बताइन्छ। यसमा ६४ किलोवाट आवरको लिथियम पोलिमर ब्याट्रीयुक्त इलेक्ट्रिक मोटर छ। यसमा उपलब्ध १ सय किलोवाट चार्जरबाट ५४ मिनेटमै ८० प्रतिशत ब्याट्री चार्ज हुन्छ। यसको अर्को भेरिएन्ट पनि बजारमा आइसकेको छ। यसमा ३९ दशमलव २ किलोवाट आवरको ब्याट्री हुन्छ जसले सिंगल चार्जमा ३ सय किलोमिटर दूरी तय गर्छ।

### निसान लिफनिस्मो

यो पहिलेदेखि नै बजारमा लोकप्रिय रहेको निसानको इलेक्ट्रिक कार लिफको अपडेटेड भर्सन हो। यसमा ४० किलोवाट आवरको लिथियम आयोन ब्याट्री प्रयोग गरिएको छ, जसले ६७ प्रतिशत बढी पावर दिन्छ। एक्सिलरेसन राम्रो बनाउन लिफनिस्मोमा कस्टम ट्युनिङ कम्प्युटर छ। त्यसैगरी थप सुधारसहितको ह्यान्डलिङ र कम्फर्ट राइडका लागि कस्टम टायर एवं सस्पेन्सन राखिएको छ। निसान लिफविश्वमा सर्वाधिक बिक्री हुने इलेक्ट्रिक कार हो।

### बीएमडब्लू आईथ्री

बीएमडब्लूको यो कारलाई यो वर्ष पनि अपडेट गरिएको छ। यसमा १ सय ८१ बीएचपीको मोटर छ। यो कारले २ सय किलोमिटरसम्म सिंगल चार्जमा तय गर्न सक्छ।

### हुन्डाई कोना

हुन्डाईले सार्वजनिक गरेको क्रसओभर 'कोना इलेक्ट्रिक'लाई एकपटक चार्ज गरेपछि ४ सय किलोमिटर यात्रा गर्न सकिन्छ। फ्रन्ट ह्विल ड्राइभका आधारमा काम गर्ने यो कारमा ६४ किलोवाट आवरको ब्याट्री छ। यसलाई डीसी फास्ट चार्जिङ प्रविधिबाट ५४ मिनेटमा ८० प्रतिशतसम्म चार्ज गर्न सकिन्छ। यो कारको लङ रेन्ज भर्सनले शून्यदेखि १ सय किलोमिटरको गति ७ दशमलव २ सेकेन्डमै लिन सक्छ। कोना इलेक्ट्रिकको टपस्पिड १ सय ६७ किलोमिटर प्रतिघण्टा छ।

### टेस्लामोडल एस

टेस्लाले इलेक्ट्रिक कार पनि 'फास्टएन्ड फ्युरियस 'हुन सक्छ भनेर प्रमाणित गरेको छ। पहिले कुनै पनि इलेक्ट्रिक कारले एकपटक चार्ज गर्दा १ सय माइलभन्दा बढी दूरी पार गर्न नसक्ने अवस्थामा टेस्लाको यो कारले ४ सय ८२ किलोमिटर पार गर्न सक्यो। त्यसैगरी अन्य सबै कारमा हुने सुविधा यही एउटै कारमा प्राप्त गर्न सकिन्छ।

### फक्सवागन ई-गोल्फ

फक्सवागनले आफ्नो फेमिली ह्याच ब्याकको इलेक्ट्रिक भर्सनका रूपमा यसलाई बजारमा उपलब्ध गराएको हो। यसले एकपटकको चार्जमा २ सय किलोमिटर दूरी तय गर्छ। ५ वटा ढोका भएको यो कार फक्सवागनको एमक्युबी प्लेटफर्ममा निर्माण गरिएको छ।

### रेनो जोई

फ्रान्सेली अटो निर्माता कम्पनी रेनोको इलेक्ट्रिक कार जोईलाई यसपटकको नाडा अटो शोमा समेत सार्वजनिक गरेको थियो। अन्तर्राष्ट्रिय बजारमा प्रचलित निसानको इलेक्ट्रिक कार लिफसँग प्रतिस्पर्धा गरिरहेको जोईमा प्रयोग भएको इलेक्ट्रिक मोटरले १ सय ६ बीएचपी पावर तथा २ सय २५ एनएम टर्क दिन्छ।

### टेस्ला मोडल एक्स

सात जना बस्न मिल्ने टेस्लाको यो कार एकपटक चार्ज गर्दा ४ सय ६८ किलोमिटरसम्म गुड्न सक्छ। अमेरिकाको हाइवे सेफ्टी एड्मिनिस्ट्रेसनले सुरक्षाका लागि यसलाई फाइभ स्टार रेटिङ प्रदान गरेको छ। फरक खालको ढोका भएको यो कारलाई टाइट अवस्थामा समेत पार्किङ गर्न सकिन्छ।

### आउडी ई-ट्रोन

आउडीको पहिलो इलेक्ट्रिक एसयूभी ई-ट्रोनले ६ सेकेन्डमै १ सय किलोमिटरको स्पिड लिन्छ। त्यसैगरी यो कार सिंगल चार्जमा ४ सय किलोमिटर गुड्न सक्छ। यसको अधिकतम गति २ सय किलोमिटर प्रतिघण्टा छ।

बलिउड


# मिटु, विवाह, ब्रेकअप र डेट

रामजी ज्ञवाली

संसारको दोस्रो ठूलो चलचित्र उद्योग बलिउडको २०१८ ठीकठाकै बित्यो । सयौं खबरमध्ये केही थोरै खबर मिडियामा निरन्तर छाइरहे । यो वर्ष विवाहको प्रसंग अलिक बढी छायो । थुप्रै बलिउडस्टारले धूमधामका साथ लगनगाँठो कसे, तर २०१८ का विभिन्न खबरमध्ये सबैभन्दा धेरै चर्चामा रह्यो मिटु अभियान । अमेरिकाबाट फैलिएको मिटुको आगो बलिउडमा राम्रैसँग दन्कियो । २०१७ को अक्टोबरदेखि सामाजिक सञ्जालमा सुरु भएको मिटु ह्यासट्याग अभियान उत्कर्षमा पुग्यो ।

बलिउडमा मिटुको अभियान चर्काउने अभिनेत्री हुन्– तनु श्री दत्ता । तनु श्रीले नाना पाटेकरमाथि यौन दुर्व्यवहारको आरोप लगाएपछि बलिउडमा उक्त अभियानले चर्को रूप लियो । नानामाथि तनुश्रीले प्रहरीमा रिपोर्टसमेत गरेकी थिइन् । १० वर्षअघिको विवादास्पद अभिव्यक्तिका कारण चर्चामा रहेको यो खबरको पक्ष तथा विपक्षमा धेरैले मुख खोले ।

नाना पाटेकर, आलोक नाथ, साजिद खान, कैलाश खेर, सुभाष घई तथा जतिन दास हुँदै यो अभियानले सलमान खान समेतलाई मुछ्यो । सलमान र उनका भाइहरू अरबाज तथा सोहेलले यौन शोषण गरेको आरोप कलाकार पूजा मिश्राले लगाइन् । मोडल एवं भिजे पूजाले फिल्म सुल्तानको सुटिङका क्रममा सलमान तथा उनका भाइहरूले आफूमाथि बलात्कार गरेको आरोप लगाइन् । सलमान र



उनका भाइहरूमाथिको आरोपपछि पूजा ट्रोल मात्र भइन् ।

अभिनेत्री कंगना रणावतले अभिनेता ऋत्विक रोशनलाई मिटु अभियानमा मुछिदिइन् । कुनै बेला उनीहरू प्रेमी–प्रेमिका थिए । मिटु आतंकले सिंगै बलिउड तातेका बेला कंगनाले ऋत्विकको नाम लिएकी थिइन् । कंगनाले निर्देशक विकास बहलमाथि पनि यौनशोषणको आरोप लगाईन् ।

चर्चित अभिनेत्री प्रियंका चोपडा तथा अमेरिकी गायक निक जोन्सको विवाहको समाचार महिनाभर मिडियामा छायो । मिडियामा उनीहरूको अफेयर सार्वजनिक भएदेखि विवाह र हनिमुनसम्मका खबर राम्रै मसला सावित भए । उनीहरूले भारतकै जोधपुरमा १ र २ डिसेम्बरमा विवाह गरेका थिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीदेखि चर्चित सेलिब्रेटीहरूसम्मको उपस्थितिले पनि उनीहरूको विवाहलाई चर्चामा ल्यायो ।

अभिनेता रणविर सिंह तथा अभिनेत्री दीपिका पादुकोणको विवाहको पनि राम्रै चर्चा भयो । इटलीमा विवाह गरेर उनीहरूले भारतमा धूमधामसँग पार्टी गरे ।

यही वर्षको मेमा अभिनेत्री सोनम कपुर तथा आनन्द आहुजाको विवाह भयो । यो खबरले पनि राम्रै चर्चा पायो । चर्चित हास्यकलाकार कपिल शर्मा पनि विवाह–बन्धनमा बाँधिए । आफ्नी प्रेमिका गिन्नी चतुरथसँग १२ डिसेम्बरमा विवाह बन्धनमा बाँधिएका कपिल चर्चामा रहेको अर्को खबर हो, सहकर्मी सुनिल ग्रोबरसँगको झगडा । लामो समयको मनमुटावपछि उनीहरूले यही डिसेम्बरमा एक–अर्कासँग हात मिलाए ।

बलिउडमा यो वर्ष प्रेम प्रसंगले पनि राम्रै चर्चा पायो । अभिनेता अर्जुन कपुर तथा उनीभन्दा १२ वर्ष जेठी मलाइका अरोरासँगको प्रेमको चर्चा उत्कर्षमा पुग्यो । उनीहरूका समाचार महिनौंसम्म लगातार छाइरहे । २०१८ मा बलिउडका केही स्टारको स्वास्थ्य अवस्था नराम्रोसँग बिग्रियो । ऋषि कपुर, सोनाली बेन्द्रे, इरफान खान, शाहिद कपुर आदि सेलिब्रेटीको स्वास्थ्य अवस्था नाजुक भयो, जसमध्ये इरफान लन्डनमा अझै उपचार गराइरहेका छन् ।

यो वर्ष स्टार किड्सको बलिउड आगमनले समेत चर्चा पायो । सैफ अली खानकी छोरी अर्थात् शर्मिला टैगोरकी नातिनी सारा अलि खानले बलिउडमा पदार्पण गरिन् । उनले यो वर्षको अन्तिममा प्रदर्शित चलचित्र केदारनाथबाट बलिउडमा प्रवेश मात्र गरिनन्, राम्रो सम्भावनासमेत देखाइन् ।

यही वर्ष अभिनेता सलमान खानसँग सम्बन्धित खबरले पनि मिडिया तातियो । सलमानले जोधपुर जेलमा दुई रात बिताए भने प्रतीक्षित चलचित्र रेस–३ ले अपेक्षाकृत सफलता प्राप्त गरेन । यही वर्ष उनको र लुलिया भन्तुरको ब्रेकअपको हल्ला पनि राम्रैसँग चल्यो ।

यो वर्ष अभिनेत्री सोनाली बेन्द्रेको खबर पनि मिडियामा खुबै छायो । टेलिभिजन रियालिटी शोको निर्णायकका रूपमा सक्रिय सोनालीलाई क्यान्सरले गाँज्यो । यो खबरले बलिउडमा एकाएक सन्नाटा छायो, तर आफ्नै विश्वास र निरन्तरको उपचारपछि सोनाली क्यान्सरलाई माथ दिन सफल भइन् ।

अर्जुन कपुरको विषयमा अर्को खबर पनि राम्रै चल्यो । अर्जुन कपुरकी सौतेनी आमा श्रीदेवीको अघिल्लो वर्ष निधन भएको थियो । उनको निधनअघि अर्जुन आफ्ना बहिनीहरूको खासै मतलब राख्दैनथे, तर जब श्रीदेवीले संसार छोडिन्, यो कठिन परिस्थितिमा अर्जुनले बहिनीहरूप्रति स्नेहपूर्ण व्यवहार देखाए । विगतमा जे–जस्तो भए पनि कठिन परिस्थितिमा अर्जुनले बहिनीहरूप्रति देखाएको मायाले सर्वत्र प्रशंसा पायो । यससँगै उनको परिवार एकजुटसमेत भयो ।

अभिनेत्री जाहन्वी कपुरले पनि यही वर्ष बलिउडमा पदार्पण गरिन् । पहिलो चलचित्र धडकको सफलतासँगै हौसिएकी जाहन्वी अफेयरका कारणसमेत चर्चामा आइन् । उनी धडकका अभिनेता इशान खट्टरसँग गुपचुप प्रेममा रहेको खबर भाइरल पनि भैरहेको छ, तर यो जोडीले अहिलेसम्म मुख खोलेका छैनन् । यद्यपि दैनिकजसो डेट, डिनर, लन्च तथा हात समातेर घुमघाममा निस्किएका उनीहरूको प्रेम लुक्न भने सकिरहेको छैन । जाहन्वीको चर्चा केही हिसाबले सकारात्मक तरिकाले पनि भयो । आमा श्रीदेवीको निधनपछि जाहन्वीले चलचित्रलाई निरन्तरता दिइन् अनि आकर्षक अभिनयले दर्शकको माया बटुलिन् । प्रतिकूल परिस्थितिसँग जुध्दै उनले जुन सफलता हासिल गरिन्, त्यसको धेरैले खुलेर प्रशंसा गरे ।

# वर्ष २०१८ का उत्कृष्ट गीत

वर्ष २०१८ ले हामीबाट बिदा लिन अब चार दिन मात्र बाँकी छ । यो वर्षले आम दर्शकलाई प्रशस्त मनोरञ्जन गरायो । राम्रा चलचित्र हेर्न पाए । मीठा–मीठा गीत पनि सुन्न पाए । बलिउडमा प्रदर्शन भएका चलचित्रका अधिकांश गीत दर्शक तथा श्रोताले मन पराए । यो वर्ष गुगलमा सर्वाधिक खोजिएको आधारमा उत्कृष्ट १० गीतकोसूची यस्तो छ :

## १. दिलबर दिलबर

चलचित्र सत्यमेव जयते एक्सन प्रधान भए पनि यसको एउटा गीत गुगलमा वर्षकै सर्वाधिक खोजि गरिएको गीतको सूचीको पहिलो नम्बरमा छ । दिलबर दिलबर....शीर्षकको उक्त गीतको भिडियोमा नोरा फतेहीले आकर्षक नृत्य गरेकी छिन् । युट्युबमा मात्र दिलबर गीत ३६ करोड ९३ लाख पटक हेरिएको छ ।

## २. दारु बदनाम

दारु बदनाम शीर्षकको एउटा गैर फिल्मी गीत गुगल सर्चको दोस्रो स्थानमा छ । यो एउटा भिडियो गीत हो, जसमा कमल कहलों तथा प्रेम सिंहको स्वर सुन्न सकिन्छ । उक्त गीतको भिडियोमा पनि उनीहरूले नै अभिनय गरेका छन् । यो भिडियो युट्युबमा ३८ करोड ६४ लाख पटक हेरिएको छ ।

## ३. तेरा फितुर

बलिउडको सफल चलचित्र गदर एक प्रेम कथाका निर्देशक



अनिल शर्माका छोरा उत्कर्षको डेब्यु चलचित्र 'जीनियस' को 'तेरा फितुर....' युवापुस्ताको जिब्रोमा झुन्डिएको तथा सर्वाधिक खोजिको तेस्रो स्थानमा छ । युट्युबमा १९ करोड पटक हेरिएको हिमेश रेशमियाको संगीत निर्देशनको यो गीतमा अरिजित सिंहको स्वर सुन्न सकिन्छ ।

## ४. क्या बात है

पञ्जाबका लोकप्रिय गायक हार्डी संधूको 'क्या बात है' लोकप्रिय गीतको चौथो स्थानमा छ । उक्त गीतको भिडियो युट्युबमा २० करोड १९ लाख पटक हेरिएको छ, जसमा गायक हार्डीसँग केरोलिया मोउरा फिचर छिन् ।

## ५. देखते देखते

शाहिद कपुर तथा श्रद्धा कपुरको चलचित्र 'बत्ती गुल मिटर चालू' को 'देखते देखते' पनि सर्वाधिक खोजी गरिएको गीतको सूचीमा पर्न सफल भएको छ । आतिफ असलमको स्वरको उक्त गीत युट्युबमा ६ करोड ६० लाख भन्दा बढी पटक हेरिएको छ ।

## ६. दिल दीयां गल्ला

यो वर्ष सर्वाधिक खोजी गरिएको गीतको छैठौं स्थानमा सलमान खानको चलचित्र 'टाइटर जिन्दा है' को 'दिल दीयां गल्ला' छ । विशाल र शेखरद्वारा संगीतबद्ध उक्त गीतमा सलमान खान तथा कटरिना कैफ फिचर छन् । उक्त गीत युट्युबमा ४४ करोड १८ लाख पटक हेरिएको छ ।

## ७. लौंग इलाइची

पञ्जाबी चलचित्र 'लौंग लाइची' को शीर्षक गीत 'लौंग इलाइची' लोकप्रिय गीतको सूचीको सातौं स्थानमा छ । गायिका मन्नत नूरको स्वरको यो गीत युट्युबमा ५६ करोड ७ लाख पटक हेरिएको छ ।

## ८. बज

गायिका आस्था गिलको 'बज...' गीत सर्वाधिक खोजि गरिएको गीतको आठौं स्थानमा छ । गायक बादशाहलाई फिचर गरिएको उक्त गीतको भिडियो युट्युबमा १६ करोड १५ लाख पटक हेरिएको छ ।

## ९. डेस्पासीटो

लुइस फोन्सीको 'डेस्पासीटो' शीर्षकको गीत सर्वाधिक खोजिको नवौं स्थानमा छ । स्पेसिन भाषाको यो गीत युट्युबमा ५ अरब ८१ करोड पटक हेरिएको छ । यो गीत नेपाल तथा भारतमा मात्र होइन विश्वव्यापी रूपमै सर्वाधिक लोकप्रिय छ ।

## १०. परदा

परदा...पञ्जाबी गीत हो, जसमा गायक जस मानकको स्वर सुन्न पाइन्छ । वर्षको सर्वाधिक खोजीको दसौं स्थानमा रहेको यो गीतको शब्द तथा संगीत पनि गायक मानकले नै तयार पारेका हुन् । यो गीतको भिडियो युट्युबमा ३८ करोड २० लाख पटक हेरिएको छ ।

# हिट फ्लपको चक्र

रामजी ज्ञवाली





२०१७ को तुलनामा २०१८ बलिउडका लागि केही कारणले सुखद रह्यो । सफल चलचित्रको संख्यामा अघिल्लो वर्षको तुलनामा केही वृद्धि भए पनि दुःखद् कुरा के भो भने, २०१८ मा स्टार पावरले खासै चमत्कार गर्न सकेन । चलचित्र समीक्षकहरूका अनुसार कथावस्तु एवं प्रस्तुतीकरणमा भने बलिउडले निरन्तर फड्को मारिरहेको छ ।

## ब्लकबस्टर चलचित्र

ब्लकबस्टर चलचित्र त्यो हो जसले समाजका हरेक वर्गका व्यक्तिबाट पर्याप्त पैसा असुल्छ । एउटा चलचित्र ब्लकबस्टर हुँदा पोस्टर टाँस्नेदेखि स्टारसम्म लाइटम्यानदेखि क्यामेराम्यानसम्मलाई खुसी तुल्याउँछ । यो वर्ष रणवीर कपुर अभिनित चलचित्र सन्जुले चित्तबुझ्दो कमाई गर्‍यो । रणवीरको करिअरमा यो चलचित्र सबैभन्दा सफल चलचित्र सावित भयो । त्यस्तै चलचित्र पद्मावतको हिसाब किताब पनि राम्रो रह्यो । विभिन्न विरोधका बाबजुद पद्मावत प्रदर्शनमा आयो । चलचित्रले कमालको व्यापार गर्‍यो ।

## सुपरहिट चलचित्र

यो वर्ष बलिउडबाट जति सुपरहिट चलचित्र प्रदर्शनमा आए त्यसमा खासै नाम चलेका स्टार छैनन् । बधाई होले दर्शकलाई खुब हँसायो । यो चलचित्रलाई निरन्तर एक महिनासम्म दर्शकले साथ दिए । यस्तै आलिया भट्ट अभिनित चलचित्र राजीले बलिउडमा नायिका प्रधान चलचित्र पनि चल्न सक्छन् भन्ने सन्देश दियो । टाइगर श्राफ अभिनित चलचित्र वागी-२ ले पनि राम्रो व्यापार गर्‍यो । वर्षको अन्तिमतिर प्रदर्शनमा आएको डब चलचित्र २.० को हिन्दी भर्सन शानदार व्यापार गर्दै सुपरहिट सावित भयो ।

## हिट चलचित्र

आयुषमान खुरानाको थ्रिलर चलचित्र अन्धाधुन्दले राम्रै दर्शक जुटायो । यस्तै जोन अब्राहमको परमाणु तथा सत्यमेव जयतेले पनि आफूलाई सफल सावित गरे । वरुण धवन तथा अनुष्का शर्माको चलचित्र सुई धागाले पनि आफ्नो स्टारडम छोड्यो । जाहन्वी कपुरको पर्दापण चलचित्र धड्क हिट सावित भयो । वीरे दि वेडिङमा अधिकांस महिला कलाकार थिए तर त्यसले सम्पूर्ण किसिमका दर्शक बटुल्यो । अजय देवगण तथा अक्षयकुमार जस्ता स्टार अभिनित चलचित्र रेड तथा प्याडम्यान हिट त भए तर यी चलचित्रबाट अलिक बढी अपेक्षा गरिएको थियो ।

## औसत चलचित्र

यो श्रेणीमा सामेल चलचित्रले आफ्नो लागत मात्र होइन केही नाफासमेत कमाए । अक्षयकुमारको गोल्ड बक्सअफिसमा औसत सावित भयो । सन्तोजनक व्यापार गरेका चलचित्र १ सय २ नट आउट, अक्टोवर र हिचकीमध्ये हिचकीको व्यापार केही राम्रो रह्यो ।

## फ्लप चलचित्र

बलिउडका असफल चलचित्रको सूची पनि निकै लामो छ । यो सूचीका अधिकांश चलचित्रले लगानी मात्र डुबाएनन्, स्टारको स्टारडममा समेत प्रश्न खडा गरे । फ्लप चलचित्रमध्ये अमिर खानको ठग्स अफ हिन्दोस्तान सबैभन्दा माथि छ । करोडौंको लागतमा तयार भएको यो चलचित्र नराम्रोसँग पछारियो । यो चलचित्र प्रदर्शन भएको केही सातापछि आमिर खानले चलचित्र असफल भएको कुरा स्वीकारसमेत गरे । सलमान खानको चलचित्र रेस-३ पनि असफल चलचित्रको सूचीमा समाहित भयो । आशा राखिएको चलचित्र नमस्ते इंग्ल्याण्डले केही दिनमै सबैलाई नमस्ते गरिदियो । वर्षको अन्त्यमा प्रदर्शित शाहरूख खानको जिरो पनि बक्स अफिसमा जिरो सावित भयो ।

## हलिउडको दबदबा

बलिउडले संसारभर आफ्नो क्षेत्र विस्तार गरिरहेका वेला यो वर्ष बलिउड बजारमा हलिउडले राम्रैसँग आक्रमण गर्‍यो । बलिउड वजारमा हलिउड चलचित्र एभेन्जर्स : इन्फिनिटी वार ब्लकवस्टर सावित भयो । यो चलचित्रले लगभग २ सय २२ करोड रुपैयाँ कलेक्सन गर्‍यो । मिसन इम्पोसिवल, इन्क्रेडिवल्स-२, जुरासिक वर्ड : फलन किङ्गडम आदिले समेत बलिउडमा शानदार व्यापार गरे ।

## खस्कियो स्टारडम

बलिउडका सबैभन्दा नाम चलेका स्टार्सले यो वर्ष कुनै चमत्कार गर्न सकेनन् । आमिर खान, शाहरुख खान तथा सलमान खानका चलचित्रहरू असफल भए । अक्षयकुमारको २.० त सफल भयो, तर बलिउड विज्ञहरू भन्छन्, 'यदि रजनीकान्त नभएको भए यो चलचित्र पनि फ्लप हुन सक्थ्यो, अक्षय एक्लैले केही गर्न सक्दैनथे ।' अक्षयको यसअघि प्रदर्शित चलचित्र प्याडम्यान गोल्डले अपेक्षाभन्दा कम सफलता पायो तर रणवीर कपुर र रणवीर सिंहका लागि यो वर्ष यादगार रह्यो । वरुण धवनको चमक मात्र देखियो । अपेक्षाकृत सफलता प्राप्त गर्न नसके पनि उनीहरूको स्टारडम भने नखस्किएको कतिपयको तर्क छ । अर्जुन कपुर तथा सिद्धार्थ मल्होत्रा लगातार पछाडि धकेलिए । टाइगर श्राफ अलिकति उक्लिए । जोन अब्राहमका लागि यो वर्ष राम्रै रह्यो । बधाई हो तथा अन्धाधुन्धपछि आयुष्मान खुराना बलिउड स्टार सावित भए । यही कुरा राजकुमार रावको हकमा पनि लागू हुन्छ । सनी देओल, गोविन्दा तथा सन्जय दत्त अव विगतका स्टार हुन भन्ने बाहेक अरू केही हुन सकेन । सोनुके टिटु स्विटीपछि कार्तिक आर्यनको कद राम्रैसँग बढ्यो । अभिषेक बच्चनले यो वर्ष पनि प्रयास बाहेक अरू केही गर्न सकेनन् । शाहिद कपूर पद्मावतको सफलतापछि मखख परे ।

## नयाँ स्क्रिन

यो वर्ष जाह्नवी कपुर तथा सारा अलि खानले बलिउडमा पर्दापण गरे । यी दुई अभिनेत्रीलाई धेरैले लामो रेसको घोडा बताएका छन् । अभिनेत्री प्रियंका चोपडाले बलिउडमा खासै केही गर्न सकिनन् । दीपिका पादुकोण निकै चुजी भइन् । पद्मावतले उनको उचाइ डबल गरिदियो । कैटरिना कैफलाई ठग्स अफ हिन्दोस्तानको असफलताले नराम्रोसँग झड्का दियो । आलिया भट्टले राजीको प्रदर्शनपछि अब उनी बलिउडकी स्टार अभिनेत्रीको सूचीमा उक्लिदैछिन् भन्ने सावित गरिन् । अभिनेत्री अनुष्का शर्माको अनुहारमा कुनै कालो बादल लागेन । सन्जु, सुई धागा जस्ता हिट चलचित्र दिएकी अनुष्काको अभिनयको समेत प्रशंसा भयो । श्रद्धा कपुरको चलचित्र स्त्रीले पनि दर्शकको मन राम्रैसँग जित्यो । अघिल्ला वर्षजस्तो ज्याकलिन फर्नाडिस, सोनाक्षी सिन्हा आदि अभिनेत्रीका लागि यो वर्ष उपलब्धिमूलक रहेन । अभिनेत्री सोनम कपूरका लागि यो वर्ष सम्झनलायक रह्यो । पहिलो कुरा उनी विवाह बन्धनमा बाँधिइन्, अर्को कुरा सोनमद्वारा अभिनित चलचित्र प्याडम्यान, विरे दि वेडिङ, सन्जु आदि सफल सावित भए ।



### अभिनेताहरूको स्कोरकार्ड

| नाम | ब्लकबस्टर | सुपरहिट | हिट | औसत | फ्लप |
|---|---|---|---|---|---|
| रणवीर कपुर | १ | ० | ० | ० | ० |
| रणवीर सिंह | १ | ० | ० | ० | ० |
| शाहिद कपूर | १ | ० | ० | ० | १ |
| अक्षयकुमार | ० | १ | १ | १ | ० |
| टाइगर श्राफ | ० | १ | ० | ० | ० |
| राजकुमार राव | ० | १ | ० | ० | ४ |
| आयुष्मान खुराना | ० | १ | १ | ० | ० |
| जोन अब्राहम | ० | ० | २ | ० | ० |
| अजय देवगण | ० | ० | १ | ० | ० |
| वरुण धवन | ० | ० | १ | १ | ० |

### अभिनेत्रीहरूको स्कोरकार्ड

| नाम | ब्लकबस्टर | सुपरहिट | हिट | औसत | फ्लप |
|---|---|---|---|---|---|
| अनुष्का शर्मा | १ | ० | १ | १ | ० |
| दीपिका पादुकोण | १ | ० | ० | ० | ० |
| सोनम कपूर | १ | ० | २ | ० | ० |
| आलिया भट्ट | ० | १ | ० | ० | ० |
| श्रद्धा कपूर | ० | १ | ० | ० | १ |
| जान्हवी कपुर | ० | १ | ० | ० | ० |
| एमी ज्याक्सन | ० | १ | ० | ० | ० |
| मौनी राय | ० | ० | १ | ० | ० |
| करिना कपूर खान | ० | ० | १ | ० | ० |
| राधिका आप्टे | ० | ० | १ | ० | ० |

# हलिउडका उत्कृष्ट १० चलचित्र

वर्ष २०१८ मा हलिउडमा प्रदर्शन भएका चलचित्रमध्ये उत्कृष्ट व्यवसाय गर्न सफल केही चलचित्रहरु :









## १. एभेन्जर्स : इन्फिनिटी वार

**निर्देशक** : एन्थनी रुसो तथा जो रुसो

**कलाकार** : रोबर्ट डोनी जुनियर, क्रिस हेमस्वर्थ, मार्क रफलो, क्रिस इभान्स, स्कार्लेट जोहन्ससन आदि ।

२३ अप्रिल २०१८ का दिन प्रदर्शनमा आएको यो चलचित्र वर्षकै सबैभन्दा बढी आम्दानी गर्न सफल चलचित्र हो । यो एउटा अमेरिकी सुपरहिरो चलचित्र हो, जुन मार्वल कमिक्सको सुपरहिरो टिम एभेन्जर्समा आधारित छ । सन् २०१२ मा सार्वजनिक भएको चलचित्र द एभेन्जर्स तथा २०१५ को एभेन्जर्स : एज अफ अल्ट्रानको सिक्वेलका रूपमा प्रदर्शन भएको एभेन्जर्स : इन्फिनिटी वार मार्वल सिनेमेटिक युनिभर्सको १९ औं चलचित्र हो । साइन्स फिक्सनमा आधारित यो चलचित्रमा एभेन्जर्स तथा गार्जियन्स अफ द ग्यालेक्सीसँग मिलेर थेनसलाई रोक्ने प्रयास गरिएको छ, जो अलौकिक मणी संकलन गर्ने अभियान छ । यो चलचित्रलाई हलिउडको हालसम्मकै सबैभन्दा महँगो चलचित्र मानिएको छ । यसमा ३ सय २० मिलियन डलर लगानी गरिएको थियो । यो चलचित्रले विश्वभरिबाट २ बिलियन डलरभन्दा बढी संकलन गरेको बताइन्छ ।

## २. ब्ल्याक प्यान्थर

**निर्देशक** : रियान कूगनर

**कलाकार** : चाडविक बोसम्यान, माइकल बि जोर्डन, लुपिता न्योङ, डानिया गुरिरा, मार्टिन फ्रिम्यान आदि

२९ जनवरी २०१८ मा प्रदर्शित चलचित्र 'ब्ल्याक प्यान्थर' यो वर्ष सर्वाधिक आम्दानी गर्ने चलचित्रको दोस्रो स्थानमा छ । यो एउटा अमेरिकी सुपरहिरो चलचित्र हो, जुन मार्वल कमिक्सको यही नामको चरित्रमा आधारित छ । यो चलचित्रमा अभिनेता चाडविक बोसम्यानले टी चाल्लाको भूमिका निर्वाह गरेका छन् । चलचित्रको कथा अनुसार टी चाल्ला सिभिल वारका घटनाहरूपछि वकाण्डाको राजाका रूपमा घर फर्कन्छन्, जहाँ उनी एक पुराना विरोधीबाट खतरा देख्छन् । समीक्षकहरूले यो चलचित्रलाई वर्षकै सर्वश्रेष्ठ चलचित्र मान्दै यसको सांस्कृतिक महत्वका बारेमा उल्लेख गरेका छन् । २ सय मिलियन डलर लगानी भएको यो चलचित्रले विश्वभरिबाट १३ अरब डलर आम्दानी गरेको थियो ।

## ३. जुरासिक पार्क : फलेन किङडम

**निर्देशक** : जे ए बायोना

**कलाकार** : फ्राङ्क मार्शल, प्याट्रिक कोली, बेलेन एटिन्जा आदि ।

यो २२ जुन २०१८ मा प्रदर्शनमा आएको साइन्स फिक्सन एड्भेन्चर चलचित्र हो । सन् २०१५ मा प्रदर्शित जुरासिक पार्कको यो सिक्वेल चलचित्र यही श्रृंखलाको पाँचौं चलचित्र हो । पहिलो पटक प्रदर्शन भएको जुरासिक पार्कको मिति अनुसार यो वर्ष जुरासिक पार्कको २५ औं वार्षिकोत्सव समेत हो । चलचित्रको इतिहासमै यो सबैभन्दा बढि लोकप्रिय तथा सफल श्रृंखलामध्ये एक मानिन्छ । युनिभर्सल पिक्चर्सको यो चलचित्रमा सन् १९९३ देखि जुरासिक पार्क श्रृंखलाका सबैभन्दा लोकप्रिय चरित्रमध्ये एक अभिनेता जेफ गोल्डब्लमलाई पछिल्लो श्रृंखलामा डाक्टर इयान मेल्कमका रूपमा समावेश गरिएको छ । यो चलचित्र थिम पार्क तथा लग्जरी रिसोर्ट जुरासिक पार्कलाई डाइनोसरले नष्ट गरेको दृश्यबाट प्रारम्भ हुन्छ । इस्ला नुबलर द्वीपलाई मानिसहरूले त्यागिसकेका छन् । यो चलचित्रमा डाइनोसरले जंगलमा राज गरेको प्रसंगलाई प्रभावकारी शैलीमा चित्रण गरिएको छ । १ सय ७० मिलियन डलर लगानी गरिएको यो चलचित्रले १३ बिलियन डलर आम्दानी गरेको बताइन्छ ।

## ४. इन्क्रिडिबल्स- २

**निर्देशक** : ब्राड बिर्ड

**कलाकार** : क्राइग टी नेल्सन, होली हन्टर, सराह भोवेल, हङ्क मिल्नर, समुइल एल ज्याक्सन आदि ।

१५ जुन २०१८ का दिन विश्वव्यापी प्रदर्शनमा आएको यो चलचित्र थ्रीडी कम्प्युटर एनिमेटेड सुपरहिरो चलचित्र हो । यो चलचित्रमा एक जना व्यक्ति आफ्ना नयाँ शत्रुसँग लड्दै सामान्य जनतालाई बदल्ने क्रममा एउटा परिवारलाई पछ्याउँछन् । यो चलचित्रको कथा तिनै शत्रु तथा सामान्य परिवारबीचको संघर्षमा आधारित छ । १ घण्टा १८ मिनेट लामो यो चलचित्रको कथा अनुभवी लेखक ब्राड बिर्डले लेखेका हुन् । कलाकारहरूको जीवन्त अभिनयसँगै प्रभावकारी कथाका कारण यो चलचित्रलाई दर्शकहरूले मन पराएका हुन् । २ सय मिलियन डलरमा तयार भएको यो चलचित्रले १२ बिलियन डलर आम्दानी गरेको थियो ।

## ५. भेनम

**निर्देशक** : रुबेन फ्लेस्चर

**कलाकार** : टम हार्डी, माइकल विलियम, स्कट हेज, रिज अहमद, रेड स्कट आदि ।

१ अक्टोबर २०१८ मा प्रदर्शनमा आएको चलचित्र 'भेनम' यो वर्ष सर्वाधिक आम्दानी गर्ने चलचित्रको पाँचौं स्थानमा छ । कोलम्बिया पिक्चर्सले यो चलचित्र १ सय १६ मिलियन डलरमा निर्माण गरेको हो, जसले ८ सय ५४ मिलियन डलर आम्दानी गरेको थियो । भेनम पनि अमेरिकी सुपरहिरोमा आधारित चलचित्र हो । यो चलचित्र मार्वल कमिक्सको भेनम नाम गरेको पात्रमा आधारित छ ।

## ६. मिसन इम्पोसिबल- फलआउट

**निर्देशक** : क्रिस्टोफर क्याक्वेरी

**कलाकार** : टम क्रुज, हेन्सी काभिल, भिङ रम्स, सिमोन पेग, रेबेका फर्ग्युसन आदि ।

२७ जुलाई २०१८ मा प्रदर्शित हलिउड सुपरस्टार टम क्रुजको यो चलचित्र १ सय ७८ मिलियन डलरमा निर्माण भएको हो । यो चलचित्रले ७ सय ९१ मिलियन डलर आम्दानी गरेको छ । द्वन्द्वप्रधान यो चलचित्र जासुसी लडाइँमा आधारित छ । मिसन इम्पोसिबलको यो तेस्रो श्रृंखला एउटा मिसनमा आधारित छ । आईएमएफको लक्ष्य पूर्ण रूपमा विफल भएपछि विश्वले त्यसको गम्भीर परिणाम भोग्नु परेको थियो । चलचित्रका मुख्य पात्र ईथन हन्ट (टम क्रुज) असफलताको जिम्मेवारी स्वीकार गर्दै त्यही अभियानलाई पुरा गर्ने योजनाका साथ अघि बढ्छन् । यद्यपि सीआईएले उनको कामप्रति सधैं प्रश्न उठाइरहन्छ । विश्वलाई संकटबाट जोगाउन उनले हत्याराहरूका साथ-साथै आफ्नै पुराना सहयोगीहरूसँग पनि लड्नुपर्छ । प्लेटेनियम धातुलाई खतरनाक हातमा पर्नबाट जोगाउनु नै यो चलचित्रका नायकको मुख्य उद्देश्य हो ।

## ७. डेडपुल-२

**निर्देशक** : डेविड लिच

**कलाकार** : रायन रेनाल्ड्स, जोश ब्रोलिन, मोरेना बेक्करीन, जुलियन डेनिसन, जजी बीटज आदि ।

१८ मे २०१८ मा प्रदर्शनमा आएको यो चलचित्र १ सय १० मिलियन डलरमा निर्माण भएको हो, जसले ६ सय ५७ मिलियन डलर बराबरको व्यवसाय गरेको बताइन्छ । यो अमेरिकी सुपर हिरो चलचित्र मार्वल कमिक्सको चरित्र डेडपुलमा आधारित छ । एक्स म्यान श्रृंखलाको यो ११ औं चलचित्र सन् २०१५ मा प्रदर्शित डेडपुलको सिक्वेल पनि हो । यो चलचित्र भविष्यबाट आएका एक जना सिपाहीले एउटा एक्स फोर्स शीर्षकको टीम गठन गरेर सुरक्षासम्बन्धी गतिविधिमा केन्द्रित रहने कथामा आधारित छ ।

## ८. बोहेमियन र्‍यापसोडी

**निर्देशक** : ब्रायन सिंगर तथा डेक्स्टर फ्लेचर

**कलाकार** : रमी मलिक, लुसी ब्याइन्टन, ग्विलिम लि, बेन हार्डी आदि ।

२३ अक्टोबर २०१८ मा प्रदर्शनमा आएको यो चलचित्र एउटा बायोग्राफी हो, जसमा बेलायती सांगीतिक समूह क्विनलाई चित्रण गरिएको छ । चलचित्रमा उक्त ब्यान्डका गायक फ्रेडी मर्करीको जीवन चित्रण गरिएको छ । फ्रेडीले सन् १९८५ मा विम्ब्ली स्टेडियममा दिएको कन्सर्टलाई चलचित्रको मुख्य विषय बनाइएको छ । यो बेलायती-अमेरिकी चलचित्रलाई ट्वान्टिथ सेन्चुरी फक्सले निर्माण गरेको हो । ५५ मिलियन डलर लगानी गरिएको यो चलचित्रले ६ सय ६७ मिलियन डलर आम्दानी गरेको थियो ।

## ९. एन्ट-म्यान एन्ड वास्प

**निर्देशक** : पेटन रीड

**कलाकार** : पल रुड, इभान्जेलिन लिली, माइकल पेना, वाल्टन गोगिन्स, जोडी ग्रिर आदि ।

२५ जुन २०१८ मा प्रदर्शित यो चलचित्र १ सय ९५ मिलियन डलरमा तयार पारिएको हो, जसले ६ सय २२ मिलियन डलर आम्दानी गरेको छ । वाल्ट डिज्नीको यो अमेरिकी सुपरहिरो चलचित्र मार्वल कमिक्सको चरित्र स्कट ल्याङ/एन्ट म्यानमा आधारित छ ।

## १०. फेन्टास्टिक बिट्स : द क्राइम्स अफ ग्रिन्डवाल्ड

**निर्देशक** : डेविड येट्स

**कलाकार** : इडी रेडमेन, क्याथराइन वाटरसन, डन फोग्लर, एलिसन सुडोल आदि ।

९ नोभेम्बर २०१८ मा प्रदर्शनमा आएको यो एउटा फेन्टासी चलचित्र हो । जेके रोलिङको लेखनमा निर्माण भएको यो चलचित्रमा २ सय मिलियन डलर लगानी गरिएको थियो, जसले ६ सय १२ मिलियन डलर आम्दानी गरेको बताइन्छ । बेलायत तथा अमेरिकामा संयुक्त रूपमा निर्माण गरिएको यो चलचित्र दुई वर्षअघि प्रदर्शित फेन्टास्टिक बिट्स एन्ड ह्वेयर टु फाइन्ड देमको सिक्वेल हो ।

# हलिउडका केही रोचक घटनाक्रम

● वर्ष २०१८ को अन्तिम महिनाको पहिलो साता लोकप्रिय गायिका शकिरामाथि ट्याक्स चोरीको आरोप लाग्यो। स्पेनका सरकारी अधिकारीहरूले शकिरामाथि १४ हजार ५ सय युरो ट्याक्स चोरी गरेको आरोप लगाए। शकिरा सन् २०१५ मा बहामासबाट स्पेनको बार्सिलोना आएर बसेकी थिइन्। सरकारी अधिकारीहरूका अनुसार शकीराले सन् २०१२ देखि २०१४ का बीच पनि स्पेनमा बसोबास गरेकी थिइन्, जसअनुसार शकिराले ती दुई वर्षबीच भएको आम्दानिको ट्याक्ससमेत स्पेनमै भर्नुपर्छ। शकिराले भने उक्त आरोपलाई गलत भनेकी छिन्।

● हलिउडका लोकप्रिय अभिनेता लियोनार्दो डिकेप्रियाले उपहारका रूपमा पाएको ओस्कार एवार्ड फिर्ता गरिदिएका छन्। दिवंगत अभिनेता मर्लन ब्रेडोले जितेको उक्त एवार्ड एक मलेसियन फाइनान्सरले डिकेप्रियोलाई उपहारमा दिएका थिए। धोकासम्बन्धी एउटा मुद्दाका कारण डिकेप्रियोबाट उक्त एवार्ड फिर्ता मागिएको हो।

● अमेरिकी र्‍यापर टी पेनको नयाँ गीत 'द्याट्स यो मनी' माथि धुन चोरीको आरोप लागेको छ। टी पेनले उक्त गीतमा हिन्दी चलचित्र आशिकी-२ को 'तुम हि हो' को धुन नक्कल गरेको बताइएको छ। कपिराइटको आरोप लाग्ने बित्तिकै पेनले उक्त गीत आफ्नो यूट्युब च्यानलबाट हटाएका छन्।

● यही वर्ष हलिउड अभिनेता एडी मर्फी दसौं पटक बुवा बनेका छन्। उनले प्रेमिका पेज बुचरका तर्फबाट दसौं सन्तानका रूपमा छोरा जन्माएका हुन्। एडीले नोभेम्बर ३० का दिन जन्मिएका आफ्ना दशौं सन्तानको नाम मेक्स चार्ल्स मर्फी राखेका छन्।

● अमेरिकी गायिका एरियाना ग्रान्डेले सार्वजनिक गरेको नयाँ गीत 'थ्यांक यू नेक्स्ट' ले नौलो कीर्तिमान कायम गरेको छ। युट्युबमा अपलोड भएको आधा घण्टाभित्र उक्त भिडियो १० लाख पटक हेरिएको थियो, जुन भ्युज आजका मितिसम्म अन्य कुनै पनि गीतले पाएको छैन।

● अमेरिकी टेलिभिजन स्टार पेरिस हिल्टनले आफ्ना प्रेमि क्रिस जिल्कासँगको सम्बन्ध तोडेको घोषणा गरिन्। उनको उक्त घोषणालगत्तै क्रिसले इन्गेज्मेन्ट रिङ फिर्ता मागेका छन्। उक्त औंठीको मूल्य झन्डै २० करोड रुपैयाँ भएको बताइन्छ।

● हलिउडका लोकप्रिय अभिनेता रोबर्ट डी निरो तथा उनकी श्रीमती ग्रेस हाइटावरले २० वर्ष पुरानो वैवाहिक सम्बन्ध टुंग्याउने घोषणा गरेका छन्। ७५ वर्षीय रोबर्ट तथा ६३ वर्षीया ग्रेसले सन् १९९७ मा विवाह गरेका थिए। उनीहरूका २० वर्षीय छोरा तथा ६ वर्षीया छोरी छन्।

● लोकप्रिय कार्टुन पात्र मिकी माउस वर्ष २०१८ को नोभेम्बरदेखि ९० वर्षका भएका छन्। १८ नोभेम्बर १९२८ मा मिकी माउसलाई पहिलो पटक चलचित्र 'स्टीबोट विले' मा प्रस्तुत गरिएको थियो। गत नोभेम्बर महिनामा उनीहरूको ९० औं जन्मोत्सव मनाइएको हो।

● रियालिटी टेलिभिजन स्टार तथा मेकअप प्रोडक्ट निर्माता काइली जेनरलाई एउटा मेकअप कम्पनिले प्रोडक्ट चोरी गरेको आरोप लगाएको छ। शिरी कस्मेटिक कम्पनीले काइली तथा उनको कम्पनी काइली कस्मेटिक्समाथि बर्न टु स्पार्कल मेकअप लाइन चोरी गरेको आरोप लगाएको हो।




● पप गायक जस्टिन बीबर तथा उनकी प्रेमिका गायिका/मोडल हेली बाल्डविनले सेप्टेम्बर महिनामा न्यूयोर्कको एउटा अदालतमा विवाह गरे। पेपर म्यारिज गरेका उनीहरूले विवाहको खबरलाई भने गोप्य राख्न चाहेका थिए। त्यसअघि उनीहरूले जुलाई ७ मै गोप्य रूपमा इन्गेज्मेन्ट गरिसकेका थिए। यसका साथै जस्टिनले अमेरिकी नागरिकता लिने भएका छन्। जस्टिनको जन्म क्यानाडाको ओन्टारियोमा भएपनि उनी अमेरिकालाई असाध्यै मन पराउँछन्। समाचारमा जनाइए अनुसार जस्टिन विगत ११ वर्षदेखि अमेरिकामै छन्।

● अमेरिकी र्‍यापर म्याक मिलरको २६ वर्षको उमेरमा निधन भएको छ। गत सेप्टेम्बर महिनामा ड्रग्सको ओभरडोजका कारण उनको निधन भएको बताइन्छ। उनलाई क्यालिफोर्नियाको आफ्नै घरमा मृत अवस्थामा फेला पारिएको थियो।

● २५ वर्षीया अमेरिकी गायिका डेमी लोवेटोलाई ड्रग्सको ओभरडोजका कारण अस्पताल भर्ना गर्नु पर्‍यो। गत सेप्टेम्बर महिनामा अत्यधिक मात्रामा ड्रग्स लिएका कारण उनको स्वास्थ्यमा नकारात्मक प्रभाव परेको थियो। उनी केही वर्षदेखि ड्रग एब्युजसँग संघर्ष गरिरहेकी छिन्।

● अमेरिकी गायिका एरियाना ग्रान्डेले आफ्नो शरीरमा ६० प्रतिशत स्याम्पेन भएको बताएकी छिन्। डिसेम्बरको पहिलो साता एउटा पत्रिकालाई अन्तरवार्ता दिँदै उनले आफू निकै पियक्कड भएको बताएकी थिइन्। एरियानाले आफ्नो नाम नै स्याम्पेन राखिएको समेत उल्लेख गरेकी छिन्।

● ओस्कार एवार्ड्समा होस्टको विवाद लामो समयदेखि थियो। अहिले आएर अभिनेता केविन हार्ट विवादमा आएपछि वर्ष २०१९ को ओस्कारको होस्ट कसले गर्ने भन्ने कुराले थप विवाद सिर्जना गरेको छ। हार्टलाई आगामी वर्षको ओस्कारको होस्टका रूपमा छनौट गरिएको थियो, यद्यपि उनी आफ्नो एन्टी-गे ट्विटका कारण विवादमा तानिए। हार्टले सन् २०११ मै उक्त ट्विट गरेका थिए, जसलाई उनले डिलिट गरिसकेका छन्।

● एभेन्जर श्रृंखलाको अन्तिम चलचित्र 'एभेन्जर : इन्ड गेम' को ट्रेलर डिसेम्बर महिनाको पहिलो साता सार्वजनिक भयो। यद्यपि उक्त ट्रेलरले प्रशंसकहरूलाई भने दुःखी बनाएको छ। ट्रेलर नराम्रो भएर प्रसंशकहरू दुःखी भएका होइनन्, ट्रेलर हेरेपछि प्रसंशकहरू भावुक भएका हुन्। उक्त ट्रेलरमा संसारलाई जोगाउने सुपरहिरोलाई नै दुःखी र रोइरहेको देखाइएकाले प्रसंशकहरू दुःखी भएका हुन्। यो ट्रेलरले यूट्युबमा छोटो समयमा सर्वाधिक हेरिएको ट्रेलरका रूपमा कीर्तिमान कायम गरेको छ।

● हलिउडका सुपरस्टार ज्याकी च्यानकी छोरी एटा एन जी आफूभन्दा १२ वर्ष जेठी गर्लफ्रेन्ड एन्डी एटमसँग विवाह गरेपछि चर्चामा आइन्। उनीहरू एक वर्षअघिदेखि प्रेम सम्बन्धमा थिए। उक्त जोडीले विवाहको जानकारी सामाजिक सञ्जालमार्फत गराएको हो। उनीहरूले डिसेम्बरको पहिलो साता क्यानाडामा विवाह गरेको बताइन्छ। एण्डीले इन्स्टाग्राममा उनीहरूको जोडीको तस्बिर शेयर गर्दै लेखेकी छिन्- 'पत्नी-पत्नीका रूपमा हामी हडकड आउँदैछौं। प्रेमले हाम्रो आँखा खोलिदिएको छ। अब मलाई डर छैन।'

● क्यालिफोर्नियाको जंगलमा लागेको आगोलाई अमेरिकी इतिहासकै सबैभन्दा भीषण आगलागीको संज्ञा दिइयो। उक्त आगलागीमा करिब ४४ जनाले ज्यान गुमाए भने हलिउडकर्मी जेरार्ड बटलर तथा माइली साइरसले समेत आफ्नो घर गुमाए। हलिउड चलचित्रका अभिनेता बटलरले इन्स्टाग्राममा सम्पूर्ण क्यालिफोर्नियाका लागि उक्त घटना दुःखद भएको उल्लेख गरे। उनले आगो निभेपछि आफ्नो घरको तस्बिर शेयर गरेका थिए। उक्त आगलागीमा गायिका माइली साइरसको घरसमेत ध्वस्त भयो। उनले ट्विट गर्दै आफ्नो घर नष्ट भएको उल्लेख गरिन्। साइरसले लेखेकी छिन्- 'आगोबाट प्रभावित व्यक्तिहरूका लागि सम्पूर्ण रूपले आहत छु। म खुसी छु, मेरा घर पालुवा जनावर तथा मेरो जीवन जोगिएको छ। मेरा लागि यही नै महत्वपूर्ण कुरा हो।' उक्त घटनापछि हलिउड स्टार किम कार्दशियन तथा उनका श्रीमान् कान्ये वेस्टले करिब साढे ३ करोड रुपैयाँ आगलागी पीडितका लागि हस्तान्तरण गरेका थिए।

● अमेरिकी र्‍यापर तथा संगीत निर्माता कान्ये वेस्टले आफ्ना नाम परिवर्तन गरेका छन्। उनलाई अब ये नामले चिनिनेछ। कान्येले ट्विट गर्दै आफ्नो नयाँ नामका बारेमा जानकारी गराएका हुन्।

# फिल्मी डायरी

## चैत १ मा पुरानो बुलेट

भीषण राईद्वारा निर्देशित चलचित्र पुरानो बुलेट आगामी चैत १ मा प्रदर्शनमा आउने पक्का भएको छ । अनुप विक्रम शाही, वर्षा शिवाकोटी आदि कलाकारद्वारा अभिनित यो चलचित्रमा अभिनेता शाही कानमा ठूलो कुन्डल, लामो कपाल, हातमा पन्जा, बेगी पाइन्ट तथा डिङ्गो बुटको गेटअपमा प्रस्तुत हुँदैछन् ।

## रुमालै छ चिनो तयार

भारत र पाकिस्तानको युद्धमा भारतका तर्फबाट लड्ने वीर गोर्खालीहरूको कथामा आधारित चलचित्र रुमालै छ चिनो निर्माण भएको छ । सुशान्त कार्की तथा अप्सना थापाले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्देशक दिनेश सिंह ठकुरी हुन् ।

## जय श्री दामको अनौठो प्रचार

पुस २० गते प्रदर्शनमा आउने चलचित्र जय श्री दाम टिमले चलचित्रको अघिल्लो १५ मिनेटको दृश्य सार्वजनिक गरेको छ । निर्देशक विप्लव उप्रेतीले दर्शकलाई लोभ्याउन र नभुक्याउन १५ मिनेटको प्रिभ्यु भिडियो सार्वजनिक गरेको बताएका छन् ।

## हावा सरर सार्वजनिक

दयाहाङ राई अभिनित चलचित्र आप्पाको पहिलो गीत हावा सरर सार्वजनिक भएको छ । थुप्देन भुटिया तथा स्नेहाश्री थापाको स्वरको उक्त गीतमा अनमोल गुरुङको संगीत छ ।

## गरुड पुराणको ट्रेलर

माघ ४ गते प्रदर्शनमा आउने चलचित्र गरुड पुराणको आधिकारिक ट्रेलर सार्वजनिक भएको छ । चलचित्रमा नाजिर हुसेन, लुनिभा तुलाधर आदि कलाकारले अभिनय गरेका छन् ।

## निखिलको भिलेन लुक्स

निखिल उप्रेतीको मुख्य भूमिका रहेको चलचित्र भिलेनको एक्सन प्याक्ड ट्रेलर सार्वजनिक भएको छ । शिल्पा पोखरेल, निशा अधिकारी आदिले समेत अभिनय गरेको चलचित्र भिलेन पुस २७ गते प्रदर्शनमा आउँदैछ ।



रणवीरको तिरिमिरी : माघ १८ गतेदेखि प्रदर्शनमा आउने चलचित्र रणवीरको पहिलो गीत सार्वजनिक भएको छ । राजनराज शिवाकोटीको संगीतको तिरिमिरी तिरिमिरी तीन तारा गीतमा राजनराज शिवाकोटी तथा अञ्जु पन्तले स्वर दिएका छन् । गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार सुशील सिटौला, शुभेच्छा खड्का तथा सुपुष्पा भट्ट देखिएका छन् । चलचित्रलाई दिपेन्द्र रेग्मी र गोमा बिष्टले निर्माण गरेका हुन् ।

## चपली हाइट-३

निर्माता अर्जुन कुमार अहिले पाँच वर्षअघि प्रदर्शनमा आएको चलचित्र चपली हाइटको सिरिज चपली हाइट-३ को तयारीमा जुटेका छन् । माघको तेस्रो साता चलचित्रको छायांकन प्रारम्भ हुने बताइएको छ ।

## ऐश्वर्यको सिक्वेल

रमेश उप्रेतीको कमब्याक चलचित्र ऐश्वर्यको सिक्वेल निर्माण हुने भएको छ । अहिले निर्माण टिम चलचित्रका लागि राम्रो स्क्रिप्टको खोजीमा भएको बताएको छ ।

## बोबी-२ को तयारी

असार २९ गते प्रदर्शनमा आएको रियल जोडीको रियल कथामा आधारित चलचित्र बोबीको सिक्वेल निर्माण हुने भएको छ । बोबी-२ मा पनि उमेश थापा तथा कविता गुरुङले नै अभिनय गर्ने बताइएको छ ।

## भ्रष्टाचार रोक्न सयकडा दस

रामशरण पाठकद्वारा निर्देशित चलचित्र सयकडा दस दोस्रो पटक देश दौडाहामा हिँडेको छ । मनोज गजुरेल, राजाराम पौडेल, अमृत ढुंगाना, करुणा श्रेष्ठ, अमित पोखरेल, सोनिया राई, उत्सव न्यौपाने आदि कलाकारद्वारा अभिनित चलचित्र सयकडा दस माघ १८ गते प्रदर्शनमा आउँदैछ ।

## द म्यान फ्रम काठमाडौं

चैत १ गते प्रदर्शन हुने चलचित्र द म्यान फ्रम काठमाडौं नेपालसहित विदेशमा समेत प्रदर्शन हुने भएको छ । यसै साता चलचित्रको रोमान्टिक पोस्टर, गीत तथा एक्सनयुक्त दोस्रो ट्रेलर पनि सार्वजनिक भएको छ । पोस्टरमा फिल्मका दुई कलाकार जोसे म्यानुअल तथा आना शर्मालाई रोमान्टिक मुडमा देखाइएको छ ।

## न यता न उता

चलचित्र न यता न उताको ट्रेलर सार्वजनिक भएको छ । मिराज रोश तथा विशारद बस्नेतको संयुक्त निर्देशनको यो चलचित्रमा राजाराम पौडेल, ऋचा शर्मा, समिर दिक्षित, छुल्टिम गुरुङ, मिराज रोश, बुद्धि तामाङ, रविन्द्र झा, सिल्सा जिरेल, नम्रता सापकोटा आदिको अभिनय हेर्न पाइनेछ ।

## कोपिला रोपिँदै

हिजोआज स-साना अबोध बालिकाहरू बलात्कृत भएको, हत्या भएको जस्ता घटना धेरै नै सुनिदै आएको छ । यिनै कहालीलाग्दा घटनाक्रमसँग नजिक रहेर चलचित्र कोपिला निर्माण हुने भएको छ । शिवम अधिकारीको उक्त चलचित्र १३ वर्षीया बलात्कृत बालिकाको कथामा केन्द्रित हुने बताइएको छ ।

## गोपीको ट्रेलर

विपिन कार्की अभिनित चलचित्र गोपीको आधिकारिक ट्रेलर युट्युबमार्फत सार्वजनिक भएको छ । उक्त ट्रेलरमा चलचित्रको मूलकथा प्रस्ट्याउन खोजिएको छ । अभिनेता विपिन गाई पालकको भूमिकामा छन् भने उनको गोपिनीका रूपमा अभिनेत्री द्वय वर्षा राउत तथा सुरक्षा पन्त छन् । यो चलचित्र माघ १८ गते प्रदर्शनमा आउँदैछ ।

# म्युजिक अपडेट

## नाट्येश्वर म्युजिक एवार्ड

वर्षका उत्कृष्ट संगीतकर्मीहरू नाट्येश्वर म्युजिक एवार्ड-२०७५ बाट पुरस्कृत हुने भएका छन् । माघ १२ गते बनेपामा आयोजना हुने एक सांगीतिक समारोहमा आधुनिक, पप, लोकदोहोरी, तामाङ सेलो, म्हेन्दोमाया गरी ४४ विधाका उत्कृष्ट संगीतकर्मीलाई पुरस्कृत गरिनेछ । समारोहमा लोकगायक शिव नारायण जोशीलाई लाइफटाइम एचिभ्मेन्ट एवार्डद्वारा सम्मान गरिने बताइएको छ भने मह जोडीलाई नाट्येश्वर दीर्घ कलाकारिता सम्मान प्रदान गरिँदैछ ।

## किङ्समा दीपक

सबैको रोजाइमा परेका गायक दीपक बज्राचार्य सोमबार राति दरबारमार्गस्थित किङ्स लाउन्जमा प्रस्तुत भए । क्रिसमस इभको अवसर पारेर प्रस्तुत लाइभ कन्सर्टमा गायक बज्राचार्यले 'मन मगन' सहित विभिन्न गीत सुनाएका थिए ।

## विवाहमै विमोचन

गायिका जीनु जोशीले आफ्नो वैवाहिक समारोहमा आफ्नै गीति एल्बम 'आभास' को विमोचन गराएकी छिन् । आभास जोशीसँग विवाह बन्धनमा बाँधिएकै दिन जीनुले उक्त एल्बम सार्वजनिक गरेकी हुन् ।

## कलाकारको रक्तदान

म्युजिक भिडियो कलाकार संघले काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । भिडियो निर्देशक तथा अभिनेता शंकर बिसी नेतृत्वको उक्त संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा विभिन्न कलाकारसहित ५० जनाले रक्तदान गरेका थिए ।



प्रहलादको हिउँ सरी : गायक प्रहलाद तिमिल्सिना नयाँ गीत 'हिउँसरी...' को म्युजिक भिडियोमार्फत दर्शकमाझ आएका छन् । सुरेश अधिकारीको संगीत तथा जीवन लुईंटेलको शब्दको उक्त म्युजिक भिडियोमा अभिनेता पुष्प खड्का तथा अभिनेत्री सुमि मोक्तानले अभिनय गरेका छन् ।

## तिम्रो मायामा सार्वजनिक

गायक कर्णवीरले नयाँ एकल एल्बम 'तिम्रो मायामा' सार्वजनिक गरेका छन् । अमेरिकामा सम्पन्न ग्लोब नेपाल फिल्म म्युजिक भिडियो सोसल एवार्ड समारोहमा उक्त एल्बम विमोचन गरिएको हो ।

## काठमाडौंमा भारतीय गायक

भारतीय गायक सिद्धार्थ स्थालियाले क्रिसमस इभको अवसर पारेर काठमाडौंमा आफ्नो प्रस्तुति दिएका छन् । कभर गायकका रूपमा लोकप्रिय सिद्धार्थले दरबारमार्गस्थित डेजाभुमा लाइभ कन्सर्ट दिएका हुन् । उनको पछिल्लो गीत तेरा घाटा..लोकप्रिय छ ।

## रविलाई मातृशोक

दोस्रो नेपाल आइडल रवि ओडलाई मातृशोक परेको छ । उनकी आमा विष्णादेवी ओडको बुधबार बिहान निधन भएको हो । पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी विष्णुलाई उपचारका लागि सेती अञ्चल अस्पताल लाने क्रममा बाटैमा मृत्यु भएको बताइन्छ । उनी ४५ वर्षकी थिइन् । उनी रविकी कान्छी आमा हुन् । रविलाई जन्म दिने आमाको भने यसअघि नै निधन भैसकेको छ । रवि ओड अभिनन्दन कार्यक्रमका लागि गृहजिल्लामै रहेका बेला उक्त घटना भएको हो ।

# सानो पर्दा

## रवि नेपाल नयाँ आइडल




सुदूरपश्चिमका गायक रवि ओडले दोस्रो संस्करणको नेपाल आइडलको उपाधि जितेकाछन् । काठमाडौंमा आयोजित नेपाल आइडल-२ को ग्रान्ड फिनालेमा रविसहित पोखराका विक्रम बराल, झापाका सुमित पाठक तथा अस्मिता अधिकारीबीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा गोल्डेन माइक विजेता विक्रम बरालले फस्ट रनर्सअप तथा झापाका सुमित पाठकले सेकेन्ड रनर्सअपमा चित्त बुझाए भने अस्मिता अधिकारीलाई थर्ड रनर्सअपको उपाधि प्रदान गरियो । सुदूरपश्चिमका एक्ला प्रतिस्पर्धी रवि ओडलाई जिताउन अघिल्लो हप्ता सुदूरपश्चिमका थुप्रै संगीतप्रेमी लागिपरेका थिए । कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिका गुलरियामा बुवा राजेन्द्र ओड तथा आमा उमा ओडको कोखबाट २०५४ साल चैत महिनामा जन्मिएका रवि तेस्रो सन्तान हुन् । रविका बुवा अहिले पनि भारतमा 'वाचम्यान'को काम गरिरहेका छन् । उनी आफ्ना बाजेको प्रेरणाबाट गीत-संगीतमा लागेको बताउँछन् । अघिल्लो वर्षको स्थानीय, प्रदेश तथा केन्द्रको निर्वाचनमा रविले म्यादी प्रहरीका रूपमा काम गरेका थिए ।

## सलमानलाई इन्डियन आइडल

इन्डियन आइडल सिजन-१० को उपाधि सलमान अलीले जितेका छन् । यसै साता सम्पन्न प्रतियोगितामा अंकृत भारद्वजले फस्ट रनर्सअप तथा नीलाञ्जनाले सेकेन्ड रनर्सअपको उपाधि हात पारे । प्रतियोगिताको ग्रान्ड फिनालेमा शाहरुख खान, अनुष्का शर्मा तथा कटरिना कैफ सहभागी थिए । उक्त प्रतियोगिताको निर्णायकको भूमिका नेहा कक्कर, जावेद अलि तथा विशालले निर्वाह गरेका थिए ।

चलचित्र

# सिम्बा




प्रोडक्सनको संयुक्त ब्यानरमा निर्माण गरिएको चलचित्र सिम्बा आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ। हिरु जौहर, रोहित सेट्टी, अपुर्व मेहता, करण जौहर आदिको संयुक्त लगानीको यो चलचित्र सन् २०१५ मा प्रदर्शित तेलुगु भाषाको चलचित्र टेम्परको रिमेक हो। संग्राम भालेराव उर्फ सिम्वा (रणविर सिंह) एक अनाथ हुन्, जसको जन्म शिवगढीमा भएको हुन्छ। सोही ठाउँमा सिंघम पनि जन्मिएका हुन्छन्। सिम्वाले सानैदेखी सुनेका हुन्छन् कि प्रहरीको काम निकै असल हुन्छ। उनी सिंघम जस्तै प्रहरी अधिकृत बन्न चाहन्छन्। अनेक जुक्ती लगाएर उनी प्रहरीमा भर्ना हुन्छन्। चलचित्रमा सिंघमलाई इमान्दार र असल तथा सिम्वालाई खराव र भ्रष्ट प्रहरीको भुमिकामा देखाइएको छ। बेइमान सिम्वाको क्रियाकलापप्रति उनका वरिष्ठ प्रहरी अधिकृतहरु खुसी हुँदैनन्। अन्ततः सिम्वाको जीवनमा एउटा मोड आउँछ अनि उनले सही र गलतबीचको भिन्नता थाहा पाउँछन्।

**निर्देशक :** रोहित शेट्टी
**कलाकार :** रणवीर सिंह, सारा अली खान, सोनु सुद, सिद्धार्थ जाधव, आशुतोष राणा, ब्रजेश हीरजी, अजय देवगन, तुषार कपुर, कुणाल खेमू, श्रेयस तलपदे, अरशद वारसी आदि।
**संगीत :** तनिष्क वागची
रिलायन्स इन्टरटेनमेन्ट, रोहित सेट्टी पिक्चर्स तथा धर्मा

रंगमञ्च

# निरमायाको रिहर्सल



पोखरा थिएटरको गन्धर्व नाटकघरमा यतिबेला नाटक निरमायाको रिहर्सल भैरहेको छ। पोखरा थिएटरको प्रस्तुतिमा मञ्चन हुने यो नाटक साहित्यकार सरुभक्त श्रेष्ठले लेखेका हुन्, जसको निर्देशन परिवर्तन कार्कीले गर्दैछन्। पुस २७ गतेदेखि माघ १२ गतेसम्म मञ्चन हुने यो नाटकमा प्रकाश घिमिरे, प्रमिला तुलाचन, बबिता मल्ल ठकुरी, अञ्जु दाहाल, रमेश बाबु तिम्सिना, निश्चल विमल, सूर्य सुवेदी, नवराज गिरी, रेवन राई, देव बस्नेत, गोविन्द रमण पराजुली, सन्दीप पाण्डे, ईश्वर कार्की, सोनिया कार्की, प्रतीक घिमिरे, मनीषा थापा आदिको अभिनय रहनेछ।

## शिल्पीमा बाथ-टब




बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा नाटक बाथ-टब मञ्चन हुने भएको छ। साहित्यकार कुमार नगरकोटीको लेखनमा घिमिरे युवराजद्वारा निर्देशित यो नाटक पुस २० गतेदेखि मञ्चन हुने बताइएको छ। नाटक बाथ-टबमा वरिष्ठ कलाकार नीर शाहसँगै हरिहर शर्मा तथा भूषिता वशिष्ठले अभिनय गरेका छन्। यो नाटकको पृष्ठभूमिमा टीका पहारी, ब्रजेश, कवि मोमिला तथा कुमार नगरकोटी रहनेछन्। नाटक एक महिनासम्म चल्नेछ।

# वर्ष २०१८ : एसियाली सुन्दरीहरूको वर्चस्व



अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा विगतका केही वर्षयताको नतिजा मूल्यांकन गर्ने हो भने एसियाली मुलुकका सुन्दरीहरुको प्रभाव बढ्दै गएको पाइन्छ, जसमा फिलिपिन्स, थाइल्याण्ड, भियतनाम, म्यानमार, इन्डोनेसिया, मलेसिया, भारत, चीन तथा जापान अग्रपंक्तिमा देखिन्छन्।

सन् २०१८ को अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा नेपालको उपस्थिति र उपलब्धि पनि ऐतिहासिक रह्यो। मिस अर्थ-२०१८ मा प्रिया सिग्देलले वेस्ट इको भिडियो सहित उत्कृष्ट १८ सम्मको यात्रा तय गरिन् भने मिस वर्ल्ड-२०१८ मा श्रृङ्खला खतिवडा उत्कृष्ट १२ हुँदै ब्युटी विथ अ-पर्पोज र मल्टिमिडिया गरी दुई महत्वपूर्ण अवार्ड प्राप्त गरिन्। यसैगरी मिस युनिभर्स- २०१८ मा मनिता देवकोटाले उत्कृष्ट १० सम्मको यात्रा तय गरिन्।

फिलिपिन्सलाई अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा उपलब्धि, प्रस्तुति र पपुलारिटीका आधारमा एसियाली पावर हाउसकै रूपमा हेरिएको छ। वर्ष २०१८ मा फिलिपिन्स निकै सफल रहयो। थाइल्यान्डको बैंककमा सञ्चालित ६७ औं संस्करणको मिस युनिभर्सको शीर्ष उपाधि फिलिपिनो सुन्दरी क्याट्रियोना ग्रेले जितेकी थिइन्। त्यसअघि मिस एसिया प्यासिफिक इन्टरनेसनलमा पनि फिलिपिनो सुन्दरी सारिफा अकिलले उपाधि जितेकी थिइन्। जापानमा सम्पन्न मिस इन्टरनेसनलमा फिलिपिनो सुन्दरी मारियो आतिसा मोनालो फर्स्ट रनर्सअप भएकी थिइन्। वर्ष २०१८ मा फिलिपिनो सुन्दरीहरू मिस अर्थ-२०१८ मा उत्कृष्ट आठ, मिस सुप्रानेसनल-२०१८ मा उत्कृष्ट १० सम्म पुगेका थिए।

अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा वर्ष २०१८ मा भियतनामका सुन्दरीहरू पनि अग्रपंक्तिमा देखिए। हालै सम्पन्न मिस युनिभर्समा भियतनामकी सुन्दरी उत्कृष्ट पाँचमध्ये एक थिइन्। मिस वर्ल्डमा उत्कृष्ट ३० भित्र रहेको भियतनामले मिस अर्थमा शीर्ष उपाधि नै जित्यो भने मिस ग्रान्ड इन्टरनेसनल, मिस टुरिजम क्विन इन्टरनेसनल तथा मिस सुप्रानेसनलमा भियतनामका सुन्दरीहरूले उत्कृष्ट १० सम्मको यात्रा तय गरे।

थाइल्यान्ड पनि अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा माथिल्लो श्रेणीमै देखिन्छ। थाइल्यान्ड मिस युनिभर्स-२०१८ मा टप टेन तथा मिस वर्ल्ड-२०१८ मा फस्ट रनर्सअप भएको थियो। मिस इन्टरनेसनल-२०१८ मा थाइल्यान्डकी सुन्दरीले उत्कृष्ट १५, मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा उत्कृष्ट २१ तथा मिस टुरिजम क्विन इन्टरनेसनल-२०१८ मा उत्कृष्ट ५ को यात्रा तय गरेका थिए।

**मेक्सिको, ब्राजिल, दक्षिण अफ्रिका, भेनेजुएला र प्युर्टोरिको पनि उत्तिकै सफल**

मिस वर्ल्ड-२०१८ को मुकुट मेक्सिकोकी भानेसा पोन्सले जितेकी थिइन्। मिस अर्थ-२०१८ मा अर्की मेक्सिकन सुन्दरी मेलिशा फ्लोरेशले मिस अर्थ फायरको उपाधि जितिन्। मेक्सिको मिस इन्टरनेसनल-२०१८ मा उत्कृष्ट १५, मिस सुप्रानेसनल-२०१८ मा टप फाइभ, मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा टप टेनसम्मको यात्रा तय गर्न सफल भएको थियो। मिस इन्टरनेसनल-२०१८ को शीर्ष उपाधि भेनेजुएलाकी मारियम भेलाज्कोको भागमा पर्‍यो। मिस युनिभर्स-२०१८ मा भेनेजुएलाकी स्टेफानी गुटिरिएज सेकेन्ड रनर्सअप भइन्। मिस वर्ल्ड-२०१८ को उत्कृष्ट ३० मा पुग्न सफल भेनेजुएलाले मिस अर्थ २०१८ मा उत्कृष्ट आठसम्मको यात्रा तय गरेको थियो। यसैगरी भेनेजुएलाले मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा टप टेन, मिस सुप्रानेसनल-२०१८ मा टप टेन तथा मिस एसिया प्यासिफिक इन्टरनेसनल-२०१८ मा टप फोरसम्म पुग्न सफलता प्राप्त गर्‍यो।

मिस सुप्रानेसनल-२०१८ को उपाधिको हकदार भएकी थिइन् प्युर्टोरिकोकी भालेरिया भाज्क्वेज लाटोर। मिस युनिभर्स-२०१८ मा प्युर्टोरिकोकी सुन्दरीले टप फाइभ सम्मको यात्रा तय गरेकी थिइन् भने मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा थर्ड रनर्सअप भएकी थिइन्।

वर्ष २०१८ मा दक्षिण अफ्रिकाका सुन्दरीहरूको उपलब्धि पनि उल्लेखनीय छ। मिस युनिभर्स-२०१८ मा दक्षिण अफ्रिकाकी टामरिन ग्रिन फर्स्ट रनर्सअप भएकी थिइन् भने मिस इन्टरनेसनल-२०१८ मा दक्षिण अफ्रिकन सुन्दरी राएबेट्स्वी सेचोअरा सेकेन्ड रनर्सअप भएकी थिइन्। यसैगरी दक्षिण अफ्रिका मिस वर्ल्ड-२०१८ मा उत्कृष्ट ३० भित्र पुगेको थियो भने मिस अर्थ-२०१८ मा उत्कृष्ट १२ भित्र तथा मिस टुरिजम क्वीन इन्टरनेसनल-२०१८ मा टप टेनभित्र परेको थियो।



वर्ष २०१८ का अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा महत्वपूर्ण उपलब्धि हात पार्नेमा ब्राजिलिय सुन्दरीहरू पनि छन्। ब्राजिलकी क्यामिला रिसले मिस टुरिजम क्वीन इन्टरनेसनलको उपाधि नै जितिन् भने मिस एसिया प्यासिफिक इन्टरनेसलमा ब्राजिलकी गाब्रिएला पाल्मा फस्ट नरर्सअप भइन्। मिस युनिभर्सको उत्कृष्ट २० भित्र रहन सफल ब्राजिल मिस अर्थमा उत्कृष्ट १८ मा परेको थियो भने मिस ग्रान्ड इन्टरनेसनलमा उत्कृष्ट २१ तथा मिस सुप्रानेसनलमा उत्कृष्ट १० सम्मको यात्रा तय गरेको थियो।

रोजिन शाक्य


सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक

# सेजल खड्का



तस्बिर : महेश प्रधान
लोकेसन : फनपार्क, भृकुटीमण्डप
पहिरन : पिजेज कलेक्सन, सिभिल मल
मेकअप : अम्बु रुचाल

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

# सर्वाधिक कामुक पुरुष




टम हार्डी



जेम्मी डोर्नान




एन्थोनी जोसुवा




रयान गोस्लिङ



इड्रिस अल्वा



ह्यारी स्टाइल



हेनरी काभिल



प्रिन्स ह्यारी



किट हेरिङ्गटन



क्रिस हेम्सवर्थ

तस्विरहरु : विकीपिडिया

**पुरुषहरूका सन्दर्भमा कामुकताको बेग्लै परिभाषा छ । कामुकताको परिभाषामा पुरुषलाई महिलाहरूजस्तो शारीरिक आकर्षणसँग जोडिँदैन । पुरुषहरूको आकर्षणलाई मानिसहरूसँगको व्यवहार, बोलीवचन एवं कर्मक्षेत्रमा प्राप्त सफलताले परिभाषित गरेको पाइन्छ । यसै सन्दर्भमा ग्ल्यामर म्यागजिनले वर्ष-२०१८ मा कार्यक्षेत्रको सफलता एवं महिलाहरूलाई आफूतर्फ आकर्षित गर्न सक्ने क्षमताका आधारमा संसारका सर्वाधिक कामुक पुरुषको सूची जारी गरेको छ ।**

## टम हार्डी

कामुक पुरुषहरूको वर्ष २०१८ को सूचीको पहिलो स्थानमा टम हार्डी छन् । हलिउड चलचित्रका अभिनेता हार्डी पछिल्लो चलचित्र स्पाइडर म्यान- स्पिन अफ भेनोमबाट चर्चामा आएका हुन् । सन् १९७७ मा जन्मिएका हार्डी चार्लोट रिलीसँग विवाहित छन् । यो जोडीका एक छोरा छन् ।

## जेम्मी डोर्नान

यो सूचीको दोस्रो स्थानमा हलिउडकै अर्का अभिनेता जेम्मी डोर्नान छन् । सन् १९८२ मा जन्मिएका डोर्नान अहिलेसम्म अविवाहित भए पनि एमेलिया वार्नरसँग लिभ इन रिलेसनमा छन् । उनीहरूका २ छोरी छन् ।

## एन्थोनी जोसुवा

यो सूचीको तेस्रो स्थानमा बक्सिङ खेलाडी एन्थोनी जोसुवा छन् । सन् १९८९ मा जन्मिएका जोसुवा अविवाहित भए पनि विगत १० वर्षदेखि आफ्नी गर्लफ्रेन्डसँग लिभ इन रिलेसनमा छन् । यो सूचीमा अटाउने उनी एकमात्र खेलाडी हुन् ।

## रयान गोस्लिङ

यो सूचीको चौथो स्थानमा सन् १९८० मा जन्मिएका हलिउड अभिनेता रयान गोस्लिङ छन् । चन्द्रमामा पाइला टेक्ने पहिलो व्यक्ति निल आर्मस्ट्रङको जीवनकथामा आधारित फर्स्ट म्यान उनको पछिल्लो चलचित्र हो । गोस्लिङ अहिले इभा रयानसँग लिभ इन रिलेसनमा छन् ।

## इड्रिस अल्वा

कामुक पुरुषहरूको सूचीको ५ औं स्थानमा ब्रिटिस अभिनेता तथा संगीतकार इड्रिस अल्वा छन् । ६ सेप्टेम्बर १९७२ मा जन्मिएका अल्वा डिभोर्सी हुन् । अल्वा एचबीओ टेलिभिजनबाट प्रसारण हुने लागु पदार्थ विरोधी सिरियलबाट चर्चामा आएका हुन् । हाल सिंगल रहेका अल्वाका दुई सन्तान छन् ।

## ह्यारी स्टाइल

यो सूचीको छैटौं स्थानमा बीबीसी टेलिभिजनबाट प्रसारित हुने आई प्लेयरबाट चर्चा कमाएका ह्यारी स्टाइल छन् । उनी मूलतः गायक हुन् । सन् १९९४ मा जन्मिएका ह्यारी अहिले भिक्टोरियाज सेक्रेट मोडल केमिली रोवसँग लिभ इन रिलेसनमा छन् । उनी यो सूचीमा पहिलोपल्ट अटाएका हुन् ।

## हेनरी काभिल

यसै वर्ष आफ्नी नयाँ गर्लफ्रेन्ड लकी कोर्कसँग देखिएका हेनरी काभिल यो सूचीको सातौं स्थानमा छन् । हलिउड चलचित्र मिसन इम्पोसिबलमा मुख्य नायक टम क्रुजको दाहिने हातका रूपमा देखा पर्ने हेनरी काभिलको जन्म सन् १९८३ मा भएको हो ।

## प्रिन्स ह्यारी

यो सूचीको आठौं स्थानमा बेलायतका राजकुमार प्रिन्स ह्यारी छन् । यसैवर्ष विवाह गरेका ह्यारीको जन्म सन् १९८४ सेप्टेम्बर १५ मा भएको हो । ब्रिटिस सेनामा मानार्थ पद्वी धारण गरेका प्रिन्स ह्यारी गोर्खा सैनिकसँग सम्बन्धित बेलायती सेनाको एक बटालियनका मानार्थ कमान्डर हुन् ।

## किट हेरिङ्गटन

यो सूचीको नवौं स्थानमा हलिउड अभिनेता किट हेरिङ्गटन छन् । सन् १९८६ मा जन्मिएका हेरिङ्गटन हलिउड चलचित्र गेम अफ थ्रोन्सबाट चर्चामा आएका हुन् ।

उनले यसैवर्ष आफ्नी सहकलाकार रोजी लेसिलसँग इंगेजमेन्ट गरेका छन् ।

## क्रिस हेम्सवर्थ

यसै वर्ष प्रदर्शन भएको हलिउडको प्रसिद्ध वार ड्रामा ट्वेल्भ स्ट्रोङबाट चर्चामा आएका क्रिस हेम्सवर्थ कामुक पुरुषहरूको सूचीको दसौं स्थानमा छन् ।


सन् २०१० मा एल्सा पेटाकीसँग विवाहित हेम्सवर्थका ३ छोराछोरी छन् । उनी सन् १९८३ मा जन्मिएका हुन् ।

# सर्वाधिक कामुक महिला

सौन्दर्य र महिला एक-अर्काका पूरक हुन् । महिलाहरूको सौन्दर्यसम्बन्धी पूर्वीय तथा पाश्चात्य मान्यतामा केही भिन्नता छ । तैपनि आफ्नो रूप र यौवनले पुरूषहरूलाई आकर्षित गर्ने क्षमता भएका महिलाहरु नै सबैको नजरमा पर्छन् । यसै सन्दर्भमा अमेरिकालगायत थुप्रै देशबाट प्रकाशित हुने पत्रिका एफएचएमले सन् २०१८ का १० उत्कृष्ट कामुक महिलाको सूची जारी गरेको छ ।




तस्विरहरू : एपी/विकीपिडिया




## १ टुलिसा कोन्टोस्टाभ्लोस

कामुक महिलाहरूको यो सूचीमा पहिलोपटक सोभैm पहिलो स्थानमा देखिएकी टुलिसा कोन्टोस्टाभ्लोस बेलायती मुलकी गायिका तथा गीतकार हुन् । उनी टेलिभिजन सिरियलहरूमा अभिनय समेत गर्छिन् । सन् १९८८ मा जन्मिएकी टुलिसा डेभिड किंगसँग लिभ इन रिलेसनमा छिन् ।



## २ चेरी कोल

यो सूचीको दोस्रो स्थानमा सन् १९८३ मा जन्मिएकी चेरी कोल छिन् । उनी गायिका, गीतकार तथा टेलिभिजन अभिनेत्री हुन् । विगत २ वर्षयता यो सूचीबाट हराएकी चेरी कोल यो वर्ष फेरि फर्किएकी हुन् । जिन बर्नान्ड फर्नान्डेजसँग २ वर्ष (सन् २०१४-१६) तथा फुटबल खेलाडी एस्ले कोलसँग ४ वर्ष (सन् २००६-१०) लिभ इन रिलेसनमा रहिसकेकी कोलका १ छोरा छन् ।



## ३ रिहान्ना

कामुक महिलाहरूको यो सूचीको तेस्रो स्थानमा पपगायिका रोबिन रिहान्ना छिन् । उनी पनि यो सूचीमा १ वर्षपछि फर्किएकी हुन् । सन् १९८८ मा बार्बाडोजमा जन्मिएकी रिहान्ना चलचित्र तथा टेलिभिजन शोहरूमा समेत अभिनय गर्छिन् । अमेरिकी संगीत व्यावसायी इभान रोजरसँग पारपाचुके गरेकी रिहान्ना अहिले सिंगल छिन् ।


## ४ रोजी जोन्स

सन् १९९० मा बेलायतमा जन्मिएकी रोजी जोन्स ग्लामरस मोडल हुन् । कामुक महिलाहरूको यो सूचीमा पहिलोपटक चौथो स्थानमा देखा परेकी रोजी जोन्स विशेषगरी पुरुषहरूसँग सम्बन्धित लाइफस्टाइल म्यागजिनहरूमा प्रकाशित हुने आफ्ना तस्बिरका कारण चर्चित छिन् ।



## ५ जर्जिया साल्पा

सन् १९८५ मा ग्रीसमा जन्मिएकी आइरिस मूलकी जर्जिया साल्पा पनि ग्लामरस मोडल हुन् । कामुक महिलाहरूको यो सूचीमा पहिलो पटक पाँचौं स्थानमा देखा परेकी जर्जिया साल्पा जो पेन्नासँग विवाहित छिन् ।



## ६ केटी पेरी

खास नाम क्याथरिन एलिजाबेथ भए पनि प्रोफेसनल संसारमा केटी पेरीका नामले चर्चित यी अमेरिकी गायिका कामुक महिलाहरूको यो सूचीमा एकपटक फेरि फर्किएकी हुन् । यो सूचीको छैटौं नम्बरमा रहेकी केटी पेरीको जन्म सन् १९८४ मा भएको थियो । उनी रसेल ब्रान्ड (सन् २०१०-१२) सँग विवाहित भए पनि हाल सिंगल छिन् ।




## ७ मेगन फक्स

हलिउड अभिनेत्री मेगन फक्स यो सूचीको सातौं स्थानमा छिन् । सन् १९८६ मे १६ मा जन्मिएकी फक्स ब्रायन अस्टिन ग्रिनसँग विवाहित छिन् । ३ सन्तानकी आमा फक्सले चलचित्रको तुलनामा टेलिभिजन शोमार्फत बढी लोकप्रियता आर्जन गरेकी छिन् ।



## ८ केली हेजल

सन् १९८६ मा जन्मिएकी ग्ल्यामर मोडल केली हेजल कामुक महिलाहरूको यो सूचीको आठौं स्थानमा छिन् । खासगरी पेज थ्री इभेन्टहरूमा लोकप्रिय हेजल अहिलेसम्म अविवाहित नै छिन् ।



## ९ मिला कुनिस

सर्वाधिक कामुक महिलाको नवौं स्थानमा हलिउड अभिनेत्री मिलेना मार्कोभ्ना मिला कुनिस छिन् । उनी यो सूचीमा २ वर्षपछि फर्किएकी हुन् । सन् १९८३ अगस्त १४ मा जन्मिएकी कुनिस हलिउड अभिनेता एस्टोन कुचरसँग विवाहित छिन् । उनका २ छोरा छन् ।



## १० एमिली अटाक

कामुक महिलाहरूको यो सूचीको दसौं स्थानमा हालसम्म अविवाहित हलिउड अभिनेत्री एमिली जेन अटाक छिन् । सन् १९९९ मा जन्मिएकी एमिली अटाक टेलिभिजन सिरियलहरूमा आफ्नो अभिनयका कारण चर्चामा आइरहन्छिन् । उनकी दिदी मार्था अटाक तथा दाजु जर्ज अटाकसमेत अभिनय पेसामै छन् ।




# सन् २०१८ का हिट फेसन शैली

रोजिन शाक्य

वर्ष २०१८ मा अनेकन् शैलीले फेसन बजारमा प्रवेश पाए। तीमध्ये केही शैली महिलाहरूबीच अत्यन्तै लोकप्रिय भए।

सन् २०१८ को समर फेसनमा टाईडाई निकै प्रभावशाली रह्यो। यो स्टाइललाई डिअर ब्रान्डले क्यालिडिएस्कोप भर्सन बनाउन प्रयोग गऱ्यो। स्टेला म्याक कार्टनीको भर्सनमा भने टाई डाईको शैलीलाई नीलो र सेतो ब्वाइलर सुट, टि शर्ट तथा कम्ब्याट ट्राउजरमा प्रयोग गरियो। मिउसिया प्राडा ब्रान्डमा पनि टाई डाईको प्रभाव देखियो। प्रतिष्ठित ब्रान्डको रनवे शोहरूमा साइकलिङ शोर्ट्स तथा बोर्ड शोर्ट्स लोकप्रिय रहे।

कलर शेडको कुरा गर्ने हो यो वर्ष वुमन फेसनमा टोमाटो रेडले प्राथमिकता पायो। प्रिनदेखि भिक्टोरियो बेकहामसम्ममा यो रंग हावी रह्यो। कोबाल्ट, एमराल्ड ग्रिन तथा ब्राइट एलो पनि उत्तिकै लोकप्रिय रहे। यसपटक क्लासिकएन्ड चिक स्टाइलमा मोनोक्रोमको प्रभाव पनि देखियो। मोनोक्रोम र कलरब्लकिङका वीच नियन डे्रसिङले पनि आफ्नो स्थान बनायो। किम काडर्शन यसको प्रयोगकर्ताका रूपमा अग्रस्थानमा देखा परिन्।



यो वर्ष चेक्स निकै प्रभावशाली प्रिन्टका रूपमा देखा पऱ्यो। ब्लेजर र ट्राउजरमा मात्र नभई चेक्सको प्रभाव र प्रयोग सुट्स देखि एसिमेट्रिकल टप्स तथा स्कर्टमा समेत देखियो। ६० को दशकको हिट प्रिन्ट फ्लोरल पनि यो वर्ष निकै प्रचलित भयो।

विश्वविख्यात डिजाइनर एलेक्ज्यान्डर वाङ देखि डियोरसम्मकाले यो वर्ष फ्रिन्जको प्रयोगलाई फ्रेस र फन एलिमेन्टका रूपमा प्रयोगमा ल्याएको देख्न पाइयो। फ्रिन्जको प्रयोगलाई यस पटक ड्रेस देखि कोट, ज्याकेट हुँदै ह्यान्ड ब्याग, फुट वेयर र हेड वेयरमा समेत प्रयोग गरियो। प्रिन्टकै कुरा गर्दा यसपटक एनिमल प्रिन्ट पनि हिट स्टाइलका रूपमा देखा पऱ्यो। यसमा मूलतः लियोपार्ड, चितुवा, स्नेकस्किन, जेब्रा प्रिन्ट बढी प्रचलित रहे।

कम्फर्ट वेयरका रूपमा चिनिएको जम्पसुट पनि यो वर्ष निकै लोकप्रिय रह्यो। यसमा पनि क्लासिक फ्लाइट स्टाइल, रोम्पर्स, बक्सी तथा बोइस स्टाइल निकै रुचाइए। पीभीसी अर्थात् प्लास्टिक पोलिभिनाइल क्लोराइड फेसन शैली पनि निकै रुचाइयो। ज्याकेट, ट्रेन्च कोट, पाइन्ट, ब्याग, फुटवेयरमा पिभिसीको प्रभाव देखियो।

यसपटक ९० को दशकताकाको स्पोर्टस्वेयर लुक अर्थात् हिपस्टर लुक पनि निकै लोकप्रिय भयो। वाइल्ड, कार्टुनिस तथा चाइल्ड लाइक स्टाइलकारूपमा परिचित हाराजुकु फेसन पनि फेसनप्रेमीहरूमाझ लोकप्रिय रह्यो। लो राइज जिन्स, सानो आकारको ब्याग, बुट कट् जिन्स, स्लिन्की पार्टी टप्स, म्याट्रिक्स स्टाइल सनग्लास, कार्गो पाइन्ट पनि यो वर्ष लोकप्रिय देखिए। यो शैली पछ्याउनेमा सुपर मोडल बेला हाडिड अग्रस्थानमा रहिन्।

९० को दशकताकाको हिट स्टाइलमध्येको एक स्लीप ड्रेससँग टिसर्ट तथा युटिलिटी बुटको जोडा, ब्यागी जम्पर र हुडीका साथमा मिडी स्कर्ट, क्रप टप र हाई वेष्ट स्टोन वास्ड जिन्सको जोडा लगाउनेहरू पनि यसपटकको फेसन माहौलमा देखिए। बेला र गिगी हाडीड, केन्डल जेनर, हेली बाल्डविनजस्ता चर्चित सुपर मोडलले यस्तो शैलीको प्रयोग पटक-पटक गरे। ८० को दशकताकाको बिग शोल्डर्स, बोल्ड कलर्स, मिनि लेन्थ तथा बोल्ड सिलहुट्सले पनि यो वर्ष प्राथमिकता पायो। यो शैलीलाई प्रयोगमा ल्याउनेहरूमा मार्क ज्याकोब्स, सेन्ट लरेन्ट, इशाबेल मारन्ट जस्ता चर्चित फेसन ब्रान्ड रहे।

विन्टर वेयरतर्फ भने एनिमल प्रिन्ट निकै लोकप्रिय रह्यो। स्कर्ट, ड्रेस, ज्याकेट, कोट लगायत अन्य एक्सेसरिजमा पनि यसको प्रभाव देखियो। विन्टर वेयरमा लेदर वेयरसमेत निकै प्रयोगमा आयो।

फेसन एसेसरिजको प्रसंगमा भने स्यान्डल होस् वा स्लीपर, हिल्स होस् वा बुट यस पटक बकल सुज सर्वाधिक लोकप्रिय रह्यो। ७० र ९० को दशकताकाको थिक र चन्की सुजको फेसनले पनि पुनरागमन गऱ्यो।

८० को दशकताकाको ओभरसाइज इयरपिस तथा लेयर्ड नेकलेस पनि यो वर्ष निकै लोकप्रिय भयो भने शोल्डर ग्रेजिङ स्टेट्मेन्ट इयररिङ लोकप्रिय एक्सेसरिजका रूपमा देखा पऱ्यो।



तस्बिरहरू : एपी

# फेसन आइकन-२०१८

समय परिवर्तनसँगै विश्व बजारमा पनि विभिन्न किसिमका फेसन भित्रिरहेका हुन्छन् । विशेष गरी विश्वका विभिन्न क्षेत्रका सेलिब्रिटी बर्सेनि फेसन आइकनका रूपमा देखा परिरहेका हुन्छन् । वर्ष २०१८ मा पनि आफ्नो फेसन सेन्स तथा पहिरनका कारण केही हस्ती चर्चित भए । उनीहरूका पहिरन अरूका लागिसमेत अनुकरणीय रहे । विश्वप्रसिद्ध फेसन म्यागजिन इन्साइडरले यस्तै पछ्याइएका केही सेलिब्रिटीलाई फेसन आइकनका रूपमा सूचीबद्ध गर्‍यो । यो सूचीमा पुरूषतर्फ जेफ गोल्डब्लुम अग्रस्थानमा छन् भने उनको पछि-पछि रेयान गोस्लिङ, डोनाल्ड ग्लोभर, तिमोथी क्यालामेट तथा डेभिड बेकह्याम छन् । उता महिलातर्फ इनस्टाइल फेसन म्यागजिनले जारी गरेको यस्तै सूचीमा जेनिफर लोपेज अग्रस्थानमा रहिन् भने उनको पछि-पछि केट ब्लान्चेट, जोय क्र्याभिज, जेन्बाया तथा रिहान्ना रहे ।

## पुरूषतर्फ ☞



**जेफ गोल्डब्लुम**
इन्साइडरको आकर्षक पहिरन लगाउने व्यक्तिको यो सूचीमा हलिउड एक्टर जेफ गोल्डब्लुम रहे । हलिउडको सफलतम चलचित्र श्रृंखला जुरासिस पार्कका अभिनेता गोल्डब्लुमलाई यो सूचीका लागि चर्चित फेसन कोलमिस्ट तथा डिजाइनरहरूले एक मतले पहिलो स्थान दिए । यो वर्ष उनले लगाएको सेतो रङको फर्मल सुट सबैको नजरमा पर्‍यो ।



**रेयान गोस्लिङ**
आकर्षक पहिरन लगाउने व्यक्तिको सूचीको दोस्रो स्थानमा हलिउड एक्टर रेयान गोस्लिङ छन् । क्यानाडाका चलचित्र अभिनेता तथा संगीतकार रेयान गोस्लिङलाई प्रिन्टेट चेक सर्टसहित कफी रङको फर्मल सुटले दोस्रो स्थानमा उभ्याएको हो ।



**डोनाल्ड ग्लोभर**
यो सूचीको तेस्रो स्थानमा हलिउडका हास्य अभिनेता डोनाल्ड ग्लोभर छन् । आफ्ना उटपट्याङ व्यवहारका लागि चर्चित ग्लोभरले यो सूचीमा स्थान बनाएको पहिरन पनि त्यस्तै उटपट्याङ खालको छ । सुन्तला रङको सर्टमाथि लगाएको कलेजी रङको सुटले उनलाई यो स्थान दिलाएको हो ।

## महिलातर्फ ☞



**जेनिफर लोपेज**
सदावहार फेसन आइकन जेनिफर लोपेज यो वर्ष सुहाउँदो पहिरन लगाउने सेलिब्रिटी महिलाहरूको सूचीको पहिलो स्थानमा छिन् । हलिउड अभिनेत्री तथा गायिका जेनिफर लोपेजले यो वर्ष लगाएको रातो बोर्डर भएको चेक वनपिस सबैको नजरमा पर्‍यो ।

तस्विर सौजन्य : इन्साइडर/इनस्टाइल



**केट ब्लान्चेट**
हलिउड अभिनेत्री तथा नाटक निर्देशिका केट ब्लान्चेट आकर्षक पहिरन लगाउने महिलाहरूको सूचीको दोस्रो स्थानमा रहिन् । यो वर्ष उनले लगाएको प्रिन्टेड कोट-पाइन्टलाई धेरै फेसन समीक्षकले उपल्लो दर्जाको पहिरन माने ।



**जोय क्र्याभिज**
हलिउड अभिनेत्री, गायिका तथा फेसन मोडल जोय क्र्याभिज आकर्षक पहिरन लगाउने महिलाहरूको तेस्रो स्थानमा रहिन् । यो वर्ष उनले लगाएको कालो पाइन्टमाथिको ओपन ब्लाउज सबैको नजरमा पर्‍यो ।

## डिजाइन अफ द इयर

पहिरन डिजाइनसँग सम्बन्धित सर्वोच्च प्रतिस्पर्धा सीएफडीए फेसन एवार्ड-२०१८ अनुसार यो वर्षका चर्चित डिजाइनरहरूमा पुरुष पहिरन डिजाइनतर्फ सुप्रिमले डिजाइन गरेको पहिरन सर्वोत्कृष्ट ठहरियो । सुप्रिम आफ्नै नामको ब्रान्ड चलाउँछन् । उनलाई पछ्याउनेमा काल्भिन केलिनका राल्फ सिमोन तथा अफ ह्वाइटका भिर्जिल अब्लोह रहे ।

यसैगरी महिला पहिरन डिजाइनतर्फ काल्भिन केलिनका राल्फ सिमोन अग्रस्थानमा छन् भने उनलाई पछ्याउनेमा गाब्रिला हर्स्ट र मार्क ज्याकोब्स रहे । गाब्रिला हर्स्ट तथा मार्क ज्याकोब्स पनि आफ्नै नामको ब्रान्ड चलाउँछन् ।

**उत्कृष्ट पुरुष डिजाइन**
मल्टिकलर हुड विथ ट्राउजर एन्ड लङ कोट
ब्ल्याक सर्ट एन्ड पाइन्ट
ब्ल्याक टिसर्ट विथ जिन्स



तस्विर सौजन्य : सीएफडीए



**उत्कृष्ट महिला डिजाइन**
वन पिस विथ लङ कोट
अफिसियल वुमन सुट
विन्टर रेड कोट विथ ह्या



## फोटो अफ दि इयर



इटालीका फोटोग्राफर स्टेफानो पेन्सोटीले इथियोपियाको लेक एसलीमा घाममा नुन सुकाउने कारखानामा उँटले नुन ढुवानी गरेका बेला खिचेको यो तस्बिरले ट्राभल फोटोग्राफर अफ दि इयरको उपाधि पाएको थियो ।



फ्रेन्च फोटोग्राफर बास्टिन रियुले फूलबाट लेडी बर्ड उड्न लागेका बेला खिचेको तस्बिरले नेचर फोटोग्राफर अफ दि इयरको उपाधि जितेको थियो ।



फोटोग्राफर पाउल कोलीले इन्फ्रारेड क्यामेरा प्रयोग गरी राति चमेराले माछाको शिकारको प्रयास गरेको एउटा तस्बिर खिचेका थिए । उनले यो तस्बिर खिच्न १४ महिना लागेको बताएका छन् । यो तस्बिरले ब्रिटिस वाइल्ड लाइफ फोटोग्राफी एवार्ड जितेको थियो ।



स्मिथसोनियनले विगत १६ वर्षदेखि आयोजना गर्दै आएको फोटो प्रतियोगितामा यो वर्ष ४ लाख ४० हजार तस्बिर सहभागी भएका थिए, जसमा काली चिले खिचेको चीनको युनास्थित युलोङ पर्वतमा भएको हिमपातको 'द किङ' शीर्षकको तस्बिर सर्वोत्कृष्ट भएको थियो ।



एलेक्स्यान्ड्रोस मारागोसले जुन महिनाको गर्मीमा एथेन्स सहरमा चट्याङ परेको अवस्थामा खिचेको यो तस्बिर नेसनल जियोग्राफी फोटो कन्टेस्टमा सर्वोत्कृष्ट ठहरिएको थियो ।



जोरोमी कोर्टेलले खिचेको श्रीलंकाको प्राचीन क्षेत्र सिगिरिया पहाडको माथिल्लो भागको तस्बिर ड्रोन फोटोग्राफीमा उत्कृष्ट घोषित भएको थियो । जंगलको झाँडी र बाँदरको झुन्ड छिचोलेर खिचिएको उक्त तस्बिरलाई बिहानको घामले अझ सुन्दर बनाएको छ ।

केवल एक प्रश्न

# तपाईंले बिर्सन नसक्ने न्यू इयर सेलिब्रेसन कुन हो ?



२०१० को न्यू इयर सेलिब्रेसन मैले भारतीय कलाकार विनोद खन्नासँगै नवलपरासीमा गरेको थिएँ । त्यसैले जब-जब न्यू इयर नजिकिन्छ तब त्यो वर्षको न्यू इयर सेलिब्रेसनको सम्झना आइहाल्छ ।

**नीर शाह, अभिनेता**

२००७ को न्यू इयर कार्यक्रमका लागि म पोखरा गएकी थिएँ । त्यहाँ पुगेपछि मैले बहिनीलाई भेटें । त्यसपछि हामी सँगै होटलमा बस्यौं, रमाइलो गर्‍यौं । त्यो मेरा लागि एउटा मीठो संयोग थियो ।

**प्राश्ना शाक्य, गायिका**

२०१५ मा तमु धी युकेले न्यू इयर प्रोगामको आयोजना गरेको थियो । उक्त कार्यक्रम एकदमै राम्रो भएको थियो । त्यतिबेला मैले युकेमा नयाँ वर्षको अवसरमा देखाइने फायर वर्क्स पनि हेर्ने मौका पाएकी थिएँ । त्यो वर्षको मेरो न्यू इयर एकदमै यादगार भएको थियो ।

**आस्था राउत, गायिका**

मैले बिर्सन नसक्ने न्यू इयर सेलेब्रेसन भनेको २०१२ को हो । किनभने २०१२ को न्यू इयरको कार्यक्रमका लागि सत्यराज आचार्य, स्वरूपराज आचार्य र मेरो अस्ट्रेलियामा कार्यक्रम थियो । उक्त कार्यक्रमका लागि हामीलाई पाँच-छ दिन पहिले नै बोलाइएको थियो, तर जाने दिन एयरपोर्टमा राष्ट्रपति रामवरण यादबको सवारी रहेछ, जसले गर्दा बाटो जाम भयो अनि एयरपोर्ट पुग्दा प्लेन नै छुट्यो । त्यही कारणले म दुई दिनपछि मात्र अस्ट्रेलिया पुगें ।

**केदार घिमिरे, हास्यकलाकार**

अंग्रेजी नयाँ वर्षको सम्झन लायक केही पनि छैन । बरु हाम्रै नेपाली नयाँ वर्ष वैशाख १ गतेका भने सम्झनलायक धेरै कुरा छन् । यद्यपि अंग्रेजी नयाँ वर्षको सेलिब्रेसनमा सहभागिता जनाइन्छ तर अहिलेसम्म सम्झनलायक बनेको छैन ।

**बद्री पंगेनी, गायक**

म कुनै पनि न्यू इयरको सम्झना गर्दिनँ । किनभने म हरेक दिनलाई न्यू इयरजस्तै सेलिब्रेसन गरिरहेको हुन्छु । अझ भन्ने हो भने म अंग्रजी न्यू इयर त्यति मन पनि पराउँदिनँ । नेपाली नयाँ वर्ष त आफ्नो जन्मदिन नै हो, त्यसैले स्पेसल नै हुन्छ ।

**दीपकराज गिरी, अभिनेता**

तीन वर्षअघिको कुरा हो । क्यानाडामा क्रिसमस प्रोग्रामका साथै न्यू इयर मैले त्यहाँका नानीहरूसँग मनाएकी थिएँ । त्यहाँ एउटी नानीचाहिँ बोल्न नसक्ने थिइन् । मैले तिनै नानीसँग केही समय बिताएँ । त्यसैले त्यो वर्षको न्यू इयर सेलिब्रेसन मीठो सम्झना बनेर मनमा बसिरहेको छ ।

**अञ्जु पन्त, गायिका**

मेरा लागि अहिलेसम्मको नभुल्ने न्यू इयर सन् २००५ को हो । किनभने त्यसभन्दा पहिले म गाउँमै थिएँ । मलाई वैशाख १ गते मात्र नयाँ वर्ष मनाइन्छ भन्ने लाग्थ्यो । त्यो वर्ष काठमाडौं आएपछि पुस महिनामा न्यू इयर पर्दो रै'छ अनि अंग्रेजी न्यू इयर पनि यसरी सेलिब्रेसन गरिँदो रहेछ भन्ने कुरा बुझ्ने मौका पाएँ ।

**देवी घर्ती, गायिका**

म हरेक वर्षको न्यू इयर सेलिब्रेसन आफ्नै परिवार तथा आफन्तहरूसँग गर्छु, जसले गर्दा बिर्सने त कुरै भएन ।

**शिव विक, निर्देशक**

सन् २०१३ को न्यू इयर सेलिब्रेसन मेरा लागि यादगार छ । किनभने म संघर्ष गरिरहेको कलाकार, पहिलो पटक गल्कोट समाज, जापानको कार्यक्रममा थुप्रै हिट कलाकारसँग म टोकियो पुगेको थिएँ । त्यहाँ अति रमाइलो भएको थियो ।

**वसन्त थापा, गायक तथा संगीतकार**

मैले आजसम्म न्यू इयर सेलेब्रेसन गरेको छैन । त्यही शुभकामना आदान-प्रदान मात्र हो ।


**अमर न्यौपाने, साहित्यकार**

त्यस्तो बिर्सनै नसक्ने न्यू इयर सेलिब्रेसन त कुनै पनि छैन । यद्यपि मलाई हरेक न्यू इयर एकदमै प्रिय लाग्छ ।

**रमेशराज भट्टराई, गायक**

---

# कलाकारको न्यू इयर










रामजी ज्ञवाली

अंग्रेजी नयाँ वर्षले नेपालमा पनि राम्रै प्रभाव जमाएको छ । प्रत्येक वर्षजसो नेपालमा यो पर्व मनाउने क्रम बढ्दो छ । नेपाली कलाकारहरू पनि यो पर्व मनाउने तयारीमा छन् ।

अभिनेता प्रदीप खड्का अहिले अस्ट्रेलिया घुमघाममा व्यस्त छन् । केही साताअघि अस्ट्रेलिया पुगेका खड्काले उतै न्यू इयर मनाउने छन् । चलचित्र लभ स्टेसनको सुटिङ सकेर त्यता लागेका खड्का नेपाल फर्किएसँगै चलचित्र लभस्टेसनको रेकर्डिङ र दुईवटा गीतको छायांकनमा व्यस्त हुनेछन् । खड्का भन्छन्- लामो समयपछि केही फुर्सद पाएको छु, यो समयमा अस्ट्रेलियामा भएका साथीभाइ तथा आफन्तहरूसँग भेटघाट गर्नेछु ।

अभिनेत्री दीपिका प्रसाईं न्यू इयरलाई अविस्मरणीय बनाउने योजनामा छिन् । उनी यसपटक श्रीमान् दिवाकर भट्टराईसँग साथीहरूले आयोजना गर्ने पार्टीमा सहभागी हुने सोचमा छिन् । दीपिका र दिवाकर दुवैले न्यू इयरलाई नजिकका साथीहरूसँग सेलिब्रेसन गर्ने सोच बनाएका छन् । खानपिन, भेटघाट, लामो समयदेखि भेट नभएका साथीहरूसँगको जमघट यिनै कुरा त हो नि ! दिवाकर हाँस्दै भन्छन्- यो नयाँ वर्ष यसकारण पनि विशेष छ कि, हामी दुईजना एक भएको वर्ष, साथीहरूले हाम्रा तर्फबाट पार्टीको आशा राखेको वर्ष । फागुनदेखि नयाँ प्रोजेक्टमा व्यस्त हुने तयारीमा रहेकी अभिनेत्री दीपिकाको अर्को चलचित्रलाई दिवाकरले नै निर्देशन गर्दैछन् ।

अहिलेका व्यस्त क्यामेराम्यान सुदीप बराल चलचित्र वीरविक्रमको छायांकन सकेर काठमाडौं फर्किएका छन् । काठमाडौं फर्किएकै दिनदेखि उनी नयाँ चलचित्रको मिटिङमा व्यस्त छन् । लिलीबिली, क्याप्टेन, ब्रासलेट, ऐश्वर्य जस्ता सुपरहिट चलचित्र खिचेका बराल अब तुरुन्तै नयाँ चलचित्रको काममा व्यस्त हुँदैछन् । सम्भवत: अंग्रेजी नयाँ वर्षको दिन उक्त चलचित्रको घोषणा हुनेछ, बराल भन्छन्- न्यू प्रोजेक्टको टिमसँग नयाँ वर्ष सेलिब्रेसन हुने लगभग पक्का छ ।

काकु नामले चिनिएका हास्यकलाकार दीपक आचार्यले भद्रगोल टिमसँगै नयाँ वर्ष मनाउने बताए । भद्रगोल टिमले निर्माण गर्न लागेको चलचित्रको स्क्रिप्टको काममा व्यस्त आचार्य अंग्रेजी नयाँ वर्षसँगै चलचित्रको काम प्रारम्भ हुने बताउँछन् । स्क्रिप्टको काम लगभग सक्यौं, कुमार कट्टेल, अर्जुन घिमिरे आदिको हाम्रो टिम अहिले चलचित्रको काममै व्यस्त छ, उनले थपे ।

अभिनेता सविन श्रेष्ठका लागि नयाँ वर्ष विशेष छ । अघिल्लो वर्ष स्टायल मोबाइल शोरुम खोलेका श्रेष्ठ यो वर्ष स्टाइल कार वास सेन्टर खोल्दैछन् । यही उपलक्ष्यमा उनले नजिकका आफन्त तथा साथीभाइलाई भव्य पार्टी दिने सोच बनाएका छन् । मलाई अंग्रेजी होस् वा नेपाली नयाँ वर्ष, त्यसले एक खालको उत्साह दिने गरेको छ, सविन भन्छन्- विगतदेखि नै खुलेर मनाउने गरिएको छ, यसपटक पनि राम्रै हुनेवाला छ ।

अभिनेता सन्नी सिंह न्यू इयरका दिन साथीहरूसँग डिनर गर्नेछन् । ठमेल वा दरबारमार्गमा साथीहरूको जमघट हुँदैछ, सिंह भन्छन्- जसलाई स्मरणीय बनाउने योजनामा छौं । चलचित्र डायरीपछि नयाँ चलचित्रको वर्कसपमा व्यस्त सन्नी भन्छन्- हाम्रो नयाँ प्रोजेक्टको टिमसँग चलचित्रलाई कसरी राम्रो बनाउने भन्ने विषयमा पनि विशेष जमघट हुनेवाला छ ।


अभिनेता आमिर गौतम न्यू इयरका दिन पनि आफ्नो नयाँ प्रोजेक्टको काममा व्यस्त हुनेछन् । आफू अभिनित चलचित्र द म्यान फ्रम काठमाडौंको ट्रेलर, पोस्टर तथा गीत सार्वजनिक भएसँगै हौसिएका गौतम नयाँ चलचित्रको छायांकन केही सातामै सुरु हुने भएकाले त्यसको वर्कसप र गृहकार्यमा व्यस्त हुने भएका हुन् ।

गीतकार विष्णुबाबु देवकोटा चितवन घुम्दै नयाँ वर्ष मनाउँदैछन् । उनी चितवनमा रहेका विभिन्न स्रष्टासँग नयाँ वर्षको दिन 'नेपाली संगीत, आज-भोलि र भविष्य' विषयक गोष्ठीमा समेत सामेल हुनेछन् । चितवनमै पुराना साथीभाइहरूसँग भेटघाट तथा खानपिन गर्ने उनको योजना छ, देवकोटा भन्छन्- न्यू इयरलाई स्मरणीय बनाउन केही दिन पहिल्यै चितवन जाने योजनामा छु, यो समयमा चितवन र आसपासका केही जिल्लाको भ्रमणसमेत हुनेछ ।

गायक योगेश काजी न्यू इयरको समयमा पोखरामा हुने विभिन्न सांगीतिक कार्यक्रममा व्यस्त हुँदैछन् । पोखरेली भएका कारण पनि नयाँ वर्ष विशेष हुने गरेको छ, योगेश भन्छन्- भर्खरै भारतमा कार्यक्रम गरेर फर्किएको छु, अब न्यू इयरमा नेपालमै रमाइलो गर्ने योजना छ । काजी केही दिन काठमाडौंमा साथीभाइसँग जमघट गरेर पोखरा जाने तयारीमा छन् । उनले नयाँ वर्षको दिन अभिनेत्री बेनिशा हमालसँग पहिलोपटक स्क्रिन सेयर गरेको गीतको भिडियो लन्च गर्ने कार्यक्रम समेत बनाएका छन् । नयाँ वर्ष लगत्तै दुई दिनभित्रमा दुईवटा गीतको रेकर्ड सक्नुपर्नेछ, काजी भन्छन्- त्यसपछि कन्सर्टका लागि सिलिगुडी जानेछु ।

गन्तव्य

# न्यू इयर डेस्टिनेसन



नरेन्द्र रौले

नेपालमा घुम्न लायक ठाउँ थुप्रै छन्। लामो बिदाको अवसर पारेर साथीभाइको समूहमा ती ठाउँ पुग्न सकिन्छ। विभिन्न ट्राभल एजेन्सीले पनि ती ठाउँ घुम्ने प्याकेज तयार पारेका छन्।

## चितवन राष्ट्रिय निकुञ्ज

बाघ, गैंडा र घडियाल गोही संरक्षणका विश्व वन्यजन्तु कोषबाट उत्कृष्ट राष्ट्रिय निकुञ्जका रूपमा सूचीबद्ध चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्ज पनि हो। चितवन राष्ट्रिय निकुञ्ज हात्ती चढेर एकसिंगे गैंडा हेर्न सकिने विश्वमै कहलिएको ठाउँ हो। यहाँ राप्ती खोलाको किनारमा बसी सूर्यास्तको दृश्यावलोकनको आनन्द लिनुको मजा बेग्लै हुन्छ। निकुञ्ज घुम्न सडकमार्ग हुँदै टाँडीबाट भित्र पस्न सकिन्छ। चितवन राष्ट्रिय निकुञ्जलाई गन्तव्य बनाउन सबैभन्दा पहिले भरतपुर पुग्नुपर्छ। भरतपुरसम्म नेपालको जुनसुकै ठाउँबाट पनि बस सेवा उपलब्ध छ भने काठमाडौंबाट हवाई सेवासमेत उपलब्ध छ। भरतपुरबाट सौराहा वा कसरा पुगेर चितवन राष्ट्रिय निकुञ्ज घुम्न सकिन्छ। यो राष्ट्रिय निकुञ्ज बेला-बेलामा सञ्चालन हुने हात्तीपोलो, गाडा दौड, हात्ती सुन्दरी प्रतियोगिता आदि वन्यजन्तुसँग सम्बन्धित कार्यक्रमहरूका लागिसमेत पनि लोकप्रिय छ।

## स्वर्गद्धारी

प्युठान जिल्लामा पर्ने स्वर्गद्वारी आश्रम, स्वर्गद्वारी महाप्रभुको तपस्या स्थलका रूपमा प्रसिद्ध छ। धार्मिक पर्यटकीय स्थलका रूपमा विकास भैरहेको स्वर्गद्वारी समुद्र सतहबाट २ हजार १ सय २१ मिटरको उचाइमा छ। स्वर्गद्वारीबाट तीनवटा हिमशृंखला हेर्न सकिन्छ। स्वर्गद्वारी धार्मिक सम्पदा, इतिहास तथा प्राकृतिक सौन्दर्यको खानी हो। स्वर्गद्वारी पुग्ने सबैभन्दा नजिकको गन्तव्य दाङको घोराही बजार तथा रुपन्देहीको बुटवल हो। दाङ र बुटवलबाट रोल्पासम्म चल्ने बसमार्फत स्वर्गद्वारी पुग्न सकिन्छ। त्यसका लागि भालुबाङ-रोल्पा राजमार्गको मध्यभागमा रहेको भिङ्ग्रीमा ओर्लिनुपर्छ। भिङ्ग्रीबाट ४ देखि ६ घण्टाको पैदलयात्रापछि स्वर्गद्वारी पुगिन्छ। स्वर्गद्वारी आश्रमले जुनसुकै स्तरका पर्यटकका लागि दुईदेखि तीन दिनसम्म निःशुल्क खाने बस्ने व्यवस्था मिलाउँदै आएको छ।

## पोखरा

साहसिक खेल र रमाइलो गतिविधिका लागि स्काई डाइभिङ, प्याराग्लाइडिङ, अल्ट्रालाइट उडान र ऱ्याफ्टिङ, बन्जिजम्पिङलगायतका साहसिक खेलहरू उपलब्ध छन्। पोखरा पुग्न छोटो पदयात्रा गर्न मन लागे नजिकको दूरीमा १८ वटा पदयात्रा मार्ग छन्। यहाँबाट धौलागिरि, अन्नपूर्ण र मनास्लु हिमशृंखलाहरू अवलोकन गर्न सकिन्छ। घुम्नका लागि सेतो गुम्बा, पातले छाँगो, महेन्द्र गुफा तथा गुप्तेश्वर गुफा मुख्य स्थल हुन्। पोखरा आसपासमा आठवटा ताल छन्।



## लुम्बिनी

लुम्बिनी गौतम बुद्धको जन्मस्थल भएकाले विशेष गरी बौद्धमार्गीहरू संसारका विभिन्न कुनाबाट यहाँ आउँछन्। रूपन्देहीको लुम्बिनी ऐतिहासिक तीर्थस्थल भएकाले युनेस्को विश्व सम्पदा क्षेत्रमा सूचीकृत छ। धार्मिक पर्यटकहरूका लागि मात्र होइन, पुरातात्विक सम्पदामा रुचि राख्नेहरू एकपल्ट पुग्नैपर्ने स्थान हो– लुम्बिनी। गौतम बुद्धको जन्मस्थल क्षेत्रमा थुप्रै स्तूपा तथा गुम्बाहरू छन्।

## कोसी टप्पु आरक्ष

चराचुरुङ्गीहरू अवलोकनका लागि नेपाल सबैभन्दा राम्रो ठाउँ हो, कोसी टप्पु आरक्ष। पूर्वी नेपालमा अवस्थित कोसी टप्पु र कोसी ब्यारेज क्षेत्रमा प्रवासी पानी कुखुरा र चराहरू हेर्न जाडो मौसम उपयुक्त हुन्छ। कोसी टप्पुमा अन्यत्र नपाइने प्रजातिका चराहरू देखिन्छन्। जनवरी र फेब्रुअरीमा यहाँ हजारौं चराचुरुङ्गी आउँछन्।

## श्रीनगर

तानसेनको श्रीनगर डाँडा घुम्नका लागि चर्चित छ। पाल्पालाई पहाडकी रानीसमेत भनिन्छ। पाल्पामा १ सय १३ वर्ष पुरानो रानीमहल पनि अवलोकन गर्न सकिन्छ। मौसमका हिसाबले पाल्पा बाह्रै महिना सुन्दर र घुम्नलायक मानिन्छ। कालीगण्डकी किनारामा रहेको रानीमहलले जो कोहीको मन लोभ्याउँछ।

## बन्दीपुर

नेवारी संस्कृतिको संग्रहालयका रूपमा परिचित छ, बन्दीपुर। यहाँ नेपालकै ठूलो गुफा (सिद्ध गुफा) पनि छ। बन्दीपुरमा प्याराग्लाइडिङसमेत सञ्चालनमा आएको छ। बन्दीपुरबाट जुगल, लाङटाङ, गणेश, मनास्लु, हिमचुली, अन्नपूर्ण, धौलागिरि र कान्जिरोवा हिमाल देखिन्छन्। मध्यजेठदेखि मध्य असारसम्म बन्दीपुर पुग्नेहरूले बाटैभरि चौबीस जातिका सुनगाभा फूलेको देख्न सक्छन्।

## नमोबुद्ध

काभ्रेपलान्चोकको नमोबुद्ध स्वदेशी तथा विदेशी पर्यटकहरू घुम्नका लागी चर्चित गन्तव्य हो। डाँडाको टुप्पोमा गुम्बा अनि बौद्ध कलाले सजिएका घरहरूले यो ठाउँ तिब्बती सहरजस्तो देखिन्छ। काभ्रेपलान्चोकको नमोबुद्धबाट डाँडाबाट पनौती, बनेपा र धुलिखेलसँगै हिमाली क्षेत्र र पूर्वउत्तरमा भकुन्डेबेसी तथा पाँचखालको खेतका सुन्दर फाँटले जो कसैको मन लोभ्याउँछ।



विकेन्ड




## म्युजिकल डिलाइट

अ म्युजिकल डिलाइट तथा नेसनल कलेजको आयोजनामा भोली शनिबार दाउरा, अ म्युजिकल डिलाइट इभेन्टको आयोजना हुँदैछ। धुम्बाराहीस्थित नेसनल कलेजमा हुन लागेको यो कार्यक्रममा फुडका साथै विभिन्न गेमका स्टल राखिनेछन् भने दिउँसो १ बजेपछि लाइभ ब्यान्डको प्रस्तुतिमा रमाउन पाइनेछ।

## काराओके नाइट

अंग्रेजी नयाँ वर्षको अवसर पारेर एलाइन्स फ्रान्स काठमाडौंले विशेष कार्यक्रम गर्दैछ। उक्त अवसरमा विभिन्न गेम खेलाएर प्रतियोगीहरूलाई गिफ्ट प्रदान गर्ने कार्यक्रम छ। यो कार्यक्रमा भाग लिन पुल्चोकस्थित एयरलाइन्स फ्रान्सको कार्यालयको रिसेप्सनमा सम्पर्क गर्नुपर्नेछ।

स्थान : एलाइन्स फ्रान्स, काठमाडौं
समय : साँझ ५ बजे
प्रवेश : निःशुल्क


फ्रान्सेली कैन्द्र
Alliance Française de Katmandou

## याक एन्ड यतिमा न्यू इयर इभ

अंग्रेजी नयाँ वर्षको इभमा होटल याक एन्ड यतीले विशेष कार्यक्रम गर्दैछ। उक्त अवसरमा सोमबार व्यवसायिक अन्तर्राष्ट्रिय डान्सरहरूले आफ्नो कला देखाउनेछन्। सिनर्स इन हेभन- न्यू इयर इभ-२०१८ थिममा यो कार्यक्रम हुन लागेको हो। यो कार्यक्रममा प्रवेशका लागि २ हजार, ड्रिंक्ससहित २ हजार ५ सय तथा कपल प्रवेशका लागि ४ हजार रुपैयाँ तिर्नुपर्नेछ।




## भेडेटारमा फुड फेस्टिभल



अंग्रेजी नयाँ वर्षको अवसरमा भेडेटारमा सातौं भेडेटार परिकार महोत्सव हुने भएको छ। होटल एसोसिएसन भेडेटारले आगामी पुस १६ देखि १८ गतेसम्म उक्त महोत्सव सञ्चालन गर्न लागेको हो। महोत्सवमा विभिन्न किसिमका ३० भन्दा बढी स्टल रहनेछन् भने प्रत्येक दिन विभिन्न जातजातिका मौलिक झाँकी तथा नृत्यहरू प्रस्तुत गरिनेछन्।



## नेपालगन्जमा न्यू इयर इभ

बलामी फिल्म इन्टरटेन्मेन्टले आयोजना गर्ने संगीत महोत्सवअन्तर्गत नेपालगन्जमा पुस १६ गते न्यु इयर ईभ सहितको म्युजिक फेस्टिभल सञ्चालन हुने भएको छ। उक्त अवसरमा आधा दर्जनभन्दा बढी कलाकारले प्रस्तुति दिने बताइएको छ। अंग्रेजी नयाँ वर्षको छेको पारेर आयोजना गर्न लागिएको उक्त संगीत महोत्सवमा गायक राजेशपायल राई, कमल खत्रीका साथै नेपाल आईडल सिजन-१ का सुरज थापा र सुजाता पाण्डेसमेतले प्रस्तुति दिनेछन् भने कलाकार सन्दीप क्षेत्रीले स्ट्यान्डअप कमेडी प्रस्तुत गर्नेछन्।

स्थानीय आयोजक शारदा इभेन्टसका रोनिश गौतमका अनुसार यो कार्यक्रम १५ वर्षदेखि ६० वर्षसम्मका दर्शकमा लक्षित छ।

नेपालगन्ज र कोहलपुरको पर्यटन प्रवर्द्धनका लागि पनि यो कार्यक्रम महत्वपूर्ण हुने दावी गर्दै जनवरी १ मा मनाइने नेपाली ढाका टोपी दिवसलाई समेत यो कार्यक्रममार्फत् प्रवर्द्धन गरिने आयोजकहरूले बताएका छन्।

# न्यू इयर इभ @ पोखरा



नयाँ वर्ष- २०१९ को अघिल्लो रात पोखरामा द एक्स ब्यान्ड प्रस्तुत हुने भएको छ। पोखरामा आयोजित २० औ संस्करणको सडक महोत्सव स्थल कोमागाने पार्कमा हुने उक्त कन्सर्टमा संगीतमा रम्दै नयाँ वर्षको स्वागत गर्न पाइनेछ। कन्सर्टमा मंगोलियन हर्ट तथा ऱ्यापर समिर घिसिङ भिटेनसमेत प्रस्तुत हुनेछन्। उक्त कार्यक्रम राति १ बजेसम्म चल्नेछ।

सोही दिन पोखरा घारिपाटनको सांग्रिला भिलेज रिसोर्टमा पार्टी नाइट आयोजित हुँदैछ। साँझ ७ बजे प्रारम्भ हुने पार्टी नाइटमा अडियो फार्म ब्यान्ड तथा डिजे सेसन आकर्षणका रूपमा रहनेछन्।

पोखरा लेकसाइडस्थित पप डान्सिङ बोटमा न्यू इयर फर्टुन पार्टी हुँदैछ। उक्त पार्टीमा ललित सिंह एन्ड यू एन बी सँगै स्थानीय ब्यान्डको प्रस्तुति तथा डिजे सेसनले न्यु इयर इभलाई विशेष बनाउनेछ। बेलुका ८ बजे प्रारम्भ हुने यो कार्यक्रममा सहभागी हुन १ हजार रुपैयाँ तिर्नुपर्नेछ।

द लेकसाइड रिट्रिटमा समेत न्यू इयर इभमा विशेष कार्यक्रम हुनेछ, जहाँ सूर्योदय कला केन्द्र एवं शब्द ब्यान्डको प्रस्तुतिसँगै डिजे मनिषको तालमा गाला डिनरमा रमाउन सकिनेछ भने होटल पोखरा ग्रान्डमा समेत कल्चरल डान्स, डिजे सेसन एवं लाइभ ब्यान्डको प्रस्तुति हुनेछ



### आज तालचोकमा पशुपति र लाहुरे

आज शुक्रबार पोखराको लेखनाथ तालचोकमा ऱ्यापर आशिष राना लाहुरे प्रस्तुत हुँदैछन्। उक्त अवसरमा उनले नेपहपका गीत सुनाउँदै मनोरन्जन प्रदान गर्नेछन् भने साथमा मनोज गुरुङ र सन्तोष बस्यालको प्रस्तुतिसमेत रहनेछ। दिउँसो हुने कार्यक्रममा लोकदोहोरी गायक पशुपति शर्मा मुख्य आकर्षणका रूपमा रहनेछन्। त्यस क्रममा भरत क्षेत्री, रामजी पौडेल, सम्झना लामिछाने मगर, सरला पाण्डे तथा काजल गुरुङका गीत समेत सुन्न पाइनेछ।

लेखनाथ उद्योग वाणिज्य संघले आयोजना गरेको १५ औं संस्करणको लेखनाथ महोत्सवमा भोलि शनिबार साँझ पुष्पन प्रधान तथा आरती सापकोटा प्रस्तुत हुनेछन्। त्यसअघि दिउँसो खुमन अधिकारी, शंकर बिरही गुरुङ, शिवहरि ढुगांना, देवी घर्ती, माया केसी तथा सजना बाँस्तोलाको प्रस्तुतिमा रम्न पाइनेछ।

**स्थान :** पोखरा महानगरपालिका, तालचोक लेखनाथ, कास्की
**समय :** बिहान ११ बजेदेखि राति ८ बजेसम्म
**प्रवेश :** दिउँसो ६० रुपैयाँ, साँझ १ सय रुपैयाँ

### निलिमा साँझ

नेपाल आइडलको सिजन टुबाट चर्चामा आएकी पोखराकी निलिमा थापामगरको उपस्थितिमा कन्सर्ट हुँदैछ। अंग्रेजी नयाँ वर्षको अवसरमा नीलिमा थापामगर सहयोग समितिले यो कन्सर्टको आयोजना गर्न लागेको हो। उक्त अवसरमा नेपाली गीत, संगीतसँगै सांस्कृतिक नृत्य प्रदर्शन हुने बताइएको छ।

**स्थान :** पोखरा उद्योग वाणिज्य संघ हल, गैरापाटन

### लेकसाइड न्यु इयर फेस्टिभल

प्रोफेसनल ट्रेकिङ गाइडको आयोजनामा आज शुक्रबार पोखराको लेकसाइडमा न्यू इयर फेस्टिभल हुँदैछ। यो फेस्टिभलमा विभिन्न मनोरञ्जक कार्यक्रम सञ्चालन हुनेछन् जहाँ लेकसाइड घुम्दै, नयाँ-नयाँ परिकारको स्वाद लिन सकिनेछ।

### हाइट एन्ड ड्राइ न्यू इयर पार्टी

पोखरा इभेन्टसको आयोजनामा सोमबार हाइट एन्ड ड्राइ न्यू इयर पार्टीको आयोजना हुँदैछ। देउरालीस्थित लेक फ्रन्ट गेस्ट हाउसले आयोजना गर्ने पार्टीमा नेदरल्यान्ड तथा फ्रान्सका कलाकारहरूको उपस्थिति रहनेछ। उक्त अवसरमा विदेशी कलाकारहरूको प्रस्तुतिसँगै क्याम्प फायरको समेत मज्जा लिन सकिनेछ।

### भोलि शनिबार टुर दि पोखरा

साइकल सिटी पोखराको आयोजनामा भोलि पुस १४ गते शनिबार टुर दि पोखरा हुने भएको छ। 'बर्न फ्याट नट फ्यूल' भन्ने नाराका साथ सञ्चालन हुने ३० किलोमिटर लामो उक्त टुरमा धरान, नेपालगन्ज काठमाडौं, कैलाली आदि जिल्लाको सहभागिता रहने बताइएको छ। पोखरा रंगशालाबाट शनिबार बिहान ७ बजे सुरु हुने ऱ्याली बुद्धचोकबाट प्रारम्भ भै पृथ्वीचोक हुँदै रंगशालामा पुग्नेछ।



# सुरज बने चार्मिङ स्माइल

भारतको नयाँ दिल्लीको बहादुरगढस्थित सिटी पार्क रिसोर्टको ग्रान्ड बलरुममा भएको पुरषहरूसँग सम्बन्धित नयाँ अन्तर्राष्ट्रिय मोडलिङ प्रतियोगिता मिस्टर मोडल वर्ल्ड वाइड-२०१८ मा नेपालका तर्फबाट सहभागी सुरज राजोपाध्यायले मिस्टर चार्मिङ स्माइलको एवार्ड जितेका छन् । डिसेम्बर १६ देखि २२ सम्म सञ्चालन भएको उक्त प्रतियोगितामा नेपाललगायत १५ मुलुकका युवाको सहभागिता थियो । प्रतियोगितामा सहभागी सुरज नेक्स्ट मोडल नेपालले सञ्चालन गरेको मोडल हन्ट नेपाल-२०१८ का फस्ट रनर्सअप हुन् । रुबरु ग्रुपद्वारा आयोजित मिस्टर मोडल वर्ल्ड वाइड-२०१८ मा फिलिपिन्सका कार्लो पासियनले मुख्य उपाधि जितेका थिए ।



# मिस्टर एन्ड मिस टुरिज्म

राजधानीमा सम्पन्न मिस्टर एन्ड मिस टुरिज्म नेपाल-२०१८ मा ऋषभ पन्त तथा रमुना कार्की विजेता भएका छन् । एसएसके मिडियाद्वारा आयोजित उक्त प्रतिस्पर्धामा रोहितकुमार एवं सुश्मिता लामा फस्ट रनर्सअप घोषित भएका थिए । यो प्रतियोगिताको फाइनलमा ८ पुरुष तथा ७ महिला सहभागी थिए ।

# विराटनगरमा फेसन शो



विराटनगरका मोडलहरूलाई व्यावसायिक बनाउने उद्देश्यले यसै साता आयोजित फेसन शोमा दुई दर्जन मोडल र्‍याम्पमा उत्रिएका थिए, जसमा साडी, कुर्ता-सुरुवाल, क्याजुअल, पार्टी वेयर, मिनिस्कर्ट तथा टिसर्टले प्राथमिकता पाए । उक्त फेसन शोको बीच-बीचमा स्थानीय कलाकारहरूले सांगीतिक प्रस्तुतिसमेत दिएका थिए ।

अनिल श्रेष्ठ

# प्लानेट नेपालको उपाधि



जेनिथ इन्टरटेनमेन्टको आयोजनामा सम्पन्न प्लानेट नेपाल-२०१८ मा निजान श्रेष्ठ तथा जेनिशा तामाङ विजेता भएका छन् । जेनिशाले बेस्ट सोसल सर्भिसको एवार्ड पनि जितेकी छिन् । यसैगरी प्रतियोगितामा बेस्ट वाक र बेस्ट ड्रेस एवार्डसहित स्वीकृति थापा फस्ट रनर्सअप भइन् भने मिस फोटोजेनिक एवार्ड सहित मृनाल श्रेष्ठ अर्गनाइजर च्वाइस एवार्ड विजेता घोषित भइन् । समृद्धि शर्माले भने मोस्ट क्रिएटिभ तथा मल्टिमिडिया एवार्डसहित भ्युअर च्वाइसको एवार्ड आफ्नो नाममा गरिन् । यो प्रतिस्पर्धा ई-प्लानेटको सहकार्यमा सञ्चालन भएको हो ।

## स्कुल ट्यालेन्ट हन्ट



यो वर्षको स्कुल ट्यालेन्ट हन्टको उपाधि दमक झापाकी अनुष्का कार्कीले हात पारेकी छिन् । दमकमा सम्पन्न ग्रान्ड फिनालेमा आफ्ना प्रतिस्पर्धीहरूलाई पछि पार्दै कार्कीले उपाधि जितेकी हुन् । यो प्रतियोगिताको आयोजना दमकस्थित पी एन्ड बी इभेन्ट एकेडेमीले गरेको हो ।

विष्णु सुब्बा

# मिस तामाङ पोखरामा १६

चौथो संस्करणको मिस तामाङ पोखराको फाइनलका लागि १६ जना छानिएका छन् । यसरी छानिनेमा रीता लोप्चान, सुमी तामाङ, कञ्चन तामाङ, सोफिया स्याङ्वो,सुष्मा लोप्चान, श्वेता पाखिन, आशा तामाङ, अस्मिता तामाङ, रिस्ता घिसिङ, जेमना घिसिङ, सजना वाइबा, विनिशा तामाङ, अमृता तामाङ, अनिता घिसिङ, मिनु थोकर तथा प्रीति तामाङ छन् । सहभागीहरूलाई तामाङ भाषा, संस्कृति एवं संस्कारमा केन्द्रित रहेर प्रशिक्षण प्रदान गरिनेछ । मिस तामाङ पोखराको फाइनल माघ १२ गते हुने बताइएको छ ।




# गरिमालाई द डिभा नेसनल

गोंगबु, काठमाडौंकी गरिमा सिंह पेला द डिभा नेसनल-२०१८ घोषित भएकी छिन् । वृक्ष इभेन्ट्सले आयोजना गरेको पहिलो संस्करणको द डिभा नेसनलमा गरिमाले मस्ट ब्युटिफुल उपाधि समेत हात पारिन् । प्रतियोगितामा बुद्धनगर, काठमाडौंकी सुमना घिमिरे फस्ट रनर्सअप तथा लोकन्थली, भक्तपुरकी अनु पौडेल सेकेन्ड रनर्सअप भए । यो प्रतियोगितामा २० जना युवतीले प्रतिस्पर्धा गरेका थिए ।

## सुपर स्टारमा ३० जना



पहिलो संस्करणको कास्की सुपर स्टार-२०७५ को फाइनलका लागि ३० जना छनौट भएका छन् । संयुक्त फिल्म्स तथा डान्स सेन्टरले आयोजना गर्ने उक्त एकल महिला तथा पुरुष गायन एवं नृत्य प्रतियोगिताको अडिसनमा ५० जनाले भाग लिएका थिए । उनीहरूमध्ये नृत्यतर्फ २० तथा गायनतर्फ १० जना छनौट गरिएको आयोजक संस्थाका प्रबन्धक प्रेम थापाले बताए ।

# विराट एक्स्पोमा कलाकार

विराटनगरमा जारी विराट ट्रेड एक्स्पोमा दैनिकजसो राष्ट्रिय स्तरका कलाकारहरूले मनोरञ्जन प्रदान गर्दै आएका छन् । एक्स्पो उद्घाटन भएको दिन गत शुक्रबार गायक सविन राई प्रस्तुत भएका थिए भने त्यसपछि दोस्रो दिन (शनिबार) गायक कमल खत्री एवं गायिका मीना निरौला, तेस्रो दिन (आइतबार) गायिका टीका प्रसाईं एवं हास्यकलाकार राजा राजेन्द्रले प्रस्तुति दिए । एक्स्पोको तेस्रो दिन नै भारतको प्रिन्स डान्स ग्रुपका कलाकारहरूले आकर्षक नृत्य प्रस्तुत गरेका थिए । पुस १४ गतेसम्म चल्ने यो एक्स्पोमा २ सय ५० वटा स्टल छन् ।



अपराध

# श्रेयाको हत्या गर्ने कुसुमलाई जीवित रहेसम्म कैद

राजाराम पौडेल

नेपालमा बलात्कार तथा हत्याका घटनामा वृद्धि भैरहेको छ । यसरी विभिन्न घटना घटिरहे पनि कतिपय अपराधी पक्राउ पर्दैनन् भने पक्राउ परेकाहरूले पनि विभिन्न बहानामा उन्मुक्ति पाउँदा सर्वसाधारण सन्तुष्ट छैनन् । यद्यपि यही समयमा पोखरामा घटेको एक घटना र त्यसका अपराधीले पाएको सजायका कारण पीडितले न्याय पाउने आशा थपिएको छ ।

कास्की जिल्ला अदालतले पोखरा महानगरपालिका २२ (पुम्दी-भुम्दी) की श्रेया विकको बलात्कारपछि हत्याको आरोपमा पक्राउ परेका कुसुम पौडेललाई जीवित रहेसम्म कैदमा राख्ने गरी जन्मकैदको फैसला गरेको छ । जिल्ला न्यायाधीश योगेन्द्रप्रसाद साहको इजलासबाट मंसिर १७ गते कसुर ठहर निर्णय भएकोमा पुस ४ गते सजाय निर्धारण भएको हो । कुसुमविरुद्ध असोज २२ गते कास्की जिल्ला अदालतमा 'जर्बजस्ती करणी गरी कर्तव्य ज्यान' मुद्दा दायर भएको थियो । कुसुम पौडेलले अपराध स्वीकार गरेका कारण अदालतमा मुद्दा दायर भएको ५७ दिनमा कसुर ठहर निर्णय भै ७३ दिनमा सजाय निर्धारण निर्णय भएको हो । नेपालको न्यायिक इतिहासमा कसुरदार जीवित रहेसम्म कैदमा राख्ने गरी भएको यो पहिलो फैसला हो । भदौमा जारी भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा विभिन्न ६ प्रकृतिका मुद्दामा जीवित रहेसम्म कैदमा राख्न सक्ने व्यवस्था छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख एस.पी. ओम बहादुर राना सहितको टोलीले उक्त घटना सार्वजनीक भएको एक दिन बित्न नपाउँदै हत्या गरेको आरोपमा कुसुमलाई पक्राउ गरेका थियो । वादीको पक्षबाट जिल्ला न्यायाधिवक्ता गुरुप्रसाद वाग्ले, सहायक जिल्ला न्यायाधिवक्ता नवराज रेग्मी तथा पूर्णप्रसाद शर्माले पौडेलको विपक्षमा बहस गरेका थिए । प्रतिवादीको पक्षमा वैतनिक अधिवक्ता कृष्णकुमार श्रेष्ठले बहस गरेको थिए । सबै पक्षको सहयोगका कारण छोटो समयमा फैसला गर्न सकिएको कास्की जिल्ला अदालतका स्रेस्तेदार जगन्नाथ पौडेलले बताए । पौडेलविरुद्ध पोखरा २२ का मीनबहादुर विकले किटानी जाहेरी दिएका थिए ।

सुरुमा बलात्कार गर्न खोजेको र श्रेयाले प्रतिकार गर्दा घाँटीले थिचेर बेहोस बनाएको र बलात्कार गरिसकेपछि ढुंगाले हानेर हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको थियो । स्याङ्जा आरुखर्क घर भएका पौडेल पोखरा-२२, पुम्दीभुम्दी कोदीमा बस्दै आएका थिए । श्रेया भने मामाघर बसेर स्थानीय लीला प्राथमिक विद्यालयमा कक्षा ३ अध्ययनरत थिइन् ।

## श्रेया यसरी भएकी थिइन् कुसुमको सिकार

९ वर्षीया श्रेया विक कुसुम पौडेलसँग चिनजानकै व्यक्ति थिइन् । विदेशबाट फर्किएपछि घर बनाउने लेबरको काम गर्ने कुसुम गत असोज ८ गते फुर्सदमा थिए । फुर्सदको समयमा उनलाई रक्सी पिउन मन लाग्यो अनि उनले पोखरा-२२ स्थित हेमबहादुर विकको पसलमा पुगी साथी प्रकाश बराल सँगै रक्सी पिए । केही समयमा राजकुमार विक पनि त्यहाँ पुगे । फोन गरी कालीमाटीका दुई जना साथी सागर र राजेश ठकुरीलाई समेत त्यहीं बोलाइयो अनि सबै मिलेर रक्सी पिए । त्यहाँ केही रक्सी पिएपश्चात् उनीहरू केही रक्सी लिएर टुनीपाखा भन्ने ठाउँमा जान्छन् अनि थपिन्छन् सुशील बराल पनि । रक्सी र गाँजा खाएर तीन-चार बजेतिर पानी पर्न लागेकाले उनीहरू उदय केसीको पसलमा ओत लाग्न पुग्छन् । त्यहाँ ओत लाग्दा फेरि बचेको रक्सी तथा गाँजा खान्छन् । करिब साढे ४ बजेतिर कुसुमले सुशील र प्रकाशलाई घर जाम भन्छन् । साथीहरूले तिमी जाँदै गर, हामी आउँदै गर्छौं भन्छन् । त्यसपछि कुसुम त्यहाँबाट तल झरेर आफ्नो घरतिर लाग्छन् । बाटोमा कुसुम अस्मिता लामिछानेको घरमा पानी पिउनुपर्‍यो भनी पुग्छन्, तर अस्मिताले ढोकाको चाबी छैन भनेकाले कुसुम चुरोट लीन भनी तल पसलतिर लाग्छन् । बाटोमा श्रेया विकको मामाको घरभन्दा करिब ६०-७० मिटर तल एउटा सानो मन्दिर छ । त्यहाँ श्रेया विक फेला पर्छिन् । कुसुमले निजलाई चकलेट खाउ नानी भनी ५ रुपैयाँ दिन्छन् । त्यसपछि कुसुम ३०-४० मिटर तल गै त्यहाँ रहेको पुरानो घरको आँगनको डिलमा बसी १० रुपैयाँको नोट निज श्रेया विकलाई देखाउँदै पुनः बोलाउँछन् । श्रेया त्यहाँ पुग्छिन् र कुसुमले उनलाई १० रुपैयाँ दिन्छन् । कुसुम रक्सी र गाँजाको तालमा मस्त थिए । त्यही तालमा कुसुमले श्रेयालाई झाडीमा धकेलिदिन्छन् । श्रेया उत्तानो पर्छिन् र चिच्याउन थाल्छिन् । कुसुमले अरुले थाहा पाउँछन् कि भनेर दुवै हातले करिब १ मिनेटसम्म निजको घाँटी अँठ्याउँछन् । त्यसपछि उनको संवेदनशील अंगमा हस्तक्षेप गर्छन् । श्रेया बेहोसजस्तै हुन्छिन् । त्यसपछि कुसुमले श्रेयाको निधारमा एकपटक ढुङ्गाले हान्छन् अनि फेरि घोप्टो पारेर पछाडि कन्चटमा २ पटक ढुङ्गाले हान्छन् । आफूले हानेको ढुङ्गाले निजको पछाडि कन्चटमा लागेर झर्ने क्रममा टीकाराम बराल भन्ने साथी माथि उक्लँदै गरेको देख्छन् । घटना भएको उनले थाहा पाउँछन् भन्ने डरले कुसुमले टिकारामलाई यो बाटो नजाउ, यता खतरा छ भनी अर्को बाटो पठाइदिन्छन् । त्यसपछि २-३ सय मिटर तल घैयाँखेत भन्ने ठाउँभन्दा अलिकति माथि मूल फुटेको ठाउँमा पुगेर पानीले हातखुट्टा धुन्छन् । त्यसपछि उनी कुलप्रसाद बरालको पसलमा गै २० रुपैयाँको खुकुरी चुरोट किनी एउटा चुरोट त्यही खाई रामजी बरालको घर पुग्छन् । त्यहाँ कुसुमकी श्रीमती दूध लिन पुगेकी हुन्छिन् । त्यसपछि उनी श्रीमतीसँग घरतर्फ लाग्छन् । फेरि उनी खिर खान भनी टीकाराम बरालको घरमा दूध लिन जान्छन् । त्यही बेला उनले साथीहरूले मान्छे मारेर फालेको हुँदा खतरा छ भन्छन् । त्यसपछि उनी दूध लिएर घरमा आई खीर बनाएर खाई सुत्छन् । भोलिपल्ट बेलुका ७ बजेतिर प्रहरीले उनलाई घरबाटै पक्राउ गर्छ । प्रहरीसमक्ष कुसुमले श्रेयाको संवेदनशील अंगमा हस्तक्षेप गरेको बताएका छन् । करणी गर्ने उद्देश्य थिएन । निजलाई मैले नै मारेको हुँ । रक्सी र गाँजाको तालमा त्यस्तो गरेँ भन्दै अपराध स्वीकार गरेका थिए । कास्की जिल्ला अदालतको बयानमा समेत कुसुमको त्यही भनाई आउँछ ।

## यस्तो अवस्थामा भेटिएको थियो श्रेयाको शव

श्रेयाको शव असोज ९ गते कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नम्बर-२२, पुम्दी भुम्दी, कोदीस्थित बरालहरूको कुल मन्दिरको पूर्वतर्फ रहेको भिरालो जङ्गलमा फेला परेको थियो । उनको शव पश्चिम टाउको, पूर्व खुट्टा गरी घोप्टो अवस्थामा थियो । उनको शरिरमा लगाएको रातो रंगको टि-सर्ट छाती भन्दा माथिसम्म खिचिएको, तलतर्फ लगाएको रातो सेतो रङ्गको भेलबेटको सुरुवाल र कालो पेन्टी बायाँ खुट्टा बाट निकाली दाहिने खुट्टाको घुँडामुनि रहेको, मृतकको टाउकोमा ३४ इन्च गोलो साढे दुई इन्च मोटो बाक्लो ढुङ्गा र लाम्चो आकारको ८ इन्च लामो ४ इन्च मोटो ढुङ्गाले थिचिएको अवस्थामा थियो । उनको टाउको थिचिई जमिन खोस्रिई अनुहारको भाग जमिन मुनी रहेको अवस्थामा फेला परेको थियो ।

## जीवित रहेसम्म कैदमा

'मृतक ९ वर्षकी नाबालिग रहेकी र निजलाई जबरजस्ती करणी गरी निर्मम हत्या गरेकोले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ (३) (क) बमोजिम २० वर्ष कैद हुने ठहर्छ । ऐजन ऐनको परिच्छेद १२, ज्यान सम्बन्धी कसुरमा दफा १७७ (२) मा उपदफा (१) बमोजिम कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने कानूनी व्यवस्था छ भने ऐजन ऐनको दफा ४१ मा जबरजस्ती करणी गरी ज्यान मारेकोमा कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्नेछ भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७ (२) तथा दफा ४१ बमोजिमसमेत सजायको माग दावी रहेको देखिंदा प्रतिवादीले कर्तव्य गरी ज्यान मारेकोमा दफा १७७(२) बमोजिम जन्मकैद र जबरजस्ती करणी गरी ज्यान मारेकोमा दफा ४१ (च) को कसुर ठहरी फैसला भएकाले दफा ४१ बमोजिम कसुरदार जीवित रहेसम्म कैद गर्ने ठहर्छ ।' फैसलामा भनिएको छ ।

## क्षतिपूर्ति समेत पाउने

अदालतको फैसलामा श्रेया विकको परिवारलाई क्षतिपूर्तिसमेत भराइने कुरा उल्लेख छ । क्षतिपूर्तिबापत कुसुम पौडेलको अंश भागबाट मृतकका हकवाला आमाले एक लाख पाउने ठहरेको हो । मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १८६ नम्बर बमोजिम उक्त क्षतीपुर्तीको रकम मुद्दाको अन्तिम किनारा लागेपछि मात्र मृतकका हकवालाले प्राप्त गर्नेछन् ।

## ऐतिहासिक फैसला

पौडेल माथि भएको जन्मकैदको फैसला नेपालको न्यायिक इतिहासमा ऐतिहासीक फैसला भएको महिला अधिकारवादीहरूले बताएका छन् । यो फैसलाका कारण यस्ता प्रकृतिका घटनामा कमी आउन सक्ने अपेक्षा उनीहरूको छ । यसैगरी अदालतले गरेको सजाय प्रति पिडित पक्षको समेत सकारात्मक प्रतिक्रिया छ । श्रेयाकी आमाले अदालतले गरेको फैसलाले दुखेको घाउमा केही मात्रामा भए पनि मल्हम लगाउने काम गरेको प्रतिक्रिया दिइन् । आगामी दिनमा यस्ता घटना हुन नदिन अभिभावकहरूसमेत सचेत हुनुपर्ने उनको आग्रह छ । आफ्ना बच्चा कता छन्, के गर्दैछन् निगरानीमा राख्नुपर्ने र एक्लै घरबाहिर पठाउन नहुने रहेछ भन्ने आफुलाई लागेको उनले बताइन् । कास्की जिल्ला अदालतका स्रेस्तेदार जगन्नाथ पौडेलले यस्ता फैसलाले अपराध न्यूनिकरणमा समेत टेवा पुग्ने बताए । 'भदौमा जारी भएको मुलुकी अपराध संहितामा ६ वटा अपराधमा आजीवन काराबास हुन सक्ने व्यवस्था छ । सोही अनुसार फैसला सुनाइएको हो,' उनले भने । यसले 'अपराध गर्दा कस्तो कारबाही भोग्नुपर्ने रहेछ भनेर उदाहरण पनि दिएको छ । आपराधिक मानसिकता भएकाहरू यस्ता फैसलाबाट पक्कै हच्किनेछन्' स्रेस्तेदार पौडेलले बताए ।



> पौडेल माथि भएको जन्मकैदको फैसला नेपालको न्यायिक इतिहासमा ऐतिहासीक फैसला भएको महिला अधिकारवादीहरुले बताएका छन् । यो फैसलाका कारण यस्ता प्रकृतिका घटनामा कमी आउन सक्ने अपेक्षा उनीहरुको छ । यसैगरी अदालतले गरेको सजाय प्रति पिडित पक्षको समेत सकारात्मक प्रतिक्रिया छ । श्रेयाकी आमाले अदालतले गरेको फैसलाले दुखेको घाउमा केही मात्रामा भए पनि मल्हम लगाउने काम गरेको प्रतिक्रिया दिइन् ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

पुस १५ गते
तमु ल्होसार

पुस १७ गते
सन् २०१९ आरम्भ

## मेष

आफ्नाका लागि गरिएको प्रयत्न अर्थहीन सावित हुने सम्भावना छ। आर्थिक कारोबारका क्रममा हैरानी तथा दौडधूप हुन सक्छ। रोकिएका काम बलबुता प्रयोग गर्न सके सुस्त गतिमा सम्पन्न हुनेछन्। परोपकारमा रुचि बढ्नेछ। साताको अन्त्यमा भोजभतेरमा सहभागी भइनेछ।

## वृष

अपेक्षा गरेजस्तो अवसर प्राप्त गर्न नीलो रंगको पहिरन उत्तम सावित हुनेछ। उपल्लो दर्जाका व्यक्तिहरूको दबाबमा गरिएको कार्यले मन खल्लो बनाउनेछ। बुधबारपछिका दिन अनुकूल नै हुनेछन्। प्रेमको गाँठो कसिन सक्छ। दिगो आम्दानी हुने मार्ग पहिल्याउन केही समय कुर्नुपर्ने हुन्छ।

## मिथुन

आकस्मिक अवसर तथा लाभ प्राप्त हुने सम्भावना छ। मेहनत एवं लगनशीलताले प्रतिष्ठा दिलाउनेछ। विदेशमा भएका मित्रहरूले विश्वास गर्ने वातावरण बन्दैछ। धैर्यधारण गरे काम सम्पन्न गर्न सकिनेछ। चिसो वातावरणमा मनोरञ्जन गर्दा स्वास्थ्यको ख्याल गर्नु होला।

## कर्कट

परिस्थिति अनुकूल हुँदाहुँदै पनि अपजस आइलाग्न सक्छ, जसले तपाईंको कार्यक्षमता वृद्धि गर्न सहयोग नै गर्नेछ। मझौला किसिमका व्यवसायमा लगानी गर्ने प्रस्ताव प्राप्त हुनसक्छ, निर्णय गर्न ढिलाइ नगर्नुहोला। साताको अन्त्यमा पाहुनाहरूसँग भलाकुसारी तथा खानपान गर्दै समय व्यतीत गर्न पाइनेछ।

## सिंह

सहपाठी मित्रले अन्तर्मनको कुरा व्यक्त गर्न सक्छन्। अभिभावकहरूले दिएका मार्गदर्शन पालन गर्दा प्रशंसासहित आर्थिक लाभ प्राप्त हुनेछ। कार्य क्षेत्रका अवरोधहरू स्वत: निर्मूल हुनेछन्। लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन। जमघटहरूमा रमाउँदा स्वास्थ्यको ख्याल राख्नुहोला।

## कन्या

सामाजिक क्षेत्रमा कीर्तिमानी कार्य गरी लोकप्रियता आर्जन गरिनेछ। दुई आत्माबीचको सुन्दर सम्बन्ध निकै अगाडि बढिसकेको अवस्था छ। ठूलाबडासँगको प्रत्यक्ष भेटघाटले योजनाहरू सहज रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनेछ। आर्थिक लेनदेनबाट टाढै रहनु उत्तम हुन्छ।

## तुला

मेहनतले जीवनशैलीलाई थप उचाइमा पुऱ्याउनेछ। कुरा काट्नेहरू तपाईंको भैतिक सुख-साधनको समेत चियोचर्चा गर्न पछि पर्ने छैनन्। असहज परिस्थितिबाट उम्कन थप धन खर्च गर्नुपर्ने हुनसक्छ। प्रेमी-प्रेमिकाबाट नसोचेको सहयोग प्राप्त हुँदा समस्याको गाँठो स्वत: फुक्नेछ।

## वृश्चिक

आर्थिक प्रलोभन देखाउनेहरूबाट सावधान रहनुहोला। रचनात्मक कार्यले अरूको मन सजिलै जित्न सक्नेछ। इँटा रंगको पहिरनले अपेक्षा गरेजस्तै नतिजा दिलाउनेछ। कार्य क्षेत्रमा प्रतिस्पर्धाको सामना गर्नुपर्नेछ। आर्थिक संकटका बीच पनि कार्य सम्पन्न भएरै छाड्नेछ।

## धनु

नयाँ रोजगारीको क्षेत्रमा अपेक्षाकृत परिणाम हात पर्नेछ। सामाजिक सञ्जालबाट मन पराएको प्रस्ताव आउन सक्छ। अभिभावकको सुझावले उन्नतिको मार्ग पहिल्याउन सहज बनाउनेछ। खानपानको समय तालिका फेरबदल हुँदा स्वास्थ्य समस्याले सताउन सक्छ।

## मकर

मन मिल्ने साथीहरूको सुझाव स्वीकार गर्दा विशेष फाइदा हुनेछ। निजी तथा सरकारी क्षेत्रमा गरिएको परिश्रमले सकारात्मक परिणाम आनन्द दिनेछ। विदेशमा अध्ययन गर्न खोज्दा बजेटभन्दा बढी खर्च हुनसक्छ। तपाईंको प्रतिभाले उचित स्थान पाउनेछ।

## कुम्भ

अपरिचित व्यक्तिहरूको कुरामा भर पर्नुपूर्व तथ्य कुरा पत्ता लगाउने प्रयत्न गर्नुहोला। विशिष्ट व्यक्तिहरूको प्रेरणाले समस्या सुल्झाउन सहयोग पुऱ्याउनेछ। अरूको विश्वासमा पर्दा आफ्नो गोप्य सूचना बाहिरिन सक्छ। मेहनतले राम्रै अवसर प्रदान गर्नेछ। यो साता पश्चिमतर्फको यात्रामा सफल भइनेछ।

## मीन

प्रेमी-प्रेमिकाको सहयोगले व्यवसाय उचाइमा पुग्नेछ। शुभ तथा मांगलिक कार्यमा धन खर्च गर्नुपर्ने हुन सक्छ। राजनीतिक कुरामा कम बोल्नु नै उपयुक्त हुन्छ। पेटसम्बन्धी समस्याले सताए पनि मंगलबारदेखि क्रमिक रूपमा स्वास्थ्यमा सुधार आउनेछ। साताको अन्त्यमा भ्रमणमा सहभागी भइनेछ।

**अब हाम्रो पालो**

# पुस फासफुस किन भनिएको होला ?

उखान टुक्का मिलाएको मात्र हो।

**सुजन केसी**

मंसिर र माघ बिहेका महिना भएर सजधज, सफासुग्घर भएर हिँड्छन् तर पुस काम न काजको चिसो महिना, मुख पनि नधोई फासफुसमै बिताइने भएर।

**सुरेश बढाल**

पुस महिनामा हिउँ पर्छ, हिउँ पर्दा फुसफुस गरी झर्ने भएकाले।

**निशब्द राजा**

मंसिरका जोडीहरू दिक्क भएर मंसिर जस्तो पुसमा आनन्द महसुस गर्दैनन् त्यसैले।

**अन्जान**

मान्छे चौध घण्टा सुत्छ अनि उज्यालोमा जम्मा ९/१० घण्टामात्र बित्ने हुँदा फासफुस।


**कविता चिन्तन यात्रा**

मंसिरमा बिहेको लगन नजुरेकाहरूलाई माघमा जुराउन प्रोत्साहन दिँदै पुस त फासफुस गैहाल्छ त्यसैले।

**फिरन्ते**

अल्छी भएर।

**पूनम पोखेल**



बिहान ८ बजे उठ्यो। बेलुका ६ बजे सुत्यो। जम्मा १० घण्टा। महिनामा ३०० घण्टा हल्लिएर ४ सय २० घण्टा सुतेर बिताउनुलाई फासफुस नभनेर के भन्ने त ?

**ओजस्वी**

झास झुस बाली आगो तापेर चिसोलाई फासफुस पारिने भएकाले।

**अजस्र**

मिलिक्क आउने पिलिक्क जाने भएर।

**विनोद दुवाडी**

दिन छोटा र रात लामा हुने भएकाले।

**सुदीप श्रेष्ठ**

पुसमा हुस्से फासफुस फासफुस लाग्न थाल्या हुन्छ। त्यसैले पुस-फासफुस भनिएको होला।

**प्रज्वल गौतम**

घामको अनुहार न देखि जाने छोटो दिन, कुनै विशेष काम गर्नै नभ्याइने, पुस अनि फुस मिलाएर बनाइएको थेगो हुनुपर्छ।

**दिपु**

पुस फासफुस बूढाबूढीहरूले भन्न थालेको हुनुपर्छ, किनभने

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
>
> १. विदेश बस्दा नेपालको कुन कुरा सबैभन्दा बढी मिस हुन्छ ?

अन्य दिनहरू लामा र पट्यार लाग्दा हुन्छन पुसका दिन छोटा हुन्छन् र रात निन्द्रामै बित्छ। यसरी दिन बितेको पत्तै नहुने भएकाले यसो भनिएको हुनुपर्छ।

**गाउँले**

पुस महिनालाई रित्तो महिनाका रूपमा लिइन्छ। यो महिना कुनै पवित्र वा धार्मिक कार्य पनि नहुने भएकाले पुसलाई फासफुस भनिएको हो।

**भूपेन्द्र शाहा ठकुरी**

वास्तवमा पुस फासफुस नै हो। एक त छोटो दिन त्यसमाथि चिसोका कारण तातोको जोरजाम गर्दैमा माघ महिनाले हस्तछेप गरिहाल्छ।

**एसपी दिक्पाल**

मंसिरमा बिहे गऱ्यो, हनिमुन चलिरहेको हुने, कतिबेला उज्यालो हुन्छ पत्तै नहुने, बाले बोलाउँदा १० बजेको हुने, भात खायो, यसो घाम ताप्यो, कृषिको काम नहुने, जाडो बढी हुने, फेरि सिरकभित्रै पस्न मन लागिहाल्ने त्यसैले पुस फासफुस।

**गुल्मेली घिमिरे**

छोटो महिना, चिसो महिना, भर्खरै (मंसिरमा) अनाज भित्र्याइएकाले किसानको ढिकुटी भरिभराउ हुन्छ पेटभर खाएर सुत्दा सुत्दै भुसुक्कै महिना गैहाल्छ, त्यसैले।

**गणेश पौडेल**

जाडोले गर्दा आगो फुकीफुकी ताप्नुपर्ने हुनाले पुस महिनालाई फासफुस भनिएको हो।

**शिव खतिवडा**

घाम ताप्ने धित नमर्दै दिन बित्ने र महिना सकिने अनि दिन छोटा अनि रात लामा हुने र अबेर बिहानसम्म बिस्तरा छोड्न नसकिने भएकाले।

**अर्जुन आचार्य**

अबेर मात्र सूर्योदय हुने र चाँडै सूर्यास्त हुने भएकाले केही काम गर्न भ्याइँदैन। यसरी फासफुस गरेर समय ब्यतित हुनेभएकाले यो महिनालाई फासफुस भनिएको हो।

**खलासी**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,**
ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

मेरो विवाह भएको ५ वर्ष भए पनि बच्चा हुनसकेको छैन । नियमित यौनसम्पर्क हुन्छ तर पनि बच्चा भएको छैन । यसले गर्दा चिन्ता बढ्दै गएको छ । बुढीको परसर्ने समय पनि ढिला हुँदै गएको छ, १५ देखि २० दिनको फरक पर्छ । यौनसम्पर्कका क्रममा स्खलन हुँदा मेरो लिंग अलिअलि चिलाउँछ र श्रीमतीलाई पनि कहिलेकाहीं पोल्छ र चिलाउँछ । मेरो तथा श्रीमतीको रगत जँचाएको थिए । अरु सबै टेस्ट समेत गराएको थिए बच्चाका लागि । तै पनि अहिलेसम्म सन्तान नभएको हुँदा साह्रै चिन्ता भएको छ । सन्तानका लागि कुन अस्पताल र कुन डाक्टरसँग जँचाउनु पर्ला ?

**एसपी**



**महिलाको शरीरमा कतिपय हर्मोनको गडबढी हुँदा पनि सन्तान नहुन सक्छ । केही परिस्थितिमा यसको मानसिक कारण पनि हुन्छ । महिलाको प्रजनन अङ्गसँग सम्बन्धित विकारहरूका कारणले सन्तान जन्माउन नसक्ने हुनुसबै भन्दा प्रमुख कारण हो । विभिन्न कारणले डिम्ब वाहिनी नलीको संक्रमण हुँदा यो नली बन्द हुन सक्छ । यो नली बन्द भए डिम्ब तथा शुक्रकिटको मिलन हुन सक्दैन ।**



### बच्चा नहुनुको कारण ?

सन्तान जन्माउन गर्भधारण हुनुपर्छ । गर्भधारणका लागि यौनसम्पर्क, वीर्यस्खलन, डिम्ब निस्कासन, डिम्ब निसेंचन अनि डिम्बरोपण जस्ता कुरा हुनु आवश्यक छ । सफल गर्भधारणका लागि भ्रूण विकसित हुँदै सन्तानका रूपमा जन्मन्छ । सन्तान जन्माउने यी सबै कुराको बीचमा तालमेल जरुरी छ । गर्भनिरोधको कुनै साधन प्रयोग नगरी गर्भ रहोस् भनेर चाहेर एक वर्षभन्दा बढी यौनसम्पर्क गर्दा पनि गर्भ नरहेको स्थितिमा परीक्षण गराउनु मनासिव हुन्छ । सन्तान जन्माउन नसक्नुका केही कारण पुरुषमा हुन्छ भने केही कारण महिलामा हुन्छ । त्यसैगरी केही कारण दुवै जनामा संयुक्त रूपमा हुन्छन् । करिब दश प्रतिशत जति यस्ता घटनामा सन्तानहिनताको कारण नै पत्ता लाग्दैन ।

महिलाको शरीरमा कतिपय हर्मोनको गडबढी हुँदा पनि सन्तान उत्पादन नहुन सक्छ । केही परिस्थितिमा यसको मानसिक कारण पनि हुन्छ । महिलाको प्रजनन अङ्गसँग सम्बन्धित विकारहरूका कारणले सन्तान जन्माउन नसक्ने हुनुसबै भन्दा प्रमुख कारण हो । पाठेघरभित्र मासु बढ्ने, पाठेघरको भित्री तहको खराबी वा संक्रमण (जस्तै टीबी) वा अन्य खराबी भए पनि सन्तान जन्मन नसक्ने हुन्छ । विभिन्न कारणले डिम्ब वाहिनी नलीको संक्रमण हुँदा यो नली बन्द हुन सक्छ । यो नली बन्द भए डिम्ब तथा शुक्रकिटको मिलन हुन सक्दैन । कतिपय यौन रोग डिम्बवाहिनी नली बन्द हुनुको प्रमुख कारक हो । निसन्तान महिलाहरूमा हुने कारणहरूलाई केलाएर हेर्ने हो भने पाठेघरको मुखसँग सम्बन्धित खराबी गर्भधारण हुन नसक्नुको कारण हुन्छन् । कतिपय जटिल दीर्घरोग वा कडा शारीरिक रोगले पनि सन्तान जन्माउन सक्ने क्षमतामा नकारात्मक असर पार्छन् ।

### महिनावारी गडबडी र गर्भधारण

तपाईंलाई थाहै होला महिनावारी सामान्यतया: २८ देखि ३० दिनमा हुने भए पनि केही दिनको ढिलो चाँडोलाई पनि सामान्य नै मानिन्छ । कुनै-कुनै महिलामा महिनावारी प्रत्येक २१ दिनमा समेत हुनसक्छ भने कसैमा यो ३५ दिन वा त्यसभन्दा बढी हुनसक्छ । यस्ता कुरा नियमित रूपमै भैरहेको छ भने केही चिन्ता लिनुपर्दैन । योनीबाट रगत आउन सुरु भएको पहिलो दिनलाई दिन १ मानिन्छ र साधारणतया ३ देखि ५ दिनसम्म रगत बग्छ । बुझ्नुपर्ने कुरा के भने डिम्ब निस्किएको यस्तै १४ दिनपछि महिनावारी सुरु हुन्छ । महिनावारी ठीकसँग नहुनुले डिम्ब निष्कासन ठीकसँग नभएको कुरालाई संकेत गर्छ ।

### वीर्य परिक्षण किन ?

सन्तान जन्माउने क्षमता कुनै व्यक्तिमा छ- छैन भनेर पत्ता लगाउन विभिन्न किसिमको परीक्षण तथा जाँच पडताल गर्नुपर्ने हुन्छ । महिलामा जटिल परिक्षण सुरु गर्नुभन्दा पहिले पुरुषको वीर्यमा शुक्रकिटको परीक्षण गर्नुपर्छ ।

तपाईंलाई थाहै होला यही वीर्यमा शुक्रकिट (sperms) हुन्छन् । एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिली (५मिली भन्नाले १ चियाचम्चा जति) वीर्य निस्कन्छ । वीर्यमा हुने शुक्रकिटहरूको संख्या संधै एकनासको नहुनसक्छ । शुक्रकिटको संख्या ४ देखि १२ करोड प्रतिमिलीसम्म हुनुलाई सामान्य मानिन्छ । हामीले देख्ने वीर्यको सानो अंशमात्र शुक्रकिटले ओगटेको हुन्छ । शुक्रकीट निकै साना हुन्छन् । प्रयोगशालामा सूक्ष्मदर्शक यन्त्रको मद्दतले यसको परीक्षण गरिन्छ । सामान्यभन्दा कम मात्रामा शुक्रकीट हुनुलाई संख्या कम भएको भन्न सकिए पनि चिकित्सकिय दृष्टिकोणले oligo(zoo)spermia अर्थात शुक्रकीट कम भएको भन्न प्रतिमिली २ करोडभन्दा कम शुक्रकीट हुनुपर्छ । अहिले त २ करोडसम्मलाई सामान्य मान्न थालिएको पाइन्छ ।

यसरी वीर्य परीक्षण गर्दा त्यसमा पर्याप्त मात्रामा शुक्रकीट नै नभएको भेटिएको स्थितिमा गर्भ रहन सक्ने भएन । यस्तो अवस्थामा महिलामा जटिल परिक्षणहरू गरिरहने आवश्यकता पर्दैन अनि दम्पत्तीले सन्तानको रहर पुरा गर्न अन्य उपाय जस्तै कृत्रिम गर्भधारणका बारेमा विचार गर्न सकिन्छ ।

### सूचना

**तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।**

### समाधान के त ?


तपाईंले परीक्षण गराइसक्नु भयो भने पनि त्यसमा के-कसो देखिएको थियो भन्ने सन्दर्भमा खासै केही जानकारी दिनु भएको छैन । परीक्षण रगतको मात्र गराएर नपुग्ला, तपाईंको वीर्य अनि श्रीमतीको प्रजनन अङ्गको संरचना अनि तिनले ठीकसँग कार्य गरिरहेका छन्-छैनन् वा भनौं डिम्ब निष्कासन अनि निसेचन अनि डिम्बरोपण हुने वातावरण अनुकूल छ-छैन हेराउनु पर्ने हुन्छ ।

जे होस् अहिले नेपालका ठूला अस्पताल जस्तै स्त्रीरोग तथा प्रसूति अस्पताल अनि अञ्चल वा प्रादेशिक अस्पतालमा पनि सन्तानहीनताको उपचार हुन्छ । त्यसबाहेक कतिपय निजी अस्पतालमा समेत यस्ता सेवा उपलब्ध छन् । तपाईंले अस्पतालमा गै कुनै स्त्रीरोग विशेषज्ञवाट जँचाउन सक्नुहुन्छ । उहाँले तपाईंको समस्या पहिचान गरी समाधानको उपाय खोज्नुहुनेछ ।

अन्तमा, योनि सुख्खा हुँदा पनि योनि पोल्नसक्छ । चिलाउनुले तपाईंमा ढुसी (fungus) संक्रमण भएको संकेत गरेको छ । समस्या कायम रहे चिकित्सकलाई देखाउनु होला ।

## डा. सुमनको सल्लाह

# समलिंगी


डा. सुमनराज ताम्राकार

धेरैजसो मानिस किशोरावस्थामा प्रवेश गरेलगत्तै विपरित लिंगीप्रति आशक्त हुने कार्य विपरीत केही युवा आफूजस्तै समान लिंग भएका व्यक्तिप्रति आकर्षित हुन्छन् । आधुनिक समाजमा यस्तो फरक परिस्थितिलाई समलैंगिक भनिन्छ । पुरुष-पुरुषबीचको समलैंगिकतालाई 'गे' र महिला-महिलाबीचको यस्तो अवस्थालाई 'लेस्बियन' भनिन्छ ।

समग्रमा बाल्यावस्थाबाट किशोरवस्था प्रवेश गर्ने क्रममा कम्तीमा २५ प्रतिशत व्यक्तिले आंशिक वा पूर्ण मात्रामा समलैंगिक व्यवहार गरेको पाइए पनि एक अध्ययनअनुसार करिब ४ प्रतिशत पुरुष तथा २ प्रतिशत महिलामा किशोरावस्था पछि पनि समलैंगिकताको समस्या कायम रहन्छ । कतिपय समलिंगीले भने समलैंगिकतासँगै विपरितलिंगीसँग पनि सम्बन्ध सुचारु राखिरहेका हुन्छन् । कतिपयलाई भने आफ्नो यस्तो व्यवहार समलैंगिकता हो भन्ने पनि हेक्का हुँदैन । बन्द समाज, संकुचित व्यवहार तथा अपहेलनाको डरले कतिपय समलिंगीले आफ्नो वास्तविकता उजागर गर्दैनन् ।

कसैले चाहेर समलिंगी बन्ने भन्दा समलिंगीको समस्या वंशाणुगत परिवर्तनले हुने विश्वास गरिएको छ । परम्परागत सोच भएको समाजले यसलाई यौन विकृतिका रूपमा लिए पनि, समलिंगी हुनुको कारण दैविक पनि भएकाले अहिले यसलाई प्राकृतिक नै मानिएको छ । खासमा यो कुनै मनोरोग होइन बाल्यावस्थाबाट किशोरावस्था प्रवेश गर्ने बेलामा अन्य क्रियाकलाप झैं पृथक खालको यौन क्रियाकलाप अपनाउने चाहना हुन्छ । जुन आंशिक रूपमा पछिसम्म रहन्छ ।

समलिंगीहरूमा कतिपय यौन समस्याका साथै सामाजिक समस्या देखापर्न सक्छ । बाध्यता वा परिस्थितीवश पुरुष समलिंगीको विवाह कुनै महिलासँग भए कालान्तरमा यौन सम्बन्ध सुमधुर हुँदैन, जुन विस्तारै सार्वजनिक हुनसक्छ । देशमा समलैंगिक सम्बन्धलाई मान्यता पनि आवश्यक हुन्छ । त्यस्तो मान्यता भएको देशमा समलिंगी विवाहपश्चात् यौन सम्बन्ध राम्रो भए पनि निकै सामाजिक अड्चनहरू खेप्नुपर्ने हुनसक्छ । विवाहपछि पनि समलिंगीसँगै विपरित लिंगी सम्बन्ध कायम राख्नेहरूमा भने खासै समस्या देखिँदैन ।

समलिंगीहरूबीच अन्य असुरक्षित यौन सम्बन्ध कायम हुने सम्भावना पनि उत्तिकै हुन्छ । त्यसैले पनि यौन स्वास्थ्यका दृष्टिले समलिंगीहरूमा कतिपय स्वास्थ्य जोखिम हुन्छन् । एचआईभीको प्रादुर्भावताका यसको सम्पूर्ण दोष समलिंगीलाई नै दिइन्थ्यो, तर वास्तविकता भने फरक पाइयो । यद्यपि समलिंगीबीच गरिने गुदद्वार मैथुनमा बढी जोखिम हुन्छ । एचआईभी/एड्सलगायत अन्य यौन संक्रमण सर्ने सम्भावना समलिंगीबीच नै बढी हुन्छ ।

समलिंगी व्यवहार परिवर्तन गर्न तुलनात्मक रुपमा कठीन छ त्यसैले उनीहरू प्रति सकारात्मक सोच राख्नु आवश्यक छ । यस्तो भयो भने समलिंगीहरूले पनि आफ्नो वास्तविकता उजागर गर्ने अवसरप्राप्त गर्छन् । कतिपय आफू समलिंगी भएको घोषणा गर्न उत्साहित समेत हुन्छन् । उनीहरूले पनि एक-आपसमा सुरक्षित यौन व्यवहार गर्नुपर्छ । यसका लागि कण्डमको सही तथा नियमित उपयोग भरपर्दो हुन्छ । समलिंगीका आफन्त वा छिमेकीमा समलिंगीहरूप्रतिको डर तथा नकारात्मक भावनामा परिवर्तन ल्याउनुपर्छ । यसका साथै मनोचिकित्सकसँगको परामर्श समेत आवश्यक हुन्छ ।

# विश्वकप फुटबलको वर्ष

सन् २०१८ मा धेरै ठूला-ठूला खेल महोत्सव भए। त्यसमा सबैभन्दा अगाडि आउँछ, विश्वकप फुटबल। त्यसबाहेक यही वर्ष शीतकालीन ओलम्पिक्स, एसियाली खेलकुद तथा कमनवेल्थ गेम्सहरूसमेत सम्पन्न भए। यस अर्थमा ओलम्पिक्सको शैली बोकेका तीन ठूला प्रतियोगिताको साक्षी रह्यो, सन् २०१८।



## विश्वकप फुटबल, रुस

विश्व खेलकुदले सन् २०१८ लाई विश्वकप फुटबलका लागि सम्झिनेछ। विश्वको सबैभन्दा लोकप्रिय खेल हो, फुटबल। त्यसको पनि सबैभन्दा ठूलो प्रतियोगिता विश्वकप। यसपटकको विश्वकप रूसले आयोजना गरेको थियो। रूसले पहिलो पटक विश्वकपको आयोजना गरेको हो। विश्वकप सुरु हुनुअघि धेरैको अनुमान थियो, यो विभिन्न कारणले सफल हुने छैन, तर रूसले यसको सफल आयोजना मात्र गरेन, विश्वकप इतिहासमै उत्कृष्ट रह्यो। विश्व जनसंख्याको आधाले यो विश्वकपलाई कुनै न कुनै रूपमा हेरेको मानिन्छ। यसले पनि यो प्रतियोगिता कति लोकप्रिय छ भनेर अनुमान गर्न सकिन्छ। विश्वकपको २१ औं संस्करण जुलाई १४ देखि जुन १५ सम्म सञ्चालन भएको थियो र अन्त्यमा विजेता टिम भयो, फ्रान्स। फाइनलमा फ्रान्सले क्रोएसियालाई ४-२ ले हराएर फेरि एकपटक उपाधि चुम्यो। जनसंख्या र क्षेत्रफल दुवैका आधारमा निकै सानो देश क्रोएसियाका लागि फाइनल यात्रा पनि आफैमा अद्वितीय रह्यो। फ्रान्सले दोस्रो पटक विश्वकप जितेको थियो र समग्रमा युरोपले लगातार चौथो पटक। त्यस आधारमा विश्व फुटबलमा युरोपको वर्चस्व बढ्दै गएको प्रमाणित भएको छ। सेमिफाइनल पुगेका अरू दुई देश बेल्जियम र इंग्ल्यान्ड पनि युरोपेली देश भएका आधारमा यो तथ्य मान्न बाध्य हुनुपर्छ। कुल ३२ देशको सहभागिता रहेको प्रतियोगितामा उत्कृष्ट खेलाडी रहे, क्रोएसियाका लुका मोडरिच।

## एसियाली खेलकुद

प्रत्येक विश्वकप फुटबलकै सेरोफेरोमा एसियाली खेलकुद पनि सम्पन्न हुन्छ। १८ औं संस्करणको एसियाली खेलकुदको आयोजक थिए, इन्डोनेसियाका दुई सहर जाकार्ता र पालेबाङ। एसियाली खेलकुद दुई फरक सहरले आयोजना गरेको यो पहिलो अवसर हो। अगस्टको १८ देखि सेप्टेम्बर २ सम्म आयोजित प्रतियोगिता एसियाली खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिता हो र स्वभाविक रूपमा यसमा एसियाली देशहरूको ठूलो रूचि थियो। कुल ४५ देशको सहभागिता रहेको प्रतियोगितामा ११ हजार ७ सय २० खेलाडीको सहभागिता रह्यो। खेलाडीको सहभागिता संख्याले पनि यो कति ठूलो खेल महोत्सव हो देखाउँछ। त्यसमाथि यसमा समावेश गरिएका खेलको संख्या पनि ४० थियो। प्रतियोगितामा लगातार दसौं पटक सर्वाधिक पदक जित्ने टिम रह्यो– चीन। उसले १ सय ३२ स्वर्णसहित २ सय ८९ पदक जितेको थियो। त्यसपछि जापान र दक्षिण कोरिया रहे। पदक तालिकामा इन्डोनेसिया चौथो स्थानमा आयो, जुन आफैमा ठूलो उपलब्धि थियो। नेपाल पनि प्रतियोगितामा प्याराग्लाइडिङमार्फत एउटा रजत पदक जित्न सफल भयो। भारतलाई छाडेर अरू दक्षिण एसियाली देशको प्रदर्शन निकै कमजोर रह्यो। भारतले १५ स्वर्णसहित आठौं स्थान सुरक्षित गर्‍यो।

## शीतकालिन ओलम्पिक्स,

सन् २०१८ ओलम्पिक्सको पनि वर्ष रह्यो, तर फरक के भन्दा यो वर्ष भएको ओलम्पिक्स शीतकालीन थियो। विश्व खेलकुदमा गृष्मकालीन ओलम्पिक्सको जति चर्चा हुन्छ,, त्यति शीतकालीन ओलम्पिक्सको हुँदैन, तर धेरै देश यस्ता पनि छन्, जहाँ शीतकालीन ओलम्पिक्स निकै लोकप्रिय छ। यही शीतकालीन ओलम्पिक्सको २३ औं संस्करण दक्षिण कोरियाली सहर, प्योङचाङले आयोजना गर्‍यो। शीतकालीन खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिताको सञ्चालन फेब्रवरी ९ देखि २५ सम्म भयो। दक्षिण कोरियाले शीतकालीन ओलम्पिक्सको आयोजना गरेको यो पहिलो अवसर थियो। यसअघि उसले सन् १९८८ मा गृष्मकालीन ओलम्पिक्सको आतिथ्य गरेको थियो। प्रतियोगितामा कुल ९२ देश सहभागी रहे र तिनका २ हजार ९ सय २२ खेलाडीले आफ्नो चुनौती पेस गरे। जति सुकै चिसो सम्बन्धका बावजुद पनि उत्तर कोरियाले प्रतियोगितामा भाग लियो। त्यति मात्र होइन, दक्षिण र उत्तर कोरियाले महिला आइस हक्कीमा एउटै टिम मैदानमा उतारेका थिए। डोपिङ विवादका कारण रूसले देशका रूपमा सहभागिता जनाउन पाएन। नर्वे कुल २९ पदकसहित सर्वाधिक सफल टिम सावित भयो भने त्यसपछि जर्मनी र क्यानाडा रहे। आयोजक दक्षिण कोरिया सातवटा पदक जित्न सफल भयो।

## कमनवेल्थ गेम्स

विश्व खेलकुदमा कमनवेल्थ गेम्सलाई पनि निकै ठूलो खेल महोत्सवका रूपमा लिइन्छ। बेलायतले कुनै न कुनै समय शासन गरेका देशहरूले यो प्रतियोगितामा सहभागिता जनाउँछन्। त्यस अर्थमा यसमा सहभागी हुने देश निश्चित छन्। बेलायती उपनिवेश बेहोरेका देशले मात्र भाग लिने हुनाले यसको राजनीतिक रूपमा विरोध गर्नेहरू पनि उत्तिकै छन्। यद्यपि खेलकुदमा भने यसको छुट्टै महत्त्व छ र उत्तिकै लामो इतिहास पनि। कमनवेल्थ गेम्सको २१ औं संस्करण अस्ट्रेलियाली सहर गोल्डकोस्टले आयोजना गर्‍यो। बाहिरि विश्वका लागि खासै चर्चामा नआउने गोल्डकोस्टले आफ्नो फरक पहिचान बनाउन नै यो प्रतियोगिताको आयोजना गरेको थियो। यसपटकको प्रतियोगितामा ७१ देशका ४ हजार ४ सय २६ खेलाडी सहभागी भए। ती खेलाडीले कुल १९ खेलमा सहभागिता जनाएका थिए। अप्रिलको ४ देखि १५ सम्म सञ्चालित प्रतियोगितामा सबैभन्दा बढी पदक जित्न सफल टिम आयोजक अस्ट्रेलिया नै रह्यो। उसले कुल १ सय ९८ पदक जितेको थियो, जसमा ८० स्वर्ण रहे। पदक तालिकामा बेलायत दोस्रो तथा भारत तेस्रो स्थानमा आए।

# सन् २०१८ का खेल विवाद

खेल र विवाद सम्भवतः कहिल्यै अलग हुन सक्दैनन्। यी दुवै जहिले पनि समानान्तर रूपमा अघि बढिरहेका हुन्छन्। विवादले नै खेलकुदलाई रोमाञ्चकसमेत तुल्याउँछ, भलै खेलकुदमा विवादको कुनै स्थान छैन भनियोस्। सन् २०१८ विश्वकप फुटबलको वर्ष रह्यो र यो वर्षका प्रमुख खेल विवाद यही प्रतियोगितासँग जोडिए। यसपटकको विश्वकप रूसले आयोजना गरेको थियो। यसक्रममा रूसले मानवअधिकारका धेरै तथ्यलाई वेवास्ता गरेको थियो। विशेषतः यौन स्वतन्त्रताको कुरामा रूस निकै पुरातन मानिन्छ। मानिसका हक अधिकारलाई लिएर पनि रूस परम्परागत सोचमै सीमित छ। पश्चिमेली मिडिया तथा मानवअधिकारवादी संस्थाहरूले यसलाई सन् २०१८ को विश्व खेलकुदमा सबैभन्दा बिर्सनलायक घटनामा रूपमा लिएका छन् र यसलाई विवादास्पद घटना मानेका छन्।

यी त मैदान बाहिरका घटना भए, मैदानभित्रको विवाद पनि उत्तिकै रहे, विश्वकपका क्रममा। मैदान भित्रको सबैभन्दा ठूलो विवाद रह्यो, स्विटजरल्यान्ड र सर्बियाविरुद्धको खेल। त्यसमा स्विस टिम २-१ ले विजयी भयो। जितका क्रममा दुई स्विस खेलाडी जारदन सकिरी र ग्रायन्ट साकाले अल्बानियाको झन्डाको प्रतीक देखाउँदै खुसीयाली मनाए। उनीहरू दुवै अल्बानियाली मूलका हुन् र सर्बियाले गृहयुद्धका क्रममा अल्बानियालीहरूमाथि चर्को दमन गरेको मानिन्छ।

यो खुसीयाली तिनीसँग सम्बन्धित देशबीच कूटनीतिक कटुताको कारणसमेत बन्यो। यस्तै क्रोएसियाले पनि रूसमाथि जित हातपरेपछि केही खेलाडीले चरम राष्ट्रवादी प्रतीक देखाएर खुसीयाली मनाए र रूस विरोधी नारा लगाए। यसले पनि तनावको वातावरण तयार गर्‍यो। यसपटकको विश्वकप नियमकै कारणले पनि विवादमा रह्यो। लिग चरणमा जापान र सेनेगल समूह एच मा थिए। लिग चरणको समाप्तीमा दुवै टिम समान स्थितिमा थिए, अंकदेखि गोल गरेको र खाएको दुवैमा।


यस्तोमा नकआउट चरण पुग्ने टिमको निर्णय भयो, कम-बढी कार्ड पाएका आधारमा। यो नियमले सेनेगलमाथि अन्याय भएको धेरैले माने र यसले विवादकै रूप लियो। यी विवाद सम्भवतः प्रतियोगिताको समाप्तिसँगै केही हदसम्म सेलाए पनि। युरोपेली च्याम्पियन्स लिगको फाइनलमा रियल म्याड्रिडका सर्जियो रामोसले लिभरपुलका मोहम्मद सलाहविरुद्ध गरेको फल पनि उत्तिकै विवादास्पद रह्यो। स्पेनी खेलाडी रामोसलाई बदनाम डिफेन्डर मानिन्छ। उनी रातो कार्डका नियमित ग्राहक हुन्। उनी डरलाग्दो फल हान्न माहिर छन्। रामोसले फाइनलका क्रममा इजिप्टका स्टार खेलाडी सलाहविरुद्ध त्यस्तै फल खेले। त्यसक्रममा सलाहलाई गम्भीर चोट लाग्यो र उनले विश्वकप फुटबलमा इजिप्टका लागि आफूले सक्ने जति पनि खेल्न सकेनन्।

विश्व खेलकुदको सबैभन्दा ठूलो विवाद भने क्रिकेटमा देखियो र यसले लामो समयसम्म पूरा क्रिकेटलाई नै प्रभाव पार्ने निश्चित छ र त्यो हो, बल टेम्परिङ विवाद। यो विवादले पूरा खेललाई नै नकारात्मक प्रभाव पारेको थियो। विवाद अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीचको टेस्ट सिरिजमा भएको थियो। त्यस क्रममा अस्ट्रेलियाली खेलाडी क्यामरुन बेनक्राफ्ट बलको स्वरूप बिगारिरहेको स्थितिमा समातिए। यो प्रकरणमा कप्तान स्टिभ स्मिथ तथा उनका सहायक डेभिड वार्नर पनि जोडिए। उनीहरूविरुद्ध जरिवाना मात्र गरिएन, लामै प्रतिबन्धसमेत लगाइयो। भन्न त क्रिकेटलाई भलाद्मीको खेल भनिन्छ, तर यो खेलका खेलाडी विरलै भलाद्मी रहन सकिरहेका छैनन्। स्मिथलाई आधुनिक क्रिकेटले देखेको उत्कृष्ट खेलाडी मानिन्छ, तर यही विवादले उनको पूरा खेल जीवन अन्यौलपूर्ण बनायो।

सन् २०१८ मा इन्डोनेसियाले एसियाली खेलकुद आयोजित गरेको थियो जुन विवादबाट टाढा रहेन। आयोजक सहरमध्ये एक जाकार्तामा प्रतियोगिता सुरु हुनुअघि अपराधीहरूलाई चुप लगाउन सुनियोजित रूपमै धेरै इकाउन्टर गरिए र त्यस क्रममा थुप्रैको मृत्युसमेत भयो। यो प्रतियोगितालाई त्यहाँको सरकारले आफ्नो लोकप्रियताका लागि प्रयोग गरेको आरोप पनि लाग्यो।

सन् २०१८ को एउटा ठूलो विवादको विषय रूस पनि रह्यो र यससँग जोडिएको घटना सन् २०१८ को होइन, तर रूसलाई लिएर विवाद लगातार यो वर्षपनि कायम रह्यो। डोपिङसँग सम्बन्धित यो विवाद चाँडै सेलाउने संकेत पनि छैन।


# सर्वाधिक कमाउने पुरुष खेलाडी











### फ्लोयड मेवेडर

विश्व खेलकुदमा सबैभन्दा बढी धन आर्जन हुने खेलमा पर्छ– बक्सिङ। यसकै उदाहरण हुन्, अमेरिकी बक्सर फ्लोयड मेवेडर। हेभिवेट बक्सर नभए पनि उनी उत्तिकै नाम र दाम कमाउने खेलाडी हुन्। फोर्ब्सका अनुसार उनले सन् २०१८ मा २७ करोड ५० लाख डलर भन्दा बढी कमाए। त्यसमा व्यापारिक प्रायोजनबाट प्राप्त १० करोड डलर जोडिएको छैन। मेवेडर लगातार सर्वाधिक कमाउने खेलाडीको सूचीको शीर्ष स्थानमा छन्।

### लियोनल मेसी

विश्व फुटबलले हेर्न पाएका सबैभन्दा राम्रा खेलाडीमा पर्छन्, अर्जेन्टिनाका लियोनल मेसीले। उनले यो वर्ष पारिश्रमिकका रूपमा ८ करोड ४० लाख डलर बुझे। त्यस्तै उनले २ करोड ७० लाख डलर अनुबन्धबाट प्राप्त गरे। बार्सिलोनाका खेलाडीको रूपमा उनका लोकप्रियता बढी छ र उनी सर्वाधिक कमाउने खेलाडीको सूचीको दोस्रो स्थानमा छन्।

### क्रिस्टियानो रोनाल्डो

आधुनिक फुटबलमा लियोनल मेसीसँगै जोडिएर आउने नाम हो, क्रिस्टियानो रोनाल्डो। सन् २०१८ मा सर्वाधिक कमाउने खेलाडीको दोस्रो स्थानमा छन्, यी पोर्चुगाली खेलाडी। वर्षको आधा समय रियल म्याड्रिडका लागि खेलेका रोनाल्डो अहिले इटालीको युभेन्ट्ससँग आबद्ध छन्। उनले यो वर्ष ६ करोड १० लाख डलर पारिश्रमिक प्राप्त गरे भने अनुबन्धबाट ४ करोड ७० लाख डलर।

### कोनर म्याकग्रेगर

हाम्रा लागि कोनर म्याकग्रेगर धेरै सुनिने नाम होइन, तर उनी सन् २०१८ मा सर्वाधिक कमाउने खेलाडीको सूचीको चौथो स्थानमा छन्। आयरल्यान्डका म्याकग्रेगर खासमा मिक्ड मार्सल आर्टसका खेलाडी हुन्। उनी सहभागी हुने भिडन्त निकै बीभत्स हुन्छन्। उनका यस्तै खेलका प्रशंसक पनि उत्तिकै छन्। कोनरले यो वर्ष खेलेरै ८ करोड ५० लाख डलर कमाए। उनले व्यापारिक प्रायोजनबाट थप १ करोड ४० लाख डलर प्राप्त गरे।

### नेयमार

सर्वाधिक कमाउने खेलाडीको सूचीको पाँचौं स्थानमा छन्– नेयमार। ब्राजिलीयन फुटबल खेलाडी नेयमार आजभोलि फ्रान्सेली लिग वान टिम पेरिस सेन्ट जर्मन (पीएसजी) बाट खेल्छन्। उनले सन् २०१८ मा पारिश्रमिकबाट ७ करोड ३० लाख डलर प्राप्त गरे भने व्यापारिक अनुबन्धबाट १ करोड ७० लाख डलर।

# सर्वाधिक कमाउने महिला खेलाडी



### सेरेना विलियम्स

विश्व टेनिसको इतिहासकै सर्वाधिक सफल खेलाडी हुन्– सेरेना विलियम्स। अमेरिकाकी यी महिला टेनिस खेलाडीले एक दशक भन्दा बढी समययता महिला स्पर्धामा एक छत्र राज गरिरहेकी छिन्। उनी लामो समय नम्बर १ खेलाडी पनि रहिन्। त्यसैको कारण हो, उनी सन् २०१८ मा पनि सर्वाधिक कमाउने खेलाडी भएकी छिन्। सेरेनाको कुल आम्दानी १ करोड ८० लाख डलर रह्यो। उनले यही वर्षदेखि आफ्नै नाममा फेसन कलेक्सन पनि बजारमा उतारेकी छिन्।

### क्यारोलिन वाज्निस्की

महिला खेलाडीका लागि सर्वाधिक कमाउने खेल हो, टेनिस। क्यारोलिन वाज्निस्की पनि टेनिसकै खेलाडी हुन् र उनी सन् २०१८ मा सर्वाधिक कमाउने महिला खेलाडीको सूचीको दोस्रो स्थानमा छिन्। उनको आम्दानी १ करोड ३० लाख डलर रह्यो। क्यारोलिन कोर्टमा खासै सफल खेलाडी होइनन, त्यसैले उनले धेरै उपाधि पनि जितेकी छैनन्, तर पनि उनी लोकप्रिय छिन्। यी डेनिस खेलाडीको आम्दानीको ठूलो अंश व्यापारिक प्रायोजनबाट प्राप्त हुन्छ।

### सलोनी स्टेफेन्स

सलोनी स्टेफेन्स पनि अमेरिकी टेनिस खेलाडी नै हुन्। सेरेना विलियम्सको सफलताबाट प्रेरणा लिएर कोर्टमा ओर्लिएकी सलोनीले यूएस ओपन जितेयता ख्याती कमाउन थालिन् र त्यसकै परिणामस्वरूप उनी सन् २०१८ मा सर्वाधिक कमाउने महिला खेलाडीको सूचीको तेस्रो स्थानमा छिन्। सलोनीले यो वर्ष १ करोड १२ लाख डलर कमाएकी छिन्।





### ग्याब्रिन मुगुरुजा

भेनेजुली मूलकी स्पेनिस खेलाडी हुन्– ग्याब्रिन मगुरुजा। सर्वाधिक कमाउने महिला खेलाडीको सूचीको शीर्ष पाँचमा पूर्णतः टेनिसकै वर्चश्व छ र यसक्रममा उनी चौथो स्थानमा छिन्। विश्व टेनिसमा उनको चर्चा विम्बल्डन जितेयता सुरु भएको हो। सन् २०१८ मा उनले १ करोड १० लाख डलर कमाइन् जसमध्ये आधा रकम व्यापारिक प्रायोजनबाट प्राप्त भएको हो।

### मारिया सारापोभा

रूसी टेनिस सुन्दरी हुन्– मारिया सारापोभा। सन् २०१८ मा उनी कोर्टमा खासै सक्रिय रहिनन्, तर पनि उनको आम्दानी १ करोड ५ लाख डलरको हाराहारीमा रह्यो र त्यसको प्रमुख कारण थियो, उनको सुन्दरता र लोकप्रियता। प्रतिबन्धित शक्तिवर्द्धक औषधी प्रयोग प्रकरणमा फसेपछि लामो समय प्रतिबन्ध झेलेकी सारापोभाको आम्दानीको ठूलो हिस्सा विज्ञापन तथा व्यापारिक प्रायोजनबाट प्राप्त हुन्छ।

समय सन्दर्भ

# सन् २०१८ का भाइरल



अधिकारी रवीन्द्र, बनेपा

इन्टरनेटको संसारमा भाइरल भन्ने शब्द खुबै चलेको छ । यो शब्दले त्यस्तो फोटो, भिडियो, पेज, लेख, समाचार वा लिङ्कलाई जनाउँछ जुन इमेल वा सोसल मिडिया पोर्टलबाट रातारात धेरै भन्दा धेरैले हेर्छन्, सुन्छन्, पढ्छन्, सेयर वा क्लिक गर्छन् । जसरी 'भाइरल फिभर' एक मानिसबाट अर्को मानिसमा शीघ्र सर्दै जान्छ, त्यसैगरी कुनै फोटो वा भिडियो सोसल साइटका एउटा प्रयोगकर्ताबाट अर्कोमा चाँडै सर्दै जाने भएकाले प्रतीकात्मक रूपले यसलाई भाइरल भनिएको हो ।

सन् २०१८ मा पनि त्यस्ता धेरै विषय, घटना एवं व्यक्तित्वहरू भाइरल भएका छन् । तीमध्ये नाम छुटाउन नहुने व्यक्ति हुन्– अशोक दर्जी, जो लगभग मार्च महिनादेखि भाइरल फेमको खुड्किला चढ्न थाले र आजसम्म रोकिएका छैनन् । संगीतकार टङ्क बुढाथोकीको मनबिनाको धन गीत गाएर थप चर्चामा आएका दर्जी लामो समयसम्म युट्युब सेन्सेसन बनिरहे । यी नौ वर्षीय बालकलाई क्यामेराको फ्रेममा कैद गरेर आफ्नो च्यानलको भ्युज बढाउने होडबाजी वर्षभरि नै चलिरह्यो ।

१२ मार्चमा युएस-बङ्ला एयरलाइन्स्को फ्लाइट-२११ ढाकास्थित शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलबाट काठमाडौंमा अवतरण गर्ने क्रममा दुर्घटनाग्रस्त भएको थियो । चिकित्सक टोलिका डा. बालकृष्ण थापाले पनि उक्त दुर्घटनाबाट ज्यान गुमाउनुपर्‍यो । उक्त प्लेन क्र्यास मार्चमा भाइरल समाचार बन्यो ।

अप्रिलमा पानामाका एल चोम्बोले गाएको दामेतुकोसिता गीतमा एलिएन भ्यागुतासँग नाच्नेहरूको लर्कै लागेको थियो । अप्रिलको दोस्रो साता दीपक बज्राचार्यले आफ्नो युट्युब च्यनलमा अपलोड गरेको मन मगन गीतले पनि निकै ख्याति कमायो । १ करोडभन्दा बढीले हेरेको यो गीत नेवारी तथा हिन्दी भाषामा समेत सार्वजनिक भएको छ भने अन्य अन्तर्राष्ट्रिय भाषामा आउने तयारीमा छ । गीतकै कुरा गर्दा सेप्टेम्बरको पहिलो साता म्युजिक नेपालले सार्वजनिक गरेको नेपाली व्याकरण शिर्षकको गीत पनि प्रशस्त रुचाइयो । शारदा पराजुलीले गाएको यो गीतका रचनाकार शंखमूलस्थित एआईए स्कुलका नेपाली शिक्षक बिमल घिमिरे हुन् । यो गीतले नेपाली व्याकरणका नियमहरू सरल तरिकाले सिकाउँछ ।

जुलाईमा श्रम तथा रोजगार मन्त्री गोकर्ण विष्टले अन्तरर्राष्ट्रिय श्रम सम्मेलन जेनेभामा दिएको हास्यास्पद अंग्रेजी भाषणले सोसल मिडियामा निकै आलोचना खेप्यो । अर्थोपेडिक सर्जन डा. गोविन्द केसी जुम्ला जिल्ला प्रहरी कार्यालयमा बसेको आमरण अनसन र देशभरि उक्त समाचारले सिर्जना गरेको तरङ्ग पनि जुलाईको पहिलो साता चर्चित रह्यो । २६ जुलाईमा बलात्कारपछि हत्या गरिएकी १३ वर्षीया निर्मला पन्त र उनका बाबु-आमा एबम् जनताले न्याय पाउन गरेको अटुट संघर्ष अद्योपान्त देशको प्रमुख समाचार बनिरहेको छ । देशका प्रधानमन्त्री केपी शर्मा ओली झन भाइरल नहुने कुरै भएन । बेलाबखत टुक्का र अरिङ्गाल, बुद्धिजीवी वा नयाँ युगको सुरुवातजस्ता अनेकन् शब्दावलीले ओलीलाई समाचारमा राखिरह्यो । केपी ओलीले सन्दीप लामिछानेको क्रिकेट कौशलको प्रशंसा गर्दै व्यक्त गरेको 'नेपालीले पायो भने गर्छ' भन्ने वाक्यांश पनि उत्तिकै गुञ्जियो । त्यसैगरी रवि लामिछने पनि प्रशंसित भए । लामिछानेले नै फेब्रुअरी महिनाभरि भाइरल भएको टीकाथलीको भूतकाण्डको पर्दाफास गरेका थिए ।

दसैं आउनु ठीक अघि अक्टोबरको पहिलो सातातिर आशिका तामाङ खसी काण्डका कारण लाइमलाइटमा आइन् । उनी एक भिडियोमा मासु खानुपर्छ तर अरूको हत्या गरेर होइन, हत्या गर्नु परे घरबारविहीन खसीको हत्या गर्नु भन्दै रोएकी थिइन् । अचम्मको अभिव्यक्तिपूर्ण उक्त भिडियो खुबै चम्कियो । अक्टोबरको अन्तिम साता बखत विष्ट र प्रतिभा चौधरीको जोडीले युट्युबमा राम्रै अड्डा जमायो । बखतको छोटो कदलाई विशेष मसला बनाएर हरेक च्यानलले उक्त जोडीलाई चर्चाको सगरमाथा चढाए । यो जोडीले म्युजिक भिडियो हुँदै हास्यश्रृंखला मेरी बास्सैमा समेत अभिनय गर्न भ्यायो । नोभेम्बर र डिसेम्बर महिनामा मिस वर्ल्ड नेपाल श्रृंखला खतिवडा पनि सोसल मिडियामा चर्चित रहिन् । अबिन भोछिभोयाले बनाएको उनको परिचयात्मक भिडियो पनि खुब लोकप्रिय भयो ।

यसपटक नेपाल आइडलले विचित्रका तीन भाइरल व्यक्तित्व जन्मायो- झक्कड थापा, नरेश पातली र काउली बूढी । यी तीनै अनौठा पात्रले पछि भद्रगोल टेलिसिरियलमा अभिनय गर्ने अवसर पाए । नेपाल आइडलबाट बाहिरिएका विश्व आनन्द पोखरेलको आर्थिक स्थितिलाई उछाल्दै तयार पारिएका भिडियोहरू नोभेम्बर महिनामा भाइरल भए । पुष्पन प्रधानदेखि आइडलका अन्तिम चार रवि ओड, विक्रम, अमित र अस्मिता पनि सामाजिक सञ्जालहरूतिर प्रख्यात भए ।

त्यसैगरी राजनीतिक वृत्तमा नेपाल टेलिभिजनकर्मी राजु थापासँगको अन्तर्वाताको सन्दर्भमा सञ्चारमन्त्री गोकुल बासकोटा, काठमाडौंबाट चुनाव लड्ने विषयमा वामदेव गौतम, निजगढ विमानस्थल विवाद तथा वाइडबडी खरिदका सम्बन्धमा पर्यटन मन्त्री रवीन्द्र अधिकारी पनि बेलाबखत समाचारका हेडलाइन बने । डिसेम्बरमै नेपाली कांग्रेसको महासमिति बैठकमा पार्टी सभापति शेरबहादुर देउवाले डा. प्रकाश शरण महतलाई गरेको सम्बोधन खिसिट्युरीको बिषय बन्न पुग्यो ।

ravinems@iom .edu .np

# अमेरिकामा ग्लाम क्यालेन्डर-२०१९




अमेरिकाको मेरिल्यान्ड राज्यको जर्मन टाउन सहरमा फोटोग्राफर राजीव श्रेष्ठको ग्लाम क्यालेन्डर-२०१९ को लोकार्पण सम्पन्न भएको छ । श्रेष्ठद्वारा खिचिएका मिस नेपाल युएसमा सहभागी प्रतियोगीहरूलगायत अमेरिकाको न्युयोर्क, टेक्सस तथा डिसी महानगर क्षेत्रमा रहेका मोडलका तस्बिरहरू उक्त ग्लाम क्यालेन्डरमा समावेश छन् । फोटोग्राफर श्रेष्ठले उक्त भित्ते पात्रोमा रहेका महिलाहरूको परिचयसमेत दिएका थिए । उनले क्यालेन्डरमा मिस नेपाल युएस-२०१८ का नौ जनाको तस्बिर तथा तीनवटा तस्बिर डीसी क्षेत्रकि नमुना महिला रिमा केसीको राखिएको बताए ।

# लाखे नाच प्रतियोगिता

प्रदेश नम्बर १ स्तरीय लाखे नाच प्रतियोगितामा नेवा देय दवु चैनपुर प्रथम भएको छ । उक्त प्रतियोगितामा नेवा देय दवु म्याङलुङ दोस्रो तथा दिक्तेल सामाजिक गुठी तेस्रो घोषित भए । सान्त्वना पुरस्कार प्राप्त गर्नेमा नेवा झिगु पुच, गाईघाट तथा पासा खल, धरान रहे । जिल्ला होटल व्यवसायी संघ उदयपुर तथा झिगु नेवाः पुचको संयुक्त आयोजनामा पुस १ गते प्रारम्भ भएको परिकार महोत्सवका अवसरमा उक्त प्रतियोगिता सञ्चालन गरिएको हो । प्रतियोगितामा प्रदेश नम्बर १ का १५ वटा समूहले प्रतिष्पर्धा गरेका थिए ।

ऋषि राई





**चिसो सिरेटो, हुस्सु र सिमसिमे पानी साथमा मौलिकता, अपनत्व एवं सांस्कृतिक प्रेम । प्रतिकूल मौसमका बाबजुद आइतबार हङकङमा बसोबास गर्ने किराँत–राईहरूले साकेला उधौली पर्व धूमधामका साथ मनाएका छन् । हङकङकै अग्लो स्थान ताईमोसानको डाँडामा मौलिक वेशभूषामा सजिएका किराँत राईहरूले बजाएको ढोल र झ्याम्टाले, हङकङमा पनि नेपाली सांस्कृतिक विविधता तथा मौलिकताको परिचय दिइरहेको थियो । यो कार्यक्रम किराँत–राई यायोक्खा, हङकङले आयोजना गरेको हो ।**

अनोज रोक्का, तस्बिर : मज्जाको राई

KANTIPUR INTERNATIONAL COLLEGE



Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture

International Membership

KIC Kantipur International College

COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904

COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोट: जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**